सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

१६ फागुन २०७९, मंगलबार (28 Feb 2023, Tuesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १६ ■ अंक ३१० ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

## अस्पतालमै छैनन् स्तनपान कक्ष र शिशु स्याहार केन्द्र

### सुरक्षित तथा पूर्ण स्तनपानका लागि आमाहरूलाई प्रोत्साहन गर्ने स्वास्थ्यकर्मी तथा नर्सहरूकै लागि छैनन् अस्पतालहरूमा स्तनपान कक्ष र शिशु स्याहार केन्द्र, झन्डै साढे आठ हजार महिला कर्मचारी रहेको नेपाल प्रहरीमा एउटा मात्रै शिशु स्याहार केन्द्र



स्केच : विश्व थापा

**मञ्जु टेलर**/नयाँ पत्रिका

सुरक्षित तथा पूर्ण स्तनपानका लागि आमआमालाई प्रोत्साहन गर्ने स्वास्थ्यकर्मी तथा नर्सले नै अस्पतालमा स्तनपान कक्ष र शिशु स्याहार केन्द्र पाएका छैनन् । सबै सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाका कार्यालयदेखि विद्यालय, बसपार्क, विमानस्थलजस्ता सार्वजनिक ठाउँमा स्तनपान कक्ष अनिवार्य राख्नुपर्ने व्यवस्था भए पनि ठूला सरकारी अस्पतालमै यसको अभावमा स्वास्थ्यकर्मी तथा नर्सहरू पूर्ण स्तानपान गराउनबाट वञ्चित भएका छन् ।

संघीय राजधानी काठमाडौंकै ठूला अस्पताल वीर, ट्रमा सेन्टर, टिचिङ, कान्ति बाल, शुक्रराज ट्रपिकल, थापाथली प्रसूतिगृहलगायतमै कार्यरत कर्मचारीका लागि स्तनपान कक्ष र शिशु स्याहार केन्द्र छैनन् । ट्रमा सेन्टरमा कार्यरत चिकित्सक, नर्स र अन्य स्वास्थ्यकर्मीमा आधाजसो महिला छन् । महिला कर्मचारीमध्ये २५ प्रतिशतभन्दा बढीले बच्चा हुर्काइरहेको, तर शिशु स्याहार केन्द्र नहुँदा समस्या भएको ट्रमाकी नर्सिङ प्रमुख सोचना सापकोटाले बताइन् । 'स्तनपान कक्षसहितको शिशु

**पाँच वर्षमा पूर्ण स्तनपान गराउने आमा १०% ले घटे**

» पृष्ठ ११ मा क्रमशः

### दुवै बच्चालाई पूर्ण स्तनपान गराउन पाइनँ

● **सोचना सापकोटा**, नर्सिङ प्रमुख, ट्रमा सेन्टर



स्तनपान कक्षसहितको शिशु स्याहार केन्द्र सम्बन्धित प्रशासनले प्रत्येक कार्यालयमा स्थापना गर्नुपर्ने हो । तर, अहिले कुनै पनि अस्पतालहरूमा शिशु स्याहार केन्द्रहरू राखिएका छैनन् । आधाभन्दा बढी महिला, त्यसमा पनि रिप्रोडक्टिभ उमेरका महिला काम गर्ने संस्थाहरूमा यस विषयमा सम्बन्धित निकायले अझैसम्म चासो नदिनु दुर्भाग्यपूर्ण छ । त्यसको मार म आफैंले पनि खेपेकी छु । अस्पतालमा स्याहार केन्द्र नहुँदा र सुत्केरी बिदा पनि धेरै नपाउँदा तीन महिनामै बच्चा छाडेर काममा फर्किएँ । त्यतिवेला म करारमा कार्यरत थिएँ । स्तनपान गराउन नपाएपछि तीन महिनादेखि नै पाउडर दूध खुवाउन थालेँ । कार्यालयमा शिशु स्याहार सेवा उपलब्ध नहुँदा दुवै बच्चालाई पूर्ण स्तनपान गराउन पाइनँ ।

### स्याहार केन्द्र नहुँदा नर्स र कर्मचारीले अस्पतालमा ल्याउँदैनन् शिशु

● **रोशनी तुइतुई**, नर्सिङ प्रमुख, कान्ति बाल अस्पताल



शिशु स्याहार केन्द्र नहुँदा बच्चा बोकेर अस्पताल आउने नर्स-कर्मचारी खासै छैनन् । कर्मचारीका बच्चा बिरामी भएर उपचारका लागि ल्याउँदा भने आमाहरूले अन्य बिरामीसँगै राखेर स्तनपान गराउँछन् । अब भने कर्मचारीहरूका लागि छुट्टै कक्ष बनाउने योजनामा छौं ।

### प्रशासनलाई पटकपटक भन्यौं, सुनुवाइ नै हुँदैन

● **मञ्जुकुमारी यादव**, नर्सिङ प्रमुख, कोसी अस्पताल, विराटनगर

स्तनपान कक्ष नहुँदा आमा नर्सहरूले सास्ती भोग्नुपरेको छ । अस्पतालमा बच्चा ल्याउन समस्या छ । बच्चा ल्याए पनि सुरक्षित स्तनपान गराउने ठाउँ छैन । अस्पताल प्रशासनलाई पटक-पटक आग्रह गरे पनि सुनुवाइ भएको छैन ।

### ■ प्रहरीको उपत्यका ट्राफिक प्रहरी कार्यालयमा मात्रै शिशु स्याहार केन्द्र

बग्गीखानाआसपास खटिने आमा प्रहरीले स्याहार केन्द्रमा राख्छन् शिशु, स्तनपान गराउन भने समस्या



उपत्यका ट्राफिक प्रहरी कार्यालय बग्गीखानास्थित शिशु स्याहार केन्द्र । तस्बिर : **दीपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

**टेकराज थामी**/नयाँ पत्रिका

नेपाल प्रहरीमा महिला सुरक्षाकर्मी आठ हजार तीन सय ४३ छन्, जुन कुल संख्याको ११ प्रतिशत हो । जसमध्ये अधिकांश विवाहित छन् र शिशु भएका महिला प्रहरीको संख्या उल्लेख्य छ । तर, उनीहरू ड्युटीमा खटिँदा बच्चा राख्न सम्बन्धित कार्यालयमा शिशु स्याहार केन्द्र छैनन् । प्रहरीका अनुसार उपत्यका ट्राफिक प्रहरी कार्यालय (बग्गीखाना)बाहेक अन्य ठाउँमा शिशु स्याहार केन्द्र छैन ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी पोषराज पोखरेलले प्रहरी प्रधान कार्यालयमा पनि शिशु स्याहार केन्द्र राख्ने योजना रहेको

» पृष्ठ ११ मा क्रमशः

■ सेनाको उपत्यकामा सैनिक जंगी अड्डा भद्रकाली र छाउनीमा छ । बाँकी चार स्याहार केन्द्र उपत्यकाबाहिर ।

■ सशस्त्र प्रहरीको सबै बटालियनमा शिशु स्याहार केन्द्र

## २८ वर्षदेखि भक्तपुरले फोहोर आफैं व्यवस्थापन गर्दै छ

कुहिने फोहोरबाट बनेको मल प्रतिकिलो २० रुपैयाँमा बिक्री



नगरपालिकाले फोहोर छुट्याउन नगरवासीलाई दुईवटा बाल्टिन निःशुल्क वितरण गरेको छ । फोहोर छुट्याएर उठाउनका लागि सन्देशसहित दिनहुँ माइकिङ गर्ने गरेको छ । नगरपालिकाका स्यानेटरी शाखा प्रमुख दिलीपकुमार सुवालले भने, 'नछुट्याएको फोहोर नै उठाउँदैनौं । नछुट्याई फोहोर ल्याए सम्झाउँछौं । कतिलाई त फिल्डमै छुट्याउन सिकाउँछौं । त्यसो गर्दा पनि नभए फोहोर नै फिर्ता दिन्छौं ।'

(विस्तृत पृष्ठ २)


## ६६४ दिनपछि एमाले फेरि विपक्षमा

**नेतृत्व तहमा समझदारी नहुँदा फरक परिस्थिति बन्यो** : प्रधानमन्त्री

**फरक परिवेश बनेपछि सरकारमा बस्ने औचित्य रहेन** : विष्णु पौडेल

(विस्तृत पृष्ठ ३)

## अडानीले १०० अर्ब गुमाउँदा पनि भारतीय बजार किन धर्मराएन ?



अडानीको पतनको असर बजारमा नपर्नुका पछाडि भारतीय बजारको आकार र सबलताको भूमिका छ (विस्तृत पृष्ठ ७)

### कर्नर किक

● रवि मिश्र




NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

## ■ बेथा लागेपछि ६ घन्टा हिँडाइएकी सुरन्तीले गर्भमै गुमाइन् शिशु

उनको पनि ज्यान जोखिममा परेपछि मात्रै हेलिकोप्टरबाट उद्धार

दार्चुलामा **नरेन्द्रसिंह कार्की**



दार्चुलामा सुत्केरी बेथा लागेपछि ६ घन्टा हिँडाइएकी सुरन्ती बोहराको गर्भमै शिशुको मृत्यु भएको छ । उनको पनि ज्यान जोखिममा परेपछि मात्रै हेलिकोप्टरबाट उद्धार गरिएको छ । गर्भमै शिशु गुमाएकी अपी हिमाल गाउँपालिका- ३ क्षत्तिकी २२ वर्षीया सुरन्तीलाई सेनाको हेलिकोप्टरमार्फत उद्धार गरेर कर्णाली प्रादेशिक अस्पताल सुर्खेत लगिएकोमा चिकित्सकले सोमबार राति मृत शिशु निकालेका हुन् ।

गाउँमा स्वास्थ्य केन्द्र नहुँदा सुरन्तीलाई सुरुमा दुई घन्टा हिँडाएर पालिकाको पाथास्थित आधारभूत स्वास्थ्य इकाइ पुऱ्याइएको थियो । अनमीले स्वास्थ्य सेवा दिने इकाइमा प्रसूति हुन नसकेपछि उनलाई आइतबार राति नै चार घन्टा पैदलै हिँडाएर खण्डेश्वरीस्थित आधारभूत स्वास्थ्यचौकी पुऱ्याइयो । तर, चिकित्सकको सुविधा नभएको त्यहाँ पनि सिनियर अहेव र सिनियर अनमीले प्रसूति गराउन सकेनन् ।

दुई दिनदेखि सुत्केरी बेथा लागेकी सुरन्तीको पेटमै शिशुको मृत्यु भएको सोमबार बिहान मात्र थाहा भएको खण्डेश्वरी स्वास्थ्यचौकीकी सिनियर अनमी

» पृष्ठ ११ मा क्रमशः

## ११ सांसदले बुझाएनन् सम्पत्ति विवरण

**कारबाहीका लागि सतर्कता केन्द्र र अख्तियार पठाउने तयारी**



मोहनबहादुर बस्नेत



अजयकुमार चौरसिया



उदयशमशेर जबरा



मनोरमा शेरचन



टेकबहादुर गुरुङ (निलम्बित)



राजकुमार गुप्ता



लक्ष्मी महतो कोइरी



वर्षमान पुन



पशुपतिशमशेर जबरा



मेटमणि चौधरी



महिन्द्र राय यादव

### ■ कानुनमा यस्तो छ व्यवस्था

भ्रष्टाचार निवारण ऐनको दफा ५० (१) र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन दफा ३१ (क) (१) ले सार्वजनिक पद धारण गरेको व्यक्तिले शपथ लिएको ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण सम्बन्धित निकायमा बुझाउनुपर्ने व्यवस्था गरेको छ । विवरणमा आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहित उल्लेख गर्नुपर्छ ।

ऐनको दफा ५० (२) मा सार्वजनिक पद धारण गरेको व्यक्तिले ६० दिनभित्र सम्पत्तिको विवरण पेस गर्न नसक्ने अवस्था भएमा कारण खुलाएर म्याद थपका लागि अनुरोध गर्न पाउने व्यवस्था छ । सम्बन्धित निकाय वा अधिकारीले बढीमा ३० दिनसम्मको म्याद थप्न सक्छ ।

उपदफा (३) मा थप समयभित्र पनि सम्पत्तिको विवरण पेस नगरे सार्वजनिक पद धारण गरेको व्यक्तिलाई पाँच हजार रुपैयाँ जरिवाना गरी निज र निजको परिवारको नाममा गैरकानुनी सम्पत्ति रहेको अनुमान गरी अनुसन्धान गर्न सक्ने व्यवस्था छ ।

**कमलराज भट्ट**/नयाँ पत्रिका

गत मंसिरको निर्वाचनबाट चुनिएका प्रतिनिधिसभाका ११ सांसदले तोकिएको समयभित्र सम्पत्ति विवरण बुझाएका छैनन् । संसद् सचिवालयले ७ फागुनभित्र आफ्नो सम्पत्ति विवरण बुझाउन सार्वजनिक सूचना नै प्रकाशित गरे पनि उनीहरूले अटेर गरेका हुन् । ७ पुसमा प्रतिनिधिसभा सदस्यको शपथ लिएका दुई सय ७५ सांसदलाई ६० दिनभित्र सम्पत्ति विवरण बुझाउन कानुनले बाध्य गरेको छ ।

भ्रष्टाचार निवारण ऐनको दफा ५० (१) र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन दफा ३१ (क) (१) ले सार्वजनिक पद धारण गरेको व्यक्तिले शपथ लिएको ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण सम्बन्धित निकायमा बुझाउनुपर्ने व्यवस्था गरेको छ । विवरणमा आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहित उल्लेख गर्नुपर्छ ।

संसदीय सचिवालयका अनुसार कांग्रेसका मोहनबहादुर बस्नेत, अजयकुमार चौरसिया, उदयशमशेर जबरा, मनोरमा शेरचन र टेकबहादुर गुरुङ (हाल निलम्बित)ले सम्पत्ति विवरण बुझाएका छैनन् । त्यस्तै, एमालेका राजकुमार गुप्ता र लक्ष्मी महतो कोइरी, माओवादीका वर्षमान पुन, राप्रपाका पशुपतिशमशेर जबरा, एकीकृत समाजवादीका मेटमणि चौधरी र नेपाल समाजवादी पार्टीका महिन्द्रराय यादवले पनि विवरण नबुझाएको सांसद सुविधा व्यवस्थापन शाखाले जनाएको छ ।

शाखाले सम्पत्ति विवरण नबुझाउने सांसदमाथि कानुनी कारबाहीका लागि राष्ट्रिय सतर्कता केन्द्रमा नाम पठाउने तयारी गरेको छ । 'बुझाउने र नबुझाउनेको नाम सतर्कता केन्द्रमा

» पृष्ठ ११ मा क्रमशः

## बालुवाटारभित्रै निवास खोजेका सभामुख महिना दिनदेखि आफन्तको घरमा

### सभामुखको बालुवाटारस्थित सरकारी निवासमा राष्ट्रिय सभा अध्यक्ष बसिरहेका छन्, सभामुखले पनि बालुवाटारमै निवास खोजेपछि व्यवस्थापन जटिल

**कमलराज भट्ट**/नयाँ पत्रिका

तत्कालीन प्रधानमन्त्री केपी ओलीको पालामा खलबलिएको प्रतिनिधिसभा सभामुख र उपसभामुख तथा राष्ट्रिय सभा उपाध्यक्षको सरकारी निवासको व्यवस्थापन अझै सहज हुन सकेको छैन । सभामुखको बालुवाटारस्थित सरकारी निवासमा हाल राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिना बसिरहेको, तर सभामुख देवराज घिमिरेले बालुवाटारमै निवास खोजेपछि व्यवस्थापन जटिल बनेको हो ।

अघिल्ला सभामुख अग्नि सापकोटा बसेको लैनचौरस्थित निवासमा जान अस्वीकार गरेका घिमिरे हाल आफन्तको घरमा बसिरहेका छन् । उनी सभामुख बनेको महिना दिन कटिसकेको छ ।

तत्कालीन सभामुख कृष्णबहादुर महराले राजीनामा दिएपछि राष्ट्रिय सभा अध्यक्ष तिमिल्सिना सभामुखको सरकारी निवास सरेका थिए । तिमिल्सिना बसेको निवास भने तत्कालीन प्रधानमन्त्री ओलीले प्रयोग गरेपछि बालुवाटारमा ठाउँ

» पृष्ठ ११ मा क्रमशः



अग्नि सापकोटा सभामुख हुँदा बसेको लैनचौरस्थित भवन

### ■ सभामुखले बस्न नमानेको लैनचौर निवास उपसभामुखलाई दिन आलटाल



सभामुख



उपसभामुख

४ मंसिरको निर्वाचनबाट आएको प्रतिनिधिसभाको उपसभामुख निर्वाचित भएकी इन्दिरा रानाले पनि सरकारी निवास पाएकी छैनन् । सभामुख घिमिरेले लिन नमानेको लैनचौर निवास आफूलाई दिन उपसभामुख रानाले अनुरोध गरिरहेकी छिन् । प्रधानमन्त्री, मुख्यसचिवलाई ध्यानाकर्षण गराइसकेकी छिन् । सभामुखसँग पनि पहल गरिदिन अनुरोध गरेकी छिन् । तैपनि सुनुवाइ नभएको उनले बताइन् । हाल उनी बसिरहेको घरमा बालबालिका धेरै भएकाले सुरक्षामा खटिएका सुरक्षाकर्मीलाई आवास मिलाउन सकस भएको छ ।

### ■ मन्त्रीसरह वरीयताक्रम भए पनि उपसभामुख र उपाध्यक्षको सैनिक बडिगार्ड खोसियो

सरकारको मर्यादाक्रममा उपसभामुख र उपाध्यक्ष आठौं नम्बरमा छन् । यसमा संघीय मन्त्री, मुख्यमन्त्री, प्रदेश प्रमुखलगायत पनि छन् । संघीय मन्त्रीसरहको वरीयता भएकाले उपसभामुख र उपाध्यक्षको अंगरक्षक एवं निवास सुरक्षामा सेना र अन्य सुरक्षा निकाय खटिने प्रावधान थियो । तत्कालीन प्रधानमन्त्री केपी ओलीले विशिष्ट व्यक्तिको सुरक्षासम्बन्धी कार्यविधि परिमार्जन गर्दै उपसभामुख र उपाध्यक्षको सुरक्षामा सेना हटाएर सशस्त्रमा झारेका थिए ।

संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङले आफ्नो कार्यकालमा पहल गरेर उपसभामुखलाई सैनिक अंगरक्षक व्यवस्थापन गरेका थिए, त्यतिवेला पूर्णाकुमारी सुवेदी उपसभामुख थिइन् । सुवेदीको पालादेखि सुरु भएको सैनिक अंगरक्षक राख्ने अभ्यास तुम्बाहाङ्फेले उपसभामुखबाट राजीनामा दिएको एक वर्षपछि गृह मन्त्रालयले कार्यविधि परिवर्तन गरेर सशस्त्रमा झारेको थियो ।

गृह मन्त्रालयका प्रवक्ता जितेन्द्र बस्नेतले सुरक्षा चुनौतीका आधारमा कार्यविधि तय गरिएको बताए । 'कार्यविधिमा जे छ त्यही हो । वरीयता र प्रोटोकल फरक कुरा हो । सेक्युरिटी थ्रेटको एनालाइसिस गरेर गरेको होला । यो वेला-वेला परिवर्तन भइराख्छ । अब सेक्युरिटीको केही त्यस्तो थ्रेट महसुस भयो भने त्यसमा फेरि परिवर्तन हुन सक्छ,' उनले भने । उपसभामुख रानाले सेना अंगरक्षकका लागि सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराइरहेकी छिन् ।



## हनुमानढोका दरबार क्षेत्रमा ठड्याइयो फागुको चीर

**काठमाडौं**/ फागुन शुक्ल अष्टमीका दिन सोमबार बिहान वसन्तपुरस्थित हनुमानढोका दरबारअघि फागुको चीर ठड्याइएको छ। योसँगै विधिपूर्वक काठमाडौंमा फागु पर्व सुरु भएको छ।

नेपाल पञ्चांग निर्णायक विकास समितिका अनुसार बिहान ७:४५ बजेको साइतमा चीरोत्थान गरिएको छ। फागुन शुक्ल अष्टमीका दिन बिहान चीर ठड्याएपछि उपत्यकामा फागु पर्व सुरु गर्ने परम्परा छ। हनुमानढोका दरबार क्षेत्रमा मानन्धर समूहले चीर ठड्याउने परम्परा छ।

राजधानीलगायत पहाडी जिल्लामा फागुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म फागु पर्व हर्षोल्लासका साथ मनाइन्छ। चीर ठड्याइएसँगै वसन्तपुरमा रंगीबिरंगी रङ खेली मानिसले खुसी मनाएका थिए। फागुन शुक्ल पूर्णिमाका दिन बेलुकी उक्त चीर ढालिन्छ। यसका लागि पनि समितिमार्फत शुभ साइत निर्धारण गरिन्छ। पूर्णिमाकै दिन राति चीर घिसारेर टुँडिखेल लगी जलाएपछि फागु पर्व सकिन्छ। यस वर्ष पहाडी जिल्लामा २२ फागुन सोमबार र तराईका जिल्लामा २३ फागुन मंगलबार फागु पर्व मनाइँदै छ।


NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

**धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

**तपसिल**

**क्र.सं. १)**

**ऋणीको विवरण**

१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंजमा प्रा.फ.र.नं. ३०५८५/०७६/७७, भारत आयात अन्तर्गत मिति २०७६/०९/२५ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको पर्सा जिल्ला, बिन्दबासिनी गा.पा. वडा नं. २, बहुअर्वाभाटा स्थित **कालिकामाई ट्रेड एण्ड सप्लायर्स**

**प्रोप्राईटर तथा जमानीकर्ता : प्रियंका कुमारी चौरसिया**

**२) अमन कुमार चौरसिया**
स्थायी ठेगाना: पर्सा जिल्ला, भेडिहारी गा.वि.स. वडा नं. ३
हालको ठेगाना: पर्सा जिल्ला, कालिकामाई गा.पा. वडा नं. २, भेडिहारी
बाबु : भरथ राउत बरै
बाजे : चरित्र राउत बरै

**धितोको विवरण**

१) भगवान देआलु बरैकी छोरी, भरथ राउत बरैकी बुहारी, अमन कुमार चौरसियाकी पत्नि, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १९ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, कालिकामाई गा.पा. वडा नं. २ बस्ने प्रियंका कुमारी चौरसियाको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ८ (हाल वीरगंज म.न.पा. वडा नं. २४) स्थित कित्ता नं. ३१३ को क्षेत्रफल ११९.८३ (विगाह)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) कालिकामाई ट्रेड एण्ड सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

**जमानीकर्ताहरुको विवरण**

| | | | |
|---|---|---|---|
| **१) जानकी देवी**<br>स्थायी ठेगाना : पर्सा जिल्ला, भेडिहारी गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना : पर्सा जिल्ला, कालिकामाई गा.पा. वडा नं. २, भेडिहारी<br>बाबु : रामदयाल राउत बरै<br>ससुरा : चरित्र राउत बरै<br>पति : भरथ राउत बरै | **२) प्रियंका कुमारी चौरसिया**<br>स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १९<br>हालको ठेगाना : पर्सा जिल्ला, कालिकामाई गा.पा. वडा नं. २<br>बाबु : भगवान देआलु बरै<br>ससुरा : भरथ राउत बरै<br>पति : अमन कुमार चौरसिया | **३) संदीप प्रसाद चौरसिया**<br>स्थायी ठेगाना : पर्सा जिल्ला, भेडिहारी गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना : पर्सा जिल्ला, कालिकामाई गा.पा. वडा नं. २, भेडिहारी<br>बाबु : भरथ राउत बरै<br>बाजे : चरित्र राउत बरै | **४) अमन कुमार चौरसिया**<br>स्थायी ठेगाना : पर्सा जिल्ला, भेडिहारी गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना : पर्सा जिल्ला, कालिकामाई गा.पा. वडा नं. २, भेडिहारी<br>बाबु : भरथ राउत बरै<br>बाजे : चरित्र राउत बरै |

**क्र.सं. २)**

**ऋणीको विवरण**

१) प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, त्रिपुरेश्वर, काठमाडौंमा प्राइभेट फर्म दर्ता नं. ३८३५९/१८०६ अन्तर्गत मिति २०६९/०१/२५ मा प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, नागार्जुन न.पा. वडा.नं. १० स्थित **अलिसा तयारी पोशाक उद्योग**

**संचालक तथा जमानीकर्ता: सहिना खातुन**
स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा. नं. १७
हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४, कलंकी
बाबु : जमदार मिया अंसारी
ससुरा: ईयासिन मिया अंसारी
पति : अजहर अंसारी

**जमानीकर्ताहरुको विवरण**

| | | | |
|---|---|---|---|
| **१) रेयाज अहमद अंसारी**<br>ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा. नं. १७<br>बाबु : जमदार मिया अंसारी<br>बाजे : मंजर मिया | **२) सबरा खातुन**<br>ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा. नं. १७<br>बाबु : इशहाक अंसारी<br>ससुरा : मंजर मिया अंसारी<br>पति : जमदार मिया अंसारी | **३) जमदार मिया अंसारी**<br>ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा. नं. १७<br>बाबु : मंजर मिया अंसारी<br>बाजे : मुखतलो मिया अंसारी | **४) अजहर अंसारी**<br>ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा. नं. १६<br>बाबु : ईयासिन मिया अंसारी |

| ऋणीको विवरण | धितोको विवरण |
|---|---|
| **२) सहिना खातुन**<br>स्थायी ठेगाना: पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा.नं. १७<br>हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४, कलंकी<br>बाबु: जमदार मिया अंसारी<br>ससुरा: ईयासिन मिया अंसारी<br>पति: अजहर अंसारी | १) ईयासिन मिया अंसारीकी बुहारी जमदार मिया अंसारीकी छोरी, अजहर अंसारीकी पत्नी, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा. नं. १७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४, कलंकी बस्ने सहिना खातुनको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. १३, १४ र १५ को क्षेत्रफल क्रमश: १००.८०, ३१९.०० र १४२.८० (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) अलिसा तयारी पोशाक उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |

**जमानीकर्ताहरुको विवरण**

| | | |
|---|---|---|
| **१) रेयाज अहमद अंसारी**<br>ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा. नं. १७<br>बाबु : जमदार मिया अंसारी<br>बाजे : मंजर मिया अंसारी | **२) सबरा खातुन**<br>ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा. नं. १७<br>बाबु : इशहाक अंसारी<br>ससुरा : मंजर मिया अंसारी<br>पति : जमदार मिया अंसारी | **३) जमदार मिया अंसारी**<br>ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा. नं. १७<br>बाबु : मंजर मिया अंसारी<br>बाजे : मुखतलो मिया अंसारी |

**ऋणीको विवरण**

**३) महमद अजिज अंसारी**
ठेगाना: पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा. नं. १६
बाबु: अजहर अंसारी
बाजे: ईयासिन मिया अंसारी

**क्र.सं. ३)**

**ऋणीहरुको विवरण**

| | |
|---|---|
| १) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभागमा प्रा.फ.नं.घ..उ.वि. ११८३३/०१/०७१/७२ अन्तर्गत मिति २०७१/०५/०८ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५, स्थित **श्री फुड ईण्डष्ट्रिज**<br>**प्रोप्राइटर तथा जमानीकर्ता: अरबिन्द कुमार अग्रवाल** | २) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय पर्सा, वीरगंजमा प्रा.फ. पर्सा नं. ७२/०४८, म.क्षे.वर्ग हेटौंडा अन्तर्गत मिति २०४८/०६/२१ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३, स्थित **पोप्स फूड प्रोडक्टस**<br>**प्रोप्राइटर तथा जमानीकर्ता: अशोक कुमार अग्रवाल** |
| ३) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिन्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगंज, पर्सामा प्रा.फ.र.नं. ३९१४१/०७६/७७, समुन्द्रपार आयात निर्यात अन्तर्गत मिति २०७६/०६/२८ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १०, आदर्शनगर स्थित **श्याम बाबा इम्पोर्ट एक्सपोर्ट**<br>**प्रोप्राइटर तथा जमानीकर्ता: आरजु कुमारी सरावगी** | **४) अतुल कुमार अग्रवाल**<br>स्थायी ठेगाना: पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३<br>हालको ठेगाना: पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १०, आदर्शनगर<br>बाबु: अशोक कुमार अग्रवाल<br>बाजे: मेर चन्द्र अग्रवाल |

**धितोको विवरण**

१) रामेश्वर लाल अग्रवालको नाती, मेर चन्द्र अग्रवालको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १०, आदर्शनगर बस्ने अशोक कुमार अग्रवालको नाममा भूमि सुधार तथा मालपोत कार्यालय पर्सा, वीरगंजको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज न.पा. वडा नं. १३ (हाल वीरगंज म.न.पा वडा नं. १०) स्थित कित्ता नं. १३६ को क्षेत्रफल ३४० (व.मी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) श्री फुड ईण्डष्ट्रिज, पोप्स फूड प्रोडक्टस र श्याम बाबा इम्पोर्ट एक्सपोटको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

**जमानीकर्ताहरुको विवरण**

| | | |
|---|---|---|
| १) अशोक कुमार अग्रवाल<br>स्थायी ठेगाना: पर्सा जिल्ला, वीरगंज न.पा. वडा नं. १३<br>हालको ठेगाना: पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १०, आदर्शनगर<br>बाबु: मेर चन्द्र अग्रवाल<br>बाजे: रामेश्वर लाल अग्रवाल | २) सन्तोष देवी अग्रवाल<br>स्थायी ठेगाना: पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३<br>हालको ठेगाना: पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १०, आदर्शनगर<br>बाबु: राम प्रसाद चौधरी<br>ससुरा: मेर चन्द्र अग्रवाल<br>पति: अशोक कुमार अग्रवाल | ३) अतुल कुमार अग्रवाल<br>स्थायी ठेगाना: पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३<br>हालको ठेगाना: पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १०, आदर्शनगर<br>बाबु: अशोक कुमार अग्रवाल<br>बाजे: मेर चन्द्र अग्रवाल |
| ४) आरजु कुमारी सरावगी<br>स्थायी ठेगाना: पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ७<br>हालको ठेगाना: पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १०, आदर्शनगर<br>बाबु: आनन्द कुमार सरावगी<br>ससुरा: अशोक कुमार अग्रवाल<br>पति: अरविन्द कुमार अग्रवाल | ५) अरबिन्द कुमार अग्रवाल<br>स्थायी ठेगाना: पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३<br>हालको ठेगाना: पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १०, आदर्शनगर<br>बाबु: अशोक कुमार अग्रवाल<br>बाजे : मेर चन्द्र अग्रवाल | |

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिँर प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थिर भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आँफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भएमा वा बैंक आँफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आँफैले सकार गरि लियो भनि कहि कतै उजुर बाजुर गर्न पाउनुहने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आँफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।


# २८ वर्षदेखि भक्तपुरले आफैँ व्यवस्थापन गर्दै छ फोहोर

## कुहिने फोहोरबाट बनेको मल प्रतिकिलो २० रुपैयाँमा बिक्री



■ **दिलीपकुमार सुवाल**
प्रमुख, स्यानेटरी शाखा,
भक्तपुर नगरपालिका

**उपत्यकाका १७ वटा स्थानीय तहको सबै फोहोर सिसडोल, बन्चरेडाँडामा लगिरहेका छन्। हाम्रो तर्फबाट आजसम्म फालेका छैनौं। बन्चरेडाँडामा सधैं फोहोर लगेर समस्या समाधान हुँदैन। एक दिन मात्रै बाटो बन्द भयो भने सिंगो उपत्यका दुर्गन्धित हुन्छ। आफ्नै वडामा, नगरमा फोहोर व्यवस्थापनको कोसिस गर्नुपर्छ।**

शान्ति तामाङ/नयाँ पत्रिका

उपत्यकाका २१ मध्ये १७ स्थानीय तहलाई फोहोरमैला व्यवस्थापन टाउको दुखाइको विषय बन्ने गरेको छ। कहिले ल्यान्डफिल साइटका बासिन्दाको विरोध त कहिले यातायात मजदुरको हडताल। कहिले सरसफाइकर्मी आन्दोलन त कहिले ल्यान्डफिल साइटसम्म पुग्ने बाटोमा अवरोधले स्थानीय तहका लागि यो विषय निकै जटिल बन्ने गरेको छ।

भक्तपुरको भक्तपुर नगरपालिका भने २८ वर्षदेखि यो झन्झट र झमेलाबाट मुक्त छ। ल्यान्डफिल साइटमा आन्दोलन होस् कि बाटो अवरुद्ध होस्, भक्तपुरमा फोहोर नउठेर दुर्गन्ध फैलिँदैन। यहाँ जस्तोसुकै जटिल अवस्थामा पनि निरन्तर फोहोर उठ्छ। जिल्लाकै तीन स्थानीय तह मध्यपुर, चाँगुनारायण, सूर्यविनायक नगरपालिकाले समेत धादिङ जिल्लाको धुनीबेंसीस्थित बन्चरेडाँडा ल्यान्डफिल साइटमा फोहोर पुर्‍याउँछन्। तर, भक्तपुरले भने नगरपालिकाभरिको फोहोर आफैँ व्यवस्थापन गर्दै आएको छ। त्यो पनि नगरपालिकाभित्रै। नगरपालिकाको फोहोर सिसडोल र बन्चरेडाँडामा आजसम्म नलगेको नगरपालिकाअन्तर्गत स्यानेटरी शाखा प्रमुख दिलीपकुमार सुवालले बताए। 'उपत्यकाका १७ वटै स्थानीय तहको सबै फोहोर सिसडोल, बन्चरेडाँडामा लगिरहेको छ। हाम्रो तर्फबाट भने शून्य छ।' शाखा प्रमुख सुवालले भने, 'बन्चरेडाँडामा सधैं फोहोर लगेर समस्या समाधान हुँदैन। एक दिन मात्रै बाटो बन्द भयो भने सिंगो उपत्यका दुर्गन्धित हुन्छ। आफ्नै वडामा, नगरमा फोहोर व्यवस्थापनको कोसिस गर्नुपर्छ।'

उपत्यकाका अन्य स्थानीय तहले फोहोरलाई मोहोर बनाउने भन्दै निजी क्षेत्रसँग सहकार्य गरेर व्यापार गरिरहेका छन्। 'हामीकहाँ पनि फोहोर व्यवस्थापन गर्छौं भनेर निजी क्षेत्रका प्रतिनिधि आएका थिए। तर, आफैँ व्यवस्थापन गर्छौं भनेर फर्कायौं,' उनले भने। नगरपालिकामा सफाइ मजदुर, चालक, सहयोगी, वडा निरीक्षक १० सहित एक सय ४० जना कर्मचारी सफाइको क्षेत्रमा काम गर्छन्। वर्गीकरण गरेको फोहोरलाई नगरपालिकाले छुट्याउने, मल बनाउने काम गर्दै आएको छ। यसका लागि पाँच रोपनी जग्गा लिएको प्रमुख सुवालले बताए। उनले भने, 'डुबान हुने, घर निर्माण गर्न नमिल्ने जग्गाधनीको अनुमतिमा खाल्डो खनेका छौं। त्यहीं फोहोर व्यवस्थापन गर्दै आएका छौं।' यसरी दुई किलोमिटर क्षेत्र भरिसकेको उनको भनाइ छ।

नगरपालिकाले उपभोक्तासँग सफाइ शुल्क शीर्षकमा वार्षिक ६ सय रुपैयाँ लिने गर्छ। तर, पसल, व्यवसाय, स्कुल, होटेललगायतसँग भने वार्षिक पाँच हजारसम्म लिने गरेको छ।

### ■ वर्गीकरण नगरे फोहोर फिर्ता

शाखा प्रमुख दिलीपकुमार सुवालले नगरपालिकामा ०५१ सालमा जागिर सुरु गर्दादेखि नै फोहोर वर्गीकरण गर्ने अभियान सुरु गरेका थिए। उनका अनुसार त्यसवेला कुहिने र नकुहिने फोहोर छुट्याउन घरधनीलाई नगरपालिकाले दुईवटा बाल्टिन वितरण गरेको थियो। त्यतिवेला सुरु भएको अभियान बीचमा केही समय रोकिए पनि ०६२ सालदेखि पुनः निरन्तर चलिरहेको छ। अहिले नगरपालिकाले संकलन गर्ने ४० प्रतिशत फोहोर पूर्ण रूपमा छुट्याइएको हुन्छ। बाँकी ६० प्रतिशत भने मिश्रित हुने गरेको छ। '०५१ सालमा फोहोर छुट्याउन बाल्टिन वितरण गर्दा छुट्याएर दिएको फोहोर के गर्ने भन्ने भयो। भएको एउटा कम्पोस्ट प्लान्टले खासै काम गर्न सक्ने अवस्था थिएन,' सुवालले भने, 'तैपनि, फोहोर वर्गीकरण गर्न रोकेनौं।' अहिले जनप्रतिनिधि आएपछि भने राम्रो परिमाण आउन थालेको छ। तर, अझै पूर्ण कार्यान्वयन हुन सकेको छैन।'

### ■ दैनिक करिब ३० टन फोहोर उत्पादन

शाखा प्रमुख सुवालका अनुसार सुरुवाती दिनमा फोहोर छुट्याएर उठाउन निकै कष्ट भएको थियो। 'त्यतिकै फालिरहेकालाई छुट्याउन त गाह्रै भयो नि। तैपनि, दण्ड जरिवानातिर जानुपरेन। कहिलेकाहीं सम्झाउने, चर्को स्वरले भने बोल्नुपर्‍यो। कहिलेकाहीं विवादसम्म हुन्थ्यो।' उनी सुरुवाती दिनदेखि नै यही शाखामा छन्। सुवालले भने, 'अहिले नगरवासीले फोहोर छुट्याएर ल्याएको देख्दा खुसी लाग्छ।'

नगरपालिकाभित्र दैनिक करिब ३० टन फोहोर उत्पादन हुन्छ। जसमध्ये २७ देखि २८ टन दैनिक संकलन हुन्छ। संकलित फोहोरमध्ये ६० प्रतिशत मिसिएको हुन्छ। नगरपालिकाको कोर एरियामा दैनिक फोहोर संकलन हुन्छ। अन्य क्षेत्रमा दुई वा तीन दिनमा संकलन हुन्छ।

### ■ एक वर्षमा दुई सय टन मल उत्पादन

ख्वप कलेजबाट वातावरण विज्ञानमा स्नातक सकेका रमिता तमुखे र नसला सुवालले मल बनाउने विभिन्न चरण ठीक छ-छैन, हेर्ने गर्छन्। चैतयता मात्र नगरपालिकाले दुई सय टन मल उत्पादन गरिसकेको छ। उत्पादित मलमध्ये ५० टन बिक्री भइसकेको छ। नगरपालिकाले दीर्घकालीन फोहोर व्यवस्थापनका लागि गृहकार्यसमेत गरिरहेको छ। यसका लागि २० रोपनी जग्गा खोजिरहेको छ। जुन नगरपालिकाभित्रै हुनेछ। 'हाम्रो उद्देश्य भनेको फोहोर बाहिर नजाओस् भन्ने नै हो। नगरपालिकाको फोहोर नगरपालिकाभित्रै व्यवस्थापन गर्नुपर्छ भन्ने नै हो। सोही सोचमा अगाडि बढेका छौं। त्यसका लागि जग्गा प्राप्ति गर्न गृहकार्य भइरहेको छ,' प्रमुख सुवालले भने।

### ■ संकलित फोहोर नगरपालिकाले के गर्छ ?



नगरपालिकाले फोहोर छुट्याउन नगरवासीलाई दुईवटा बाल्टिन निःशुल्क वितरण गरेको छ। नछुट्याएको फोहोर नगरपालिकाले संकलन नै गर्दैन। फोहोर छुट्याएर उठाउनका लागि सन्देशसहित दिनहुँ माइकिङ गर्ने गरेको छ। सुवालले भने, 'नछुट्याएको फोहोर नै उठाउँदैनौं। नछुट्याई फोहोर ल्याए सम्झाउँछौं। कतिलाई त फिल्डमै छुट्याउन सिकाउँछौं। त्यसो गर्दा पनि नभए फोहोर नै फिर्ता दिन्छौं।'

नगरपालिकाले कुहिने फोहोरबाट मल बनाएर बेच्नुका साथै पुनः प्रयोग गर्न मिल्ने सामान बनाएर बेच्ने गरेको छ। यसबाट वार्षिक १० लाख आम्दानी गर्दै आएको छ। गत चैत महिनाबाट कुहिने फोहोरबाट बनेको मल प्रतिकिलो २० रुपैयाँ कायम भएको छ। बिक्री नभएको नकुहिने सामान छुट्याएर डम्पिङ गर्दै आएको छ। 'तीन महिनामा मल तयार हुन्छ। मल तयार भएपछि स्थानीय पत्रिकामा सूचना निकाल्ने वा मूल्यसहित माइकिङ गर्छौं। किसानहरू मल लिन प्लान्टमै आउँछन्। कतिपय वडा समितिमा पुगेरसमेत लिन्छन्,' उनले भने।

## अस्पतालजन्य फोहोर सिसडोल पुर्‍याउनेलाई ५० हजार जरिवाना

नयाँ पत्रिका
काठमाडौं, १५ फागुन

सिसडोल ल्यान्डफिल साइटमा अस्पतालजन्य हानिकारक फोहोर पुर्‍याउनेलाई काठमाडौं महानगरपालिकाले ५० हजार रुपैयाँ जरिवाना गरेको छ। वडा ५ मा रहेको सुनौलो परिवार नेपालले स्वास्थ्य उपचारमा प्रयोग गरेका सिरिन्जलगायत सामान साइटमा पुर्‍याएको हो।

सोही कारण सुनौलो परिवारलाई महानगरले ५० हजार जरिवाना गरेको हो। 'महानगरले फोहोर व्यवस्थापनसँग सम्बन्धित अनधिकृत क्रियाकलापलाई नजिकबाट निगरानी गरिरहेको छ,' महानगरको वातावरण तथा कृषि विभागका प्रमुख रविनमान श्रेष्ठले भने, 'कानुनले वर्जित गरेका फोहोर साइटमा लैजाने जोसुकैलाई कारबाही गर्छौं।' अहिले काठमाडौंसहित उपत्यकाका १७ स्थानीय तहको फोहोर बन्चरेडाँडास्थित साइटमा व्यवस्थापन भइरहेको छ। उनका अनुसार यहाँ सामान्य फोहोर मात्र लैजान मिल्छ। हानिकारक फोहोर उत्पादक आफैँले निर्मलीकरण गरेर सामान्य फोहोरमा परिणत गर्नुपर्छ। त्यसपछि सामान्य प्रक्रियाबाट लैजान सकिन्छ।

## सोमबार उपत्यकामा

**चन्द्रागिरि** : चन्द्रागिरि नपा-१, दहचोकस्थित टहरामा जुवातास खेलिरहेका धादिङ गजुरी गापा-८ का ३२ वर्षीय नितेशराज तामाङसहित सात जुवाडेलाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। प्रहरी प्रभाग बलम्बुबाट खटिएको प्रहरीले उनीहरूलाई ४३ हजार नौ सय ८५ रुपैयाँ र तीन बुक ताससहित पक्राउ गरेको हो। घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

**कोटेश्वर** : कोटेश्वरको भाटभटेनीनजिकैबाट नम्बर नखुलेको गाडीको ठक्करबाट नाम, थर, वतन नखुलेको पैदलयात्री महिलाको मृत्यु भएको छ। गम्भीर घाइते भएकी उनको राष्ट्रिय ट्रमा सेन्टरमा उपचारका क्रममा मृत्यु भएको हो। फरार गाडी र चालकको खोजी भइरहेको प्रहरीले जनाएको छ।

## श्रमजीवी पत्रकार संघलाई अन्तर्राष्ट्रिय सेवा पुरस्कार

**काठमाडौं**/ अमेरिकास्थित एनआरएनए (नन रेसिडेन्ट नेपाली एसोसिएसन क्यालिफोर्निया)ले श्रमजीवी-पत्रकार संघ र यसका अध्यक्ष जन्मदेव जैसीलाई सम्मान गर्ने भएको छ। श्रमजीवीका पक्षमा काम गर्दै आएको भन्दै संघ र अध्यक्ष जैसीलाई अन्तर्राष्ट्रिय सेवा पुरस्कार-०२३ द्वारा सम्मान गर्ने निर्णय भएको एनआरएनए क्यालिफोर्नियाका अध्यक्ष माधव मरासिनीले जानकारी दिए। संस्थाले २० हजार रुपैयाँ र ताम्रपत्रसहित सम्मान गर्ने उल्लेख गरेको छ। श्रमजीवी-पत्रकार संघले स्थापनाको दुई वर्षमै २६ सञ्चारगृहका पीडित श्रमजीवी पत्रकारलाई न्याय दिलाउन पहल एवं निरन्तर दबाब दिएको छ। श्रमजीवी पत्रकार संघसहित अन्य सञ्चारसम्बद्ध १० संस्थालाई पनि सम्मान गर्ने जारी विज्ञप्तिमा उल्लेख छ। सम्मान आगामी ७ वैशाखमा प्रदान गरिने आयोजकले जनाएको छ।


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**कोशी अस्पताल**
बिराटनगर

**अस्पताल सेवा संचालनका लागि रासन खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/११/१६ गते**

उपरोक्त सम्बन्धमा यस अस्पतालको लागि अस्पताल सेवा संचालनार्थ खरिद गरिने रासन सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले रासन आपुर्ति गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले यो सूचना प्रकाशन भएको ३१ औं दिनको १२:०० बजे भित्र www.bolpatra.gov.np मार्फत अनलाइन बोलपत्र दर्ता गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। बोलपत्रसम्बन्धी विस्तृत जानकारीका लागि कार्यालयको वेभसाइट www.koshihospital.gov.np, फोन नम्बर ०२१-४७११५५ बाट समेत जानकारी लिन सकिनेछ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र दस्तुर | जमानत वापतको रकम |
|---|---|---|---|---|
| १ | KH/NCB/G-17/2079-80 | रासन आपुर्ती | रु ३०००.०० | रु १,६३,०००.०० |

**मडिकल सुपरिन्टेन्डेण्ट**

# ६४ दिनपछि एमाले फेरि विपक्षमा

### नेतृत्व तहमा समझदारी नहुँदा फरक परिस्थिति बन्यो : प्रधानमन्त्री



क्याबिनेटमा काम गर्दा कुनै पनि असहजता महसुस भएन। हामी मिलेरै बस्यौँ, मिलेरै काम गर्‍यौँ तर नेतृत्व तहमा समझदारी बन्न नसक्दा राजनीतिक घटनाक्रम फरक ढंगले विकसित भयो। राजनीति फेरि पनि सम्भावनाको खेल हो। भोलि हामी मिल्दैनौँ, एकैठाउँ हुँदैनौँ भन्ने केही छैन, तपाईंहरूलाई धन्यवाद।

### फरक परिवेश बनेपछि सरकारमा बस्ने औचित्य रहेन : पौडेल



१० पुसको समझदारीअनुसार राजनीति अगाडि बढ्न सकेन। फरक ढंगको परिवेश बनिसकेपछि हाम्रो पार्टीले सरकारमा बसिरहनु औचित्य ठानेनौँ र पार्टीले समर्थन फिर्ता लिने निर्णय गर्‍यौँ, त्यसैले हामीले सामूहिक रूपमै राजीनामा बुझाउँदै छौँ।

**शुरोजंग पाण्डे**/नयाँ पत्रिका

एमाले ६४ दिनपछि फेरि विपक्षमा पुगेको छ। चुनावअघिको तत्कालीन पाँचदलीय गठबन्धन भत्काएर पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार निर्माणमा निर्णायक अग्रसरता लिएको एमाले १० पुसमा भएको सहमति कार्यान्वयनमा धोका भएको भन्दै सोमबार सरकारबाट बाहिरिएको छ।

सोमबार बसेको सचिवालयको बैठकबाट एमालेले सहमति कार्यान्वयनमा धोका भएकाले सरकारमा बसिरहनुको औचित्य सकिएको निष्कर्ष निकालेको छ। उसले सरकालाई दिएको समर्थन पनि फिर्ता लिएको छ। पार्टीको निर्णय कार्यान्वयन गर्दै उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेलसहित एमाले मन्त्रीहरूले अपराह्न प्रधानमन्त्री प्रचण्डलाई भेटेर सामूहिक रूपमा राजीनामा बुझाएका छन्।

एमाले मन्त्रीहरूको राजीनामा बुझ्दै प्रधानमन्त्री मन्त्रिपरिषद्मा सौहार्दपूर्ण ढंगले काम भए पनि पार्टीको नेतृत्व तहमा समझदारी बन्न नसक्दा फरक परिस्थिति बनेको बताएका थिए। 'तपाईंहरूसँग क्याबिनेटमा काम गर्दा मैले कहिल्यै कुनै असहजता महसुस गरिनँ, हामी जति दिन सँगै बस्यौँ, मिलेरै बस्यौँ, मिलेरै काम गर्‍यौँ तर नेतृत्व तहमा समझदारी बन्न नसक्दा राजनीतिक घटनाक्रम फरक ढंगले विकसित भयो,' प्रधानमन्त्री प्रचण्डको भनाइ उद्धृत गर्दै राजीनामा बुझाउन गएका उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले भने, 'राजनीति फेरि पनि सम्भावनाको खेल हो। भोलि हामी मिल्दैनौँ, एकैठाउँ हुँदैनौँ भन्ने केही छैन, सहकार्य र सहयोगका लागि तपाईंहरूलाई धन्यवाद व्यक्त गर्दछु।'

राजीनामा बुझाउँदै एमालेबाट सरकारको नेतृत्व गरिरहेका उपाध्यक्ष विष्णु पौडेलले १० पुसमा भएको राजनीतिक सहमति कार्यान्वयन नगरिएकाले पार्टीको संस्थागत निर्णयका आधारमा समर्थन फिर्ता लिँदै सामूहिक राजीनामा बुझाउन लागिएको जानकारी गराएका थिए। '१० पुसको समझदारीअनुसार राजनीति अगाडि बढ्न सकेन। फरक ढंगको परिवेश बनिसकेपछि हाम्रो पार्टीले सरकारमा बसिरहनु औचित्य ठानेनौँ र पार्टीले समर्थन फिर्ता लिने निर्णय गर्‍यौँ, त्यसैले हामी सामूहिक रूपमै राजीनामा बुझाउँदै छौँ,' पौडेलको भनाइ उद्धृत गर्दै भण्डारीले भने।

१० पुसमा एमाले अध्यक्ष केपी ओलीनिवास बालकोटमा माओवादीले प्रधानमन्त्री र एमालेले सभामुख लिएर अढाइ वर्षमा दुवै पदमा आलोपालो गर्ने तथा राष्ट्रपति एमालेले पाउने समझदारी कार्यान्वयनको सिलसिलामा दुई चरणमा एमाले सरकारमा सामेल भएको थियो। प्रधानमन्त्री प्रचण्डले शपथ लिएकै दिन १० पुसमा उपाध्यक्ष पौडेलको नेतृत्वमा उपप्रधानमन्त्री र अर्थ मन्त्रालय लिएर एमालेबाट पाँच मन्त्री सरकारमा सामेल भएका थिए। पहिलो चरणमा दामोदर भण्डारी, राजेन्द्रकुमार राई, ज्वालाकुमारी साह र हरि उप्रेती सामेल भएका थिए।

३ माघमा दोस्रो चरणको पुनर्गठनमा पदम गिरी, भगवती चौधरी र डा. विमला राई पौड्याल मन्त्री बनेका थिए। पौडेलबाहेक पहिलो चरणमा सामेल एमाले मन्त्रीहरूले दोस्रो चरण विस्तारका क्रममा मात्र मन्त्रालयको जिम्मेवारी पाएका थिए।

१३ फागुनमा बसेको केन्द्रीय सचिवालय बैठकले १० पुसको सहमति कार्यान्वयनको प्रतीक्षासहित इमानदार रूपमा प्रस्तुत हुन २५ फागुनमा हुने राष्ट्रपति निर्वाचनसम्म सरकार नछाड्ने निर्णय लिएको थियो। तर, २५ फागुनमा हुने राष्ट्रपति निर्वाचनको सिलसिलामा एमालेसँगको समीकरण तोडेर कांग्रेस नेतृत्वमा आठदलीय समीकरण बनाएलगत्तै प्रधानमन्त्री प्रचण्डले सरकार पुनर्गठनका लागि बाटो खुला गर्न दबाब सिर्जना गर्न थालेपछि सोमबारको बैठकबाट समर्थन फिर्ता लिएर राजीनामा दिने निर्णय लिएको थियो।

सचिवालय बैठकपछि उपाध्यक्ष पौडेलले प्रधानमन्त्री प्रचण्डले सरकारबाट बर्खास्त गर्ने वा विनाविभागीय मन्त्री बनाउनेजस्ता अभिव्यक्ति दिएकाले पनि समर्थन फिर्ता लिएर राजीनामा दिने निर्णयमा पुगेको बताएका थिए। 'स्वेच्छाले सरकार नछाडेमा हटाउने वा विनाविभागीय मन्त्री बनाउनेसम्मका उहाँका( प्रधानमन्त्रीको) सार्वजनिक अभिव्यक्ति आइसकेपछि हामीले यो सरकारमा रहिरहन उचित हुने देखेनौँ, र यही विश्लेषणका आधारमा सचिवालय बैठकले सरकारबाट अलग हुने र समर्थन फिर्ता लिने निर्णय गरेको हो,' पौडेलको भनाइ थियो।

## मन्त्रिपरिषद् पुनर्गठनको तयारीमा प्रधानमन्त्री

### एमाले बाहिरिएपछि कांग्रेस, जसपा, एकीकृत समाजवादी, लोसपा, नागरिक उन्मुक्ति सरकारमा जाने

**प्रेम गौतम, केशवप्रसाद पाण्डे र अनिल यादव**

एमाले सरकारबाट बाहिरिएसँगै आठदलीय गठबन्धनले सरकारमा भागबन्डालगायतका विषयमा छलफलको तयारी थालेको छ। राष्ट्रपतिको उम्मेदवारीसँगै बनेको नयाँ गठबन्धनले विकसित घटनाक्रमपछिको अवस्थामा सरकारलाई विश्वासको मत, मन्त्रालय बाँडफाँटलगायतका विषय टुंगो लगाउन लागेको हो।

कांग्रेसले गठबन्धनको बैठकपछि निर्णयमा पुग्ने जनाएको छ। कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले विकसित घटनाक्रमका कारण छिट्टै बैठक बसेर समीक्षा गरेर केन्द्रदेखि प्रदेशसम्मको सरकार र शक्ति बाँडफाँटको विषय टुंगो लगाउने बताए। अहिले नै के गर्ने भन्ने टुंगो लागेको छैन। अब गठबन्धनको दलहरूको बैठक बसेर कसरी अघि बढ्ने भन्ने निर्णयमा पुग्छौँ। सुरुमा केन्द्रको विषय टुंगो लाग्छ। क्रमशः प्रदेश र अरू विषयको टुंगो लगाउँछौँ। आजभोलिमा बैठक बस्ला। बैठकपछि विश्वासको मत र बाँकी विषयमा कसरी अगाडि जाने भन्ने निष्कर्षमा पुग्छौँ,' उनले भने।

महतले बुधबार गठबन्धनका बैठक बस्ने सम्भावना रहेको बताए। कांग्रेसले राष्ट्रपतिमा उम्मेदवारीपछि सत्तागठबन्धनमा अविश्वास बढेको अवस्थामा सरकार बचाउन भूमिका खेल्ने बताउँदै आएको थियो। एमालेले सरकार छाडेपछि गठबन्धनबाट सरकारलाई विश्वासको मत दिनेबारे गठबन्धनमा छलफल सुरु भएको छ। एमालेले सत्ताबाट बाहिरिएपछि संसद्को सबैभन्दा ठूलो दल कांग्रेस सरकारको सबैभन्दा बलियो सारथिको रूपमा देखिएको छ। कांग्रेसले राष्ट्रपति निर्वाचनसँगै बदलिएको समीकरण र शक्ति बाँडफाँटबारे अन्य दलसँग छलफल भइरहेको जनाएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रिपरिषद् पुनर्गठनबारे छलफल गर्ने तयारी गरेका छन्। प्रधानमन्त्रीको सचिवालयले आठदलीय गठबन्धनको बैठकपछि विश्वासको मत र सरकार विस्तारबारे निर्णय हुने जनाएको छ। कुन दललाई कति मन्त्रालय दिने भन्ने विषय शीर्ष नेताहरू बसेर टुंग्याउने भएका छन्। यद्यपि, गठबन्धन दलहरूको बैठकको मिति भने टुंगो लागिसकेको छैन।

'अब आठदलीय गठबन्धनमा विश्वासको मत र मन्त्रिपरिषद् पुनर्गठनबारे छलफल हुन्छ,' माओवादी महासचिव देव गुरुङले भने, 'प्रधानमन्त्रीले छलफलको तयारी गर्नुभएको छ।' प्रचण्ड नेतृत्वको सरकारमा हाल माओवादी र जनमत पार्टी मात्रै छन्। कांगेस, एकीकृत समाजवादी, जसपा, लोसपा, नागरिक उन्मुक्ति पार्टी सरकारमा जाने तयारीमा छन्। जनमोर्चाले भने सरकारमा सहभागी नहुने जनाएको छ। राष्ट्रपति निर्वाचनअघि सत्तारूढ दलहरूबाट एक-एकजना मन्त्री बनाएर प्रधानमन्त्रीले विश्वासको मत लिने र उपराष्ट्रपति निर्वाचन सम्पन्न भएपछि मन्त्रिपरिषद्लाई पूर्णता दिने सम्भावना रहेको गठबन्धन दलका नेताहरू बताउँछन्। एमाले, राप्रपा र रास्वपा बाहिरिएसँगै १८ वटा मन्त्रालय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डमातहत आएका छन्।



**अहिले नै के गर्ने भन्ने टुंगो लागेको छैन। अब गठबन्धनको दलहरूको बैठक बसेर कसरी अघि बढ्ने भन्ने निर्णयमा पुग्छौँ। सुरुमा केन्द्रको विषय टुंगो लाग्छ। क्रमशः प्रदेश र अरू विषयको टुंगो लगाउँछौँ।**

● **डा. प्रकाशशरण महत**, प्रवक्ता, कांग्रेस



**अब आठदलीय गठबन्धनमा विश्वासको मत र मन्त्रिपरिषद् पुनर्गठनबारे छलफल हुन्छ। प्रधानमन्त्रीले छलफलको तयारी गर्नुभएको छ।**

● **देव गुरुङ**, महासचिव, माओवादी



**अब हामी सरकारमा जान्छौँ। के-कति मन्त्रालय लिने, त्यसबारे छलफल हुन बाँकी छ।**

● **उपेन्द्र यादव**, अध्यक्ष, जसपा



**सरकारलाई समर्थन गरेपछि जान त पर्‍यो। हाम्रो माग र सरकारमा सहभागी हुने विषयमा प्रधानमन्त्रीज्यूसँग सोमबार एक चरणको छलफल भएको छ।**

● **लक्ष्मण थारू**, संगठन प्रमुख नागरिक उन्मुक्ति पार्टी

#### ■ असन्तुष्ट दल नयाँ गठबन्धनको सरकारमा जान तयार

राष्ट्रपति निर्वाचनलाई लिएर आठदलीय नयाँ गठबन्धन बनेसँगै असन्तुष्ट र यसअघि प्रतिपक्षमा बसेका साना दलहरू सरकारमा जान तयार भएका छन्। अब हुने मन्त्रिपरिषद् विस्तारमार्फत जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र लोसपा सरकारमा जान तयार देखिएका हुन्। राष्ट्रिय स्वतन्त्र पार्टी भने अझै 'पर्ख र हेर'को नीतिमा छ।

१२ सिट रहेको जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले नयाँ समीकरण बनेसँगै सरकारमा जान तयार रहेको बताए। 'अब हामी सरकारमा जान्छौँ। के-कति मन्त्रालय लिने, त्यसबारे छलफल हुन बाँकी छ,' उनले भने। मन्त्रिपरिषद् विस्तार राष्ट्रपति निर्वाचनपछि हुने या यसअघि नै हुने विषयमा टुंगो लागिसकेको छैन। जतिखेर टुंगो लाग्छ, त्यतिखेर आफूहरू पनि सरकारमा सहभागी हुने उनको भनाइ छ। जसपाका नेताका अनुसार आठदलीय गठबन्धनमा जसपालाई तीन मन्त्रालय दिने सहमति भएको छ। 'यसअघि हाम्रो मूल बटमलाइन नै उपराष्ट्रपति पद र तीन मन्त्रालय पाउनुपर्छ भन्ने थियो,' ती नेताले भने, 'तर, त्यसमा सहमति हुन सकेको थिएन। अहिले दुवै मागमा लगभग सहमति भइसकेको छ। त्यसकारण, सरकारमा जाने वातावरण बनेको हो।'

यसअघि रेशम चौधरीको रिहाइ नभएसम्म सरकारमा सहभागी नहुने बताउँदै आएको नागरिक उन्मुक्ति पार्टी आठदलीय गठबन्धन बनेसँगै सरकारमा जान उदार देखिएको छ। 'सरकारलाई समर्थन गरेपछि जान त पर्‍यो,' उन्मुक्ति पार्टीका संगठन प्रमुख लक्ष्मण जगेठ्वा थारूले भने, 'हाम्रो माग र सरकारमा सहभागी हुने विषयमा प्रधानमन्त्रीज्यूसँग सोमबार एक चरणको छलफल भएको छ। अहिलेको नयाँ गठबन्धनमा लोकतान्त्रिक धार र संघर्ष गरेर आएका दलहरू मात्रै समावेश छन्। गणतन्त्र, संघीयता र व्यवस्थाविरोधी दलहरू बाहिरिएका छन्। परिस्थिति फरक बनेको छ। त्यसैले हाम्रो मागको सुनिश्चितता भयो भने हामी सरकारमा जान सक्छौँ।'

यसअघि विपक्षी गठबन्धनमा रहेको महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी पनि सरकारमा सहभागी हुने भएको छ। लोसपाका वरिष्ठ नेता शरत्सिंह भण्डारीले माओवादी पुरानै गठबन्धनमा फर्किएको र तीन नयाँ दल पनि थपिएको अवस्थामा आफूहरू सरकारको हिस्सा हुने स्वाभाविक रहेको बताए। 'हामी त पहिलेदेखि चुनावअघिको पुरानै गठबन्धन थियौँ,' उनले भने, 'यसमा माओवादी फर्कियो, जसपा, जनमत र नागरिक उन्मुक्ति पार्टी थपिए। अब हुने पदीय भागबन्डा र मन्त्रिपरिषद् विस्तार सबैमा हाम्रो हिस्सेदारी रहन्छ।' बालुवाटार स्रोतका अनुसार नागरिक उन्मुक्ति र लोसपा दुवै दललाई एक-एक मन्त्रालय दिने तयारी छ।

#### ■ रास्वपा 'पर्ख र हेर'को नीतिमा

अहिलेको समर्थन कायमै राखेको राष्ट्रिय स्वतन्त्र पार्टीलाई पनि प्रधानमन्त्री प्रचण्ड सरकारमा सहभागी गराउने प्रयत्नमा छन्। राष्ट्रपति पदमा आठदलीय गठबन्धनको उम्मेदवार रामचन्द्र पौडेललाई मत हाल्न र सरकारमा सहभागी हुन प्रधानमन्त्रीले आग्रह गरेको रास्वपा सभापति रवि लामिछानेले सोमबार बसेको पार्टी केन्द्रीय कमिटीको बैठकमा 'ब्रिफिङ' गरेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टीले तत्काललाई सरकारलाई दिएको समर्थन कायमै राख्ने भएको छ। पार्टी केन्द्रीय कार्यालय वसुन्धरामा सोमबार बसेको रास्वपाको केन्द्रीय कमिटी बैठकले उपयुक्त समय नआउन्जेलसम्म समर्थन कायमै राख्ने निर्णय गरेको हो। तर, राष्ट्रपति निर्वाचन र सरकारमा जाने-नजानेबारे रास्वपा 'पर्ख र हेर'को नीतिमा रहेको सहमहामन्त्री कवीन्द्र बुर्लाकोटीले बताए। 'अहिले राष्ट्रपति निर्वाचनको उम्मेदवारी फिर्ता लिने समय बाँकी छ, दलहरूले राष्ट्रिय सहमति गर्ने भनेर कुरा गरिरहेका छन्,' उनले भने, 'त्यसैले हामी पर्ख र हेरको अवस्थामा छौँ। बैठकमा उम्मेदवारी फिर्ता लिने समयसम्म पर्खौं, राजनीतिक परिदृश्यमा केही फेरबदल हुन सक्छ भन्ने विषयमा छलफल भएको छ। त्यसपछि ठूला निर्णय गरौँ भन्ने कुरा छ।'

## सशस्त्रमा बढुवा, वृत्ति विकास र संरचनागत सुधार गरिने

### एआइजीको नेतृत्वमा तीन उच्चस्तरीय समिति गठन

**नवराज मैनाली**/नयाँ पत्रिका

सशस्त्र प्रहरी बलमा देखिएको वृत्ति विकाससम्बन्धी विकराल समस्याको समाधान तथा संरचनागत सुधारका लागि बृहत् छलफल सुरु भएको छ। यससम्बन्धी प्रारम्भिक प्रतिवेदन तयार गरी बढुवालगायत विषयलाई थप पारदर्शी र वस्तुगत बनाउन उच्चस्तरीय सुझाव समिति बनेका छन्।

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले प्रारम्भिक प्रतिवेदनमा छलफलपछि सोमबार तीन एआइजीको नेतृत्वमा तीन छुट्टाछुट्टै अध्ययन समिति बनाएका हुन्। कार्यसम्पादन मूल्यांकन तथा चुनौतीपूर्ण कार्यसम्पादन नम्बरबारे अध्ययन गर्न एआइजी नारायणदत्त पौडेल, तालिमसम्बन्धी नम्बरको विस्तृत अध्ययनका लागि एआइजी चन्द्रप्रकाश गौतम र बढुवा समितिले दिने नम्बरसम्बन्धी अध्ययन गरी सुधारको सुझाव दिन एआइजी वंशी दाहालको नेतृत्वमा समिति गठन भएका हुन्।

यसअघि गत ११ फागुनमा डिआइजी पुरुषोत्तम थापाको नेतृत्वमा वृत्ति विकाससम्बन्धी समस्या समाधानका लागि २३ सदस्यीय बृहत् अध्ययन समिति गठन भएको थियो।

सो समितिको प्रतिवेदनमाथि सोमबार सशस्त्र प्रहरी प्रधान कार्यालयमा बृहत् छलफल भएको हो। संगठनमा देखिएका समस्या समाधानका लागि अल्पकालीन, दीर्घकालीन र संरचनागत सुधारका लागि यसरी विभिन्न समितिमार्फत अध्ययन सुरु भएको सशस्त्र प्रहरीका एक उच्च अधिकारीले बताए।

देशको कान्छो सुरक्षा संगठन सशस्त्र प्रहरीमा वृत्ति विकास योजनाअनुसार दरबन्दी तय नभई भर्ना हुँदा अहिले बढुवामा ठूलो समस्या छ। केही ब्याचका अधिकृतहरू १५-१६ वर्षमा इन्सपेक्टरबाट डिएसपी हुने र डिएसपीबाट एसपी हुन १०-१२ वर्ष लाग्ने अवस्था छ। जसअनुसार इन्सपेक्टरमा भर्ना भएकाहरू ३० वर्षे जागिर अवधिमा एसपीबाटै अवकाश पाउने अवस्था छ। इन्सपेक्टरको चौथौ, पाँचौँ, छैटौँ र सातौँ ब्याचमा यस्तो समस्या छ। वृत्ति विकासको समस्या समाधानका लागि पटक-पटक पहल हुँदै आए पनि कार्यान्वयन हुन सकेको छैन। यसलाई जसरी पनि अब टुंगोमा पुर्‍याउन सशस्त्र प्रहरी नेतृत्वले बृहत् छलफल अघि बढाएको हो। सीमा सुरक्षाजस्तो संवेदनशील जिम्मेवारीमा रहेको संगठनमा वृत्ति विकासको समस्याले संगठनको प्रभावकारितामै असर पुर्‍याएको सशस्त्र प्रहरी अधिकारी बताउँछन्।

#### ■ आइजिपीदेखिको पदावधि घटाउने प्रस्ताव

समितिले प्रारम्भिक प्रतिवेदन तयार पार्दै उच्च पदको पदावधि घटाउने प्रस्ताव गरेको छ। प्रहरी महानिरीक्षककै पदावधि हाल चार वर्ष रहेकोमा त्यसलाई तीन वर्षमा झार्ने प्रस्ताव गरिएको छ। यसमा हालका सशस्त्र प्रहरी महानिरीक्षकसमेत सहमत रहेको सशस्त्र मुख्यालय स्रोत बताउँछ। 'वृत्ति विकासको समस्या समाधान हुन्छ भने तीन वर्ष होइन, आइजिपीको पदावधि दुई वर्ष बनाउन पनि म तयार छु,' सोमबारको छलफलमा उनले भनेका थिए।

त्यस्तै, एआइजीको तीन, डिआइजीको चार, एसएसपीको ६ र एसपीको आठ वर्ष बनाउने प्रस्ताव गरिएको छ। बढुवामा विभूषणको नम्बर राख्ने कि हटाउने विषयमा पनि बहस सुरु भएको छ। बढुवामा २ नम्बर विभूषणबापत दिने गरिन्छ। विभूषण पाउनेमध्ये धेरैले पहुँचका आधारमा पाउने भएकाले यस्तो नम्बरको औचित्यमाथि प्रश्न उठ्दै आएको छ। विभूषण विकृति बनेपछि नेपाल प्रहरीमा यस्तो नम्बर हटाइएको छ। सशस्त्र प्रहरीमा पनि हटाउनेबारे छलफल सुरु भएको छ। कार्यसम्पादन मूल्यांकन नम्बरको प्रणालीमा पनि सुधारको बहस हुँदै आएको थियो।

### आठै बाहिनीका डिआइजी फेरिए

गृह मन्त्रालयले सोमबार सशस्त्र प्रहरी बलका ११ डिआइजी र ११ एसएसपीको सरुवा तथा चार डिआइजीको पदस्थापन गरेको छ। सरुवामा सशस्त्र प्रहरीका आठवटै बाहिनीका प्रमुख फेरिएका छन्। बराह बाहिनी सुनसरीमा डिआइजी अञ्जनीकुमार पोखरेल, छिन्नमस्ता बाहिनी महोत्तरीमा दीपेन्द्र शाह, पशुपतिनाथ बाहिनी, काठमाडौंमा पुरुषोत्तम थापालाई जिम्मेवारी दिइएको छ। त्यस्तै, गढीमाई बाहिनी मकवानपुरमा लक्ष्मणबहादुर सिंह, मुक्तिनाथ बाहिनी कास्कीमा कालीदास धौवजी, विन्धवासिनी बाहिनी लुम्बिनीमा विदुर खड्का, महेश्वरी बाहिनी सुर्खेतमा प्रदीपकुमार पाल र वैद्यनाथ बाहिनी कैलालीमा कुमार न्यौपानको सरुवा भएको छ।

११ जना एसएसपीको पनि सरुवा भएको छ। जसअनुसार दीपक अधिकारीलाई लामापाटन तालिम केन्द्र, मनीष थापालाई कुरिनटार तालिम केन्द्र तथा कृष्ण ढकाललाई ककनी तालिम केन्द्रमा पठाइएको छ। अवधि पुगेका र रिक्त भएका स्थानमा नियमित सरुवा गरिएको सशस्त्र प्रहरी बलले जनाएको छ।

## सिभिल अस्पतालको सेवा प्रवाहमा सुधार गर्न निर्देशन

**काठमाडौं**/ संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले निजामती सेवा अस्पताल (सिभिल अस्पताल) को निरीक्षण गरेका छन्। सोमबार मन्त्री मोदीले अस्पताल पुगेर अस्पतालको भौतिक संरचना, सेवा प्रवाह, सरसफाइको अवस्थाबारे निरीक्षण गरेका हुन्। उनले अस्पतालको सेवा प्रवाहमा उल्लेख्य सुधार गर्न निर्देशन दिए। मुख्यगरी, अस्पतालले आकस्मिक सेवा प्रवाहमा सुधार गर्नुपर्ने उनको भनाइ थियो।

'यहाँको आकस्मिक सेवा प्रवाहको सन्दर्भमा धेरै गुनासा छन्,' मोदीले भने, 'आकस्मिक सेवा प्रवाहको सन्दर्भमा उल्लेख्य सुधार गर्न आवश्यक छ, त्यतातिर तपाईंहरूको ध्यान जाओस्।' मन्त्री मोदीले चिकित्सक र नर्सहरूको व्यवहार र बोलीले पनि बिरामीको मनोबल वृद्धि हुने भएकाले सेवाग्राहीसँग राम्रो व्यवहार गर्नसमेत निर्देशन दिए।

सेवाग्राहीसँग चमेनागृहमा सँगै खाना खाएका मन्त्री मोदीले चमेनागृहको सरसफाइमा ध्यान दिन पनि निर्देशन दिए। 'यहाँको चमेनागृह, चर्पी र अस्पताल परिसरको सरसफाइमा पनि विशेष रूपले ध्यान दिनुहोला,' उनले भने। निरीक्षणको क्रममा अस्पतालका डाक्टर, नर्स र कर्मचारीले अस्पतालको नीतिगत, प्रशासनिक र संस्थागत सुधारका सम्बन्धमा समस्या राखेका थिए।

## राष्ट्रपति निर्वाचन : पौडेल र नेम्वाङको उम्मेदवारीविरुद्ध परेन उजुरी

### बुधबारदेखि आचारसंहिता, खर्च सीमा चार लाख



पौडेल



नेम्वाङ

**नयाँ पत्रिका**
**काठमाडौं, १५ फागुन**

राष्ट्रपति पदमा उम्मेदवारी दिने कांग्रेसका रामचन्द्र पौडेल र एमालेका सुवासचन्द्र नेम्वाङविरुद्ध उजुरी परेको छैन। राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन अधिकृतको कार्यालयले उम्मेदवारविरुद्ध उजुरी नपरेको जानकारी दिएको छ। दुवै उम्मेदवारीविरुद्ध उजुरी नपरेपछि निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन कार्यक्रम अघि बढाएको छ। राष्ट्रपतिको निर्वाचन आगामी २५ फागुनमा हुँदै छ।

निर्वाचन अधिकृतका कार्यालयका अनुसार मंगलबार १०-४ बजेसम्म उम्मेदवारी फिर्ता लिने समय छ। मंगलबार साँझ नै उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने कार्यालयको तयारी छ।

राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनको आचारसंहिता मंगलबारदेखि लागू हुँदै छ। अन्तिम नामावली प्रकाशन गरेपछि त्यसमा रहेका उम्मेदवारलाई बोलाएर आचारसंहिताबारे जानकारी गराइने सहायक निर्वाचन अधिकृत अमृता शर्माले बताइन्। निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले १७ फागुनदेखि ५ चैतसम्म आचारसंहिता लागू हुने जानकारी दिए। ३ चैतमा उपराष्ट्रपतिको निर्वाचन हुँदै छ।

आचारसंहितामा मतदानको ४८ घन्टाअघिदेखि सभा, जुलुस, नाराबाजीलगायत प्रचारप्रचार गर्न नपाउने व्यवस्था छ। साउन्ड सिस्टम, सर्ट मेसेज सर्भिस (एसएमएस), सामाजिक सञ्जाल तथा अन्य कुनै साधन प्रयोग गर्न नपाउने पनि उल्लेख छ। बाजा, सार्वजनिक भोज, हुलहुज्जत गर्न नपाइने, मादक पदार्थ निषेध र हातहतियार लिएर हिँड्न नपाइने व्यवस्था गरिएको छ।

आयोगका अनुसार राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनमा उम्मेदवारको अधिकतम खर्च सीमा चार लाख रुपैयाँ रहेको छ। दुवै पदका उम्मेदवारले चुनाव प्रचारप्रसार र सम्पर्क कार्यालयलगायत शीर्षकमा खर्च गर्न पाउँछन्। राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐनको दफा ६२ अनुसार मनोनयनपत्र दर्तादेखि परिणाम घोषणासम्मको अवधिमा उम्मेदवारले गर्ने खर्च अधिकतम चार लाख हुनुपर्छ। परिणाम घोषणा भएपछि ३० दिनभित्र आयोगमा खर्च विवरण बुझाउनुपर्छ।


**Province Government**
**Ministry of Physical Infrastructure Development and Transport Management**
**Infrastructure Development Directorate**
**Infrastructure Development Office**
**Tanahun**
**Gandaki Province**

**Invitation for Bids**

Date of Re- Publication: **2079-11-16 (2023/02/28)**

1. Infrastructure Development Office, Tanahun invites **online bids only** under e-procurement system from eligible bidders for the construction of ***Project mentioned below*** under **seal quotation** procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp . All eligible bidders are requested to submit e-Bid only as per instructions within the mentioned period.

| S.N | Name of Project | Contract ID | Estimated Amount (inclusive of VAT & PS) | Cost of Bid Document (NRs) | Bid Security Amount (NRs) | Bid security validity period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | Construction and Maintenance Of District Prison Cell, Tanahun | IDO/TANAHUN/ SQ/W/10/079-080 (RE) | 974018.49 | 1000 | 25,000 | 30 days beyond bid validity period | |

2. Information to Deposit the cost of bidding document and bid security in Bank.

| For Purchasing Bidding Document | Cash Deposit for Bid Security |
|---|---|
| Name of the Bank:- Nepal Bank Ltd, Damauli, Tanahun<br>Name of Office:- Infrastructure Development Office, Tanahun<br>Office Code No :- 3370138034<br>Office's Account No :- 27302000001001000001<br>Rajaswa (Revenue) Shrishak No.:-14229 | Name of the Bank:- Nepal Bank Ltd, Damauli, Tanahun<br>Account Name:- Province Treasure Controller Office<br>Office Code No.:- 3370138034<br>Office's Account No.:- 06002000002003000001 |

# सन्दीपलाई विदेश जान सर्वोच्चको स्वीकृति

## उच्च अदालतको आदेश आंशिक बदर, खेल सकिएको १५ दिनभित्र अदालतमा उपस्थित हुनुपर्ने

**नयाँ पत्रिका**
**काठमाडौं, १५ फागुन**

सर्वोच्च अदालतले जबर्जस्ती करणी मुद्दा खेपिरहेका क्रिकेटर सन्दीप लामिछानेलाई धरौटीमा रिहा गर्ने उच्च अदालत पाटनको आदेश सदर गर्दै उनलाई विदेश जान अनुमति दिएको छ। सोमबार सर्वोच्चको संयुक्त इजलासले बलात्कार आरोपित लामिछानेलाई क्रिकेट खेल्नका लागि बाहिर जान पाउने, तर खेल सकिएको १५ दिनभित्र नेपाल फर्किई मुद्दा चलिरहेको अदालतमा उपस्थित हुन आदेश दिएको सर्वोच्चका प्रवक्ता विमल पौडेलले जानकारी दिए।



न्यायाधीशद्वय सपना प्रधान मल्ल र कुमार चुडालको इजलासले गरेको आदेशमा भनिएको छ, 'प्रतिवादी पीडिता एवं पीडिताका साथीहरूबीच फेसबुक, ह्वाट्सएप र स्नापचाटमार्फत पटक-पटक वार्ता मेसेज आदान-प्रसदानसमेत भएका उपरोक्त तत्काल प्राप्त प्रमाणका आधार कारणबाट प्रतिवादीलाई थुनामा नै राखेर पुर्पक्ष गर्नुपर्नेसम्मको अवस्था नभई निज प्रतिवादी सन्दीप लामिछानेसँग २० लाख धरौटी माग गर्ने गरी र आदेशको प्रकरण नम्बर २१ को (क) बाहेकका अन्य बुँदामा उल्लेखित निषेधात्मक आदेशका हदसम्म पछि प्राप्त प्रमाणका आधारमा अन्यथा देखिएमा सोहीबमोजिम हुने गरी उच्च अदालत पाटनले मिति ०७९ पुस २८ मा गरेको आदेश मिलेको देखिँदा सो हदसम्म केही परिवर्तन गरिरहनुपरेन।'

उच्च अदालतले २८ पुसमा जिल्ला अदालत काठमाडौंको आदेश उल्ट्याउँदै थुनामुक्त गरी धरौटीमा रिहा गर्न आदेश गरेको थियो। न्यायाधीशद्वय ध्रुवराज नन्द र रमेश ढकालको इजलासले उनलाई विदेश जान प्रतिबन्ध लगाउनुका साथै राहदानी रोक्का गर्न गृह मन्त्रालय र परराष्ट्र मन्त्रालयमा लेखी पठाउन आदेश दिएको थियो। उक्त आदेश बदर गरे पनि अन्य सबै आदेश तथा सर्त भने सर्वोच्चले सदर गरेको हो।

सर्वोच्चबाट भएको आदेशमा भनिएको छ, 'हाल प्रतिवादीलाई क्रिकेटको विश्वकप छनोटको प्रतिस्पर्धामा जानुपर्ने निवेदनको जिकिर रहेकोमा अब निज प्रतिवादी सन्दीप लामिछानेलाई विदेशमा सहभागी हुनुपर्ने क्रिकेट खेलमा विदेश जान दिनु-दिलाउनु एवं निजको राहदानी रोक्का भएको भए फुकुवा गरिदिन भनी सम्बन्धित निकायमा लेखी पठाउनु र निज प्रतिवादी सन्दीप लामिछाने नेपालको तर्फबाट सहभागी भई कुनै पनि विदेशमा क्रिकेट खेल्न गएको भएमा सो खेल समाप्त भई उपलब्ध यातायात साधनबाट (जस्तै हवाईजहाज) स्वदेश फर्कन लाग्ने युक्तिसंगत म्यादबाहेक १५ दिनभित्र सम्बन्धित मुद्दा हेर्ने अदालतमा उपस्थित भई स्वदेश फर्किएको जानकारी दिनु-दिलाउनु तथा यस सर्तको उल्लंघन गरेमा उक्त सुविधा फिर्ता लिने भन्ने उक्त व्यहोराको जानकारी निज प्रतिवादी सन्दीप लामिछानेलाई गराउनू।'

उच्च अदालतले विभिन्न प्रतिबन्धात्मक आदेशहरू जारी गरेकोमा ती सर्त उल्लंघन नगरी सन्तोषजनक रूपमा परिपालना गरेको ठहर इजलासको छ। घटना भएको भनिएको दिन ५ भदौपछि नेपालको तर्फबाट क्रिकेट खेलाडीका रूपमा केन्या गए पनि उनले अनुसन्धान र न्यायिक प्रक्रियामा सहयोग पुर्‍याएको भन्दै उनलाई विदेश जाने अनुमति दिइएको हो।

इजलासले भनेको छ, '...निज प्रतिवादी मिसिल संलग्न कागजात व्यहोराबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको क्रिकेट खेलाडी भएकाले निजले देशभित्र र विदेशमा समेत अन्तर्राष्ट्रियस्तरको क्रिकेट खेलको प्रतिस्पर्धामा भाग लिन जानुपर्ने देखिएको हुँदा निज प्रतिवादी सन्दीप लामिछानेलाई विदेश जान रोक लगाउने गरी उच्च अदालत पाटनले प्रकरण नम्बर २१ को खण्ड क मा वर्णित मिति ०७९ पुस २८ को आदेश मिलेको नदेखिँदा सो हदसम्म बदर गरिरदिएको छ।'

क्रिकेटर लामिछानेले आफूसँगै एउटै कोठामा रहे पनि करणी भने नगरेको भनी प्रहरी र अदालतसामु बयान गरेका थिए। उक्त इन्कारी बयानलाई पनि आदेशको आधार बनाइएको छ। पीडितको शारीरिक परीक्षणबाट उनका अंगहरूमा घाउ देखिएको र मानसिक अवस्था 'मेन्टल्ली एलर्ट' रहेको स्वास्थ्य प्रतिवेदन इजलासमा पेस भएको थियो। पीडिताले आफूमाथि दुईपटक सो रात बलात्कार भएको भने पनि पीडितको शारीरिक परीक्षणमा वीर्य नभेटिएको भन्दै धरौटीमा छाड्ने आदेश सदर भएको हो।





न्यायाधीशद्वय **सपना प्रधान मल्ल** र **कुमार चुडाल**को इजलासले भनेको छ -

प्रतिवादी पीडिता एवं पीडिताका साथीहरूबीच फेसबुक, ह्वाट्सएप र स्नापचाटमार्फत पटक-पटक वार्ता मेसेज आदान-प्रदानसमेत भएका उपरोक्त तत्काल प्राप्त प्रमाणका आधार कारणबाट प्रतिवादीलाई थुनामा नै राखेर पुर्पक्ष गर्नुपर्नेसम्मको अवस्था देखिँदैन

वारदात भएको दिनको सिसिटिभी फुटेजमा पनि ती किशोरी 'सहजै' अवस्थामा आएको र गएको देखिएको निष्कर्ष इजलासको छ। पीडिताले आफ्नी साथीलाई सन्दीपसँग भेटेको पल जीवनकै खुसीको पल रहेको तथा उनीसँग भेटेपछि खुसी व्यक्त गर्दै मेसेज पठाएकोजस्ता कुरालाई पनि आधार बनाउँदै इजलासबाट यस्तो आदेश आएको हो।

यो मुद्दालाई सार्वजनिक चासोको विषय भएका कारण यसलाई शीघ्र टुंग्याउन पनि इजलासले आदेश दिएको प्रवक्ता पौडेलले बताए। 'प्रस्तुत मुद्दा जबर्जस्ती करणी अभियोग सम्बन्धित भएको र प्रतिवादी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको क्रिकेट खेलाडी भएको र सार्वजनिक चासोको विषय भएकाले शीघ्र सनुवाइ (फास्ट ट्र्याक) बाट निरन्तर सुनुवाइको (कन्टिन्युअस हियरिङ) प्रक्रिया अवलम्बन गरी छिटो कारबाही किनारा गर्नू भनी काठमाडौं जिल्ला अदालतलाई जानकारी दिई नियमानुसार गर्नू,' उक्त आदेशमा थप भनिएको छ।

## पल शाह थुनामुक्त

कास्कीमा **रोहितराज पराजुली**

बलात्कार अभियोगमा थुनामा रहेका कलाकार पल शाह जेलमुक्त भएका छन्। उच्च अदालत पोखराले आइतबार नवलपुर जिल्ला अदालतले गत भदौमा गरेको फैसलामाथिको अभियोगमा दाबी नपुगेको भन्दै शाहलाई सफाइ दिने फैसला गरेको थियो। सोही आदेशसँगै शाह सोमबार थुनमुक्त भएका हुन्। उनलाई कारागारबाहिर जम्मा भएका समर्थक तथा आफन्तले फूलमाला लगाएर स्वागत गरे। जिल्ला अदालत नवलपुर इमेलमार्फत सोमबार बिहान पललाई थुनामुक्त गरिदिन पत्र पठाएको थियो। पल १५ फागुन ०७८ मा तनहुँ प्रहरीको हिरासतमा पुगेका थिए। जाहेरी परेको चार दिनपछि प्रहरीसमक्ष पलले आत्मसमर्पण गरेका थिए।



अदालतका कायममुकायम मुख्य न्यायाधीश डिल्लीराज आचार्य र न्यायाधीश श्रीधराकुमारी पुडासैनीको संयुक्त इजलासले अभियोगको दाबी नपुगेको भन्दै शाहलाई सफाइ दिने फैसला गरेको अदालतका उपरजिस्ट्रार एवं सूचना अधिकारी विष्णुप्रसाद आचार्यले जानकारी दिए।

जिल्ला अदातल नवलपुरका न्यायाधीश यज्ञप्रसाद आचार्यको इजलासले २१ भदौमा बलात्कार मुद्दामा शाहलाई सफाइ दिए पनि बालयौन दुराचारको अभियोगमा मुलुकी अपराधसंहिता, २०७४ को दफा २२५(१) को कसुर ठहर गरी, सोही ऐनको दफा २२५(२) बमोजिम ३० महिना कैद, २५ हजार जरिवानासँगै पीडित नाबालिगलाई १० लाख रुपैयाँ क्षतिपूर्ति भराउने फैसला गरेको थियो। नवलपुर अदालतले गरेको फैसला चित्त नबुझेको भन्दै जिल्ला सरकारी वकिलको कार्यालयसँगै शाहले उच्च अदालत पोखरामा पुनरावेदन गरेका थिए। नवलपुरको फैसलापछि शाहले आफूले पूरै सफाइ पाउनुपर्ने जिकिर गर्दै अदालतको फैसलाविरुद्ध २५ भदौमा उच्च अदालतमा पुनरावेदन गरेका थिए। त्यसपछि जिल्ला सरकारी वकिलको कार्यालयले समेत अभियोगपत्रअनुसार नै अधिकतम १४ वर्षको जेल सजाय हुनुपर्ने माग गर्दै पुनरावेदन गरेको थियो। आइतबार गरिएको फैसलामा 'प्रतिवादी शाहलाई अभियोग दाबीबमोजिम जबर्जस्ती करणीको कसुरमा कसुरदार ठहर गरिपाऊँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। पुनरावेदक प्रतिवादी शाह अन्य मुद्दाको रोहबाट थुना वा कैदमा राख्न नपर्ने प्रस्तुत मुद्दाको रोहबाट कारागारमुक्त गरिदिनु भनी निज कैद (थुना)मा रहेको जिल्ला कारागार कार्यालय तनहुँमा अविलम्ब लेखी पठाउनू' भनिएको छ। यसअघि २३ माघमा उच्च अदालत पोखराका कायममुकायम मुख्य न्यायाधीश आचार्य र न्यायाधीश ऋषिराज राजभण्डारीको संयुक्त इजलासले शाहको मुद्दामा प्रत्यर्थी झिकाउने आदेश दिएको थियो। नवलपुर जिल्लाको फैसलामा वादी र प्रतिवादी दुवै पक्षबाट परेको पुनरावेदनपछि उच्च अदालतले प्रत्यार्थीहरू झिकाउने आदेश दिएको हो।

## प्रधानमन्त्रीप्रति परराष्ट्रमन्त्रीको गुनासो

**काठमाडौं**/ परराष्ट्रमन्त्री डा. विमला राई पौड्यालले मानवअधिकार परिषद्को ५२औं अन्तर्राष्ट्रिय सम्मेलनमा कार्यकारीलाई रोकेर सल्लाहकार पठाउने निर्णयमा प्रश्न उठाएकी छिन्।

राष्ट्रिय सभाको सोमबारको बैठकमा विशेष समय लिएर बोल्दै मन्त्री पौड्यालले प्रश्न गरिन्, 'कार्यकारीले नेतृत्व गर्ने सभामा सल्लाहकार वा विज्ञले नेतृत्व गर्न मिल्छ कि मिल्दैन ? यसको कानुनी हैसियत के हुन्छ ?' मन्त्रिपरिषद्बाटै आफ्नो नेतृत्वमा मानव अधिकारको पक्षमा वकालत गर्न नेपाली टोली जाने प्रस्ताव स्वीकृत भएको उल्लेख गर्दै मन्त्री पौड्यालले सबै तयारी भइसकेपछि अन्तिममा प्रधानमन्त्रीले नजानु भनेपछि आफूले नेतृत्व गर्न नपाएको बताइन्।

प्रधानमन्त्री प्रचण्डले परराष्ट्रमन्त्री पौड्यालको जेनेभा भ्रमण अन्तिममा रद्द गरेका थिए। मन्त्री पौड्यालको भ्रमण रद्द भएपछि पूर्वकानुनमन्त्री गोविन्द बन्दीले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरेका छन्।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय भलवारी, रुपन्देही, फोनः ०७१-५६१५४३/४९
को

**शाखा कार्यालय भलवारी, रूपन्देहीको तपसिलमा उल्लेखित ऋणीहरूको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०७९/११/१६ गते)

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकको शाखा कार्यालय भलवारी, रूपन्देहीबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरू र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०७९/१०/०२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरूको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरू र व्यक्तिगत जमानतकर्ताहरूको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

नाम : **बिनु वि.के**
पति : श्याम वहादुर वि.के
ससुरा : लाल वहादुर वि.के
ठेगाना : आनन्दवन गा.वि.स. वडा नं. -३, रूपन्देही
हाल : तिलोत्तमा न.पा. वडा नं. ५, रूपन्देही
ना.प्र.प.नं.: ३७३०१४/४८, रूपन्देही

व्यक्तिगत जमानतकर्ताहरू

| | | |
|---|---|---|
| नाम : **लाल वहादुर बि.के**<br>बावु : दल सिंह बि.के<br>बाजे : तारन बि.के<br>ठेगाना : आनन्दवन गा.वि.स.- ३, रूपन्देही<br>हाल : तिलोत्तमा न.पा. वडा नं. ५, रूपन्देही<br>ना.प्र.प.नं.: ३/४५९९, रूपन्देही | नाम : **रितु बि.के**<br>बावु : श्याम वहादुर बि.के<br>बाजे : लाल वहादुर बि.के<br>ठेगाना : तिलोत्तमा न.पा. वडा नं. ५, रूपन्देही<br>ना.प्र.प.नं.: ३७-०१-७४-११३४४, रूपन्देही | नाम : **श्याम वहादुर बि.के**<br>बावु : लाल वहादुर बि.के<br>बाजे : दल सिंह बि.के<br>ठेगाना : तिलोत्तमा न.पा. वडा नं. ५, रूपन्देही<br>ना.प्र.प.नं.: २/४४७३, रूपन्देही |

२. ऋणीको विवरण

प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग, पर्यटन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर, रूपन्देहीमा प्राइभेट फर्म दर्ता ऐन, २०७६ बमोजिम मिति २०७७/११/०६ मा दर्ता नं. २०९४६/०७७/७८ कायम भई दर्ता भएको रूपन्देही जिल्ला, तिलोत्तमा नगरपालिका वडा नं. ५, मणीग्राम स्थित **मरिना रेष्टुरेन्ट एण्ड होटल,** **प्रोप्राइटरः बिनु वि.के**

व्यक्तिगत जमानतकर्ताहरू

| | | |
|---|---|---|
| नाम : **बिनु वि.के**<br>पति : श्याम वहादुर वि.के<br>ससुरा : लाल वहादुर वि.के<br>ठेगाना : आनन्दवन गा.वि.स.-३, रूपन्देही<br>हाल : तिलोत्तमा न.पा. वडा नं. ५, रूपन्देही<br>ना.प्र.प.नं.: ३७३०१४/४८, रूपन्देही | नाम : **लाल वहादुर बि.के**<br>बावु : दल सिंह बि.के<br>बाजे : तारन बि.के<br>ठेगाना : आनन्दवन गा.वि.स.- ३, रूपन्देही<br>हाल : तिलोत्तमा न.पा.-५, रूपन्देही<br>ना.प्र.प.नं.: ३/४५९९, रूपन्देही | नाम : **श्याम वहादुर बि.के**<br>बावु : लाल वहादुर बि.के<br>बाजे : दल सिंह बि.के<br>ठेगाना : तिलोत्तमा न.पा. वडा नं. ५, रूपन्देही<br>ना.प्र.प.नं.: २/४४७३, रूपन्देही |

धितोमा रहेको सम्पत्तिको विवरण

**१) लाल बहादुर वि.के.को** नाममा मालपोत कार्यालय बुटवल, रूपन्देहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको रूपन्देही जिल्ला, आनन्दवन गा.वि.स./न.पा. वडा नं. ४ क स्थित कित्ता नं. ३०७७ को क्षेत्रफल ०-०-६-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

**२) विनु वि.के.को** नाममा मालपोत कार्यालय बुटवल, रूपन्देहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको रूपन्देही जिल्ला, आनन्दवन गा.वि.स./न.पा. वडा नं. ४ क स्थित कित्ता नं. ३०७६ को क्षेत्रफल ०-०-६-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

नाम : **सुस्मा बि.के**
बावु : श्याम वहादुर बि.के
बाजे : लाल वहादुर बि.के
ठेगाना : तिलोत्तमा न.पा. वडा नं. ५, रूपन्देही
ना.प्र.प.नं.: ३७-०१-७७-०११४८, रूपन्देही

**नोटः उल्लेखित दुबै ऋणीहरूको धितोमा रहेको सम्पत्तिको विवरण एकै भएको ।**

**धितो लिलामी बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम मिति २०७९/११/१६ गते मंगलवारदेखि केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय भलवारी, रूपन्देहीबाट प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरूप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।
३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
४. शिलबन्दी बोलपत्र मिति २०७९/११/३० गते मंगलवार कार्यालय समय भित्र शाखा कार्यालय भलवारी, रूपन्देहीमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
५. शिलबन्दी बोलपत्र मिति २०७९/१२/०१ गते बुधवार दिउँसो ४:०० बजे शाखा कार्यालय भलवारी, रूपन्देहीमा बोलपत्रदाता वा निजले लिखितरूपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र शाखा कार्यालय भलवारी, रूपन्देहीबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
८. सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
९. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय भलवारी, रूपन्देहीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

Government of Gandaki Province
Ministry of Agriculture, Energy and Water Resources
**Water Supply and Sanitation Division Office**
Gorkha, Nepal

**Invitation for Bid (IFB)**

**First date of publication: February 28, 2023**

Water Supply and Sanitation Division Office, Gorkha invites only electronic bids for eligible bidders for the procurement of Works for the following under National Competitive Bidding (NCB).

| sn | Tender No. | Tender Description | Price of Bid Document | Last Date of Bid Submission | Bid Security/ Bid Bond |
|---|---|---|---|---|---|
| 1 | 13/079-080/ Works/ WSSDOGorkha. | Construction of 100 Cum RCC Over Head Tank in Duwar Lift WSP, Palungtar -08, Gorkha | NRS. 3000 | March 30, 2023 12:00 Hours | NRS. 202000.00 |
| 2 | 14/079-080/ Works/ WSSDOGorkha. | Construction of Pipe Line and Related Structures including Supply and Delivery of HDPE Pipe (PE100) for Chitlikhola Brihat WSP, Rainas 6,7,8, Lamjung | NRS. 3000 | March 30,2023 12:00 Hours | NRS. 143000.00 |

Eligible bidders may obtain further information from Water Supply and Sanitation Division Office during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp, **Email: wssdogorkhap4@gmail.com, Tel: 064-420110**

**Division Chief**

नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय, पोखरा**
**सडक डिभिजन शिवपुर, कपिलवस्तु**

**कारण सहित सम्पर्कमा आउने सुचना**

सुचना प्रकाशित मिति: २०७९/११/१६


यस डिभिजन अन्तर्गत तपसिल बमोजिमका ठेक्का सम्झौता गरेका तपसिलका निर्माण व्यवसायीहरुले ठेक्काको म्याद तथा पेश गरेको कार्यतालिका बमोजिम तथा पटक पटक मौखिक र लिखित रुपमा ताकेता गर्दा पनि निर्माण कार्यमा ढिला सुस्ती गरेको पाइएकोले सडक प्रयोगकर्तालाई समेत प्रतिकुल असर परिरहेको हुनाले ठेक्का सम्झौताको सर्तहरु बमोजिम यो सुचना प्रकाशित भएको मितिले ३ (तीन) दिनभित्र कार्यालयमा सम्पर्क राख्नु हुन र बाँकि रहेको कार्य अविलम्व सम्पन्न गर्नुहुन अनुरोध छ। यस सूचनालाई अटेर गरी कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीहरुलाई ठेक्का सम्झौताका शर्तहरु तथा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ बमोजिक कारवाहीको प्रक्रिया अगाडी बढाइने व्यहोरा समेत अनुरोध छ।

| क्र. स. | ठेक्का नं. | कार्यको विवरण | निर्माण व्यवसायी | सम्झौता मिति |
|---|---|---|---|---|
| 1. | DROSPR/337 1574/070/71-095 | Construction of Prestressed RCC Girder Motorable Bridge over Kanchanaiya Khola (Sotawa Nadi) Bridge at Algi- Hardauna Road, Kapilvastu | Kasthamandap Construction P. Ltd., Balkhu | 2071/03/32 |
| 2. | RDSPR/3370 11384/078/79/ 019 | Upgrading and Improvement Works on Mahendra Rajmarg. (Gorusinghe Bazar (CH. 634+000)-Dhan khola (CH.675+000) Section)., Kapilvastu | Marchawar construction | 2078/10/20 |
| 3. | RDSPR/3373 10113/078/79/ 020 | Specific Maintenance Works on Mahendra Rajmarg. (kothi CH. 614+000 - Gorusinghe Chowk CH. 634+000 Section)., Kapilvastu | Marchawar construction | 2078/10/20 |
| 4. | RDSPR/3370 11384/078/79/ 21 | Upgrading and Improvement works on Jitpur-Taulihawa Sadak (Bhawani Bhixu Bahadurgung, Bazar adda chauk), Kapilwastu | Gangotri dewi Nirman Sewa, Nepalgunj | 2078/11/02 |
| 5. | RDSPR/3370 11384/077/78/ 024 | Upgrading and Improvement works on Bhalubang-Nuwakot-Khandah-Kharbang Road (Dalamcheda-Bhajakharka Section) | M/s Bhusal Construction & Supplier's Pvt.Ltd., Kathmandu | 2078/03/04 |
| 6. | RDSPR/3370 11384/078/79/ 009 | Upgrading and Improvement works on Jitpur-Taulihawa Sadak(Bhawani Bhixu-Bahadurgung,Bazar adda chauk), Kapilwastu | Manakamana Nirman Sewa and Suppliers pvt.ltd, Kathmandu | 2078/09/14 |

**डिभिजन प्रमुख**

### किशोर कुमारको बायोपिकमा रणवीर

स्वर्गीय अभिनेता तथा गायक किशोर कुमारको बायोपिकमा रणवीर कपुरले उनको भूमिका निर्वाह गर्ने भएका छन् । अहिले रणवीर कपुर 'तु झुठी मै मक्कार'को प्रमोसनमा व्यस्त छन् । प्रमोसनका दौरान उनले बायोपिकका लागि पछिल्ला ११ वर्षदेखि काम चलिरहेको बताए । उनले किशोर कुमारको भूमिका गर्न पाउँदा आफूलाई गर्व लागेको बताए ।





### बहावमा असमानताको कथा

फिल्म 'बहाव'को ट्रेलर सार्वजनिक भएको छ । ट्रेलरमा बाबु र छोरीबीचको दूरी, असमानता र क्रान्तिलाई चित्रण गरिएको छ । फिल्ममा सुरक्षा पन्त, कमलमणि नेपाल, अफ्रान अली, सूर्य शर्मा भट्ट, ईश्वरी सिंह, हिरालाल कँडेल, पवन श्रेष्ठलगायतको अभिनय छ ।

## डाइनिङ टेबल कस्तो छान्ने ?



बजारमा विभिन्न डिजाइनका डाइनिङ टेबल आउने गर्छन् । राउन्ड डाइनिङ टेबल सबैभन्दा धेरै चलेको पाइन्छ । आवश्यक परेको खानेकुरा आफू बसेकै ठाउँमा ल्याउन मिल्ने खालका टेबल पनि हुन्छन् । डाइनिङ टेबलले किचेनलाई सुन्दर देखाउने हुँदा यसको चयन गर्दा केही कुरामा ध्यान दिनुपर्ने हुन्छ ।



**देवेन्द्र गिरी**
मोडुलर किचेन नेपाल

तपाईं कुन आकारको टेबल किन्न चाहनुहुन्छ भन्ने कुरा सबैभन्दा महत्त्वपूर्ण हो । तपाईंले आफ्नो किचेनको स्पेस हेरेर यसको चयन गर्नुपर्ने हुन्छ । तपाईंको परिवारका सदस्य बस्न मिल्ने त हुनैपर्‍यो, यससँगै कहिलेकाहीँ दुई-तीनजना पाहुना आउँदा पनि बस्न मिल्ने खालको डाइनिङ टेबल चयन गर्नु राम्रो हुन्छ । पहिले-पहिले डाइनिङ टेबल र कुर्सी एकसाथ आउँथ्यो, तर अहिले टेबल अलग र कुर्सी अलग किन्ने सुविधा छ । त्यसैले आफूलाई जतिजना बस्न मिल्ने टेबल मन पर्छ, त्यही किन्दा हुन्छ ।

परम्परागत डाइनिङ टेबल काठबाट बनेको हुन्छ । तर, अहिले बजारमा प्लास्टिक, एक्रेलिक, मेटल, स्टोन आदि विभिन्न थरीका डाइनिङ टेबल उपलब्ध छन् । तपाईंले आफ्नो आवश्यकता र बजेट हेरेर आफूलाई मन पर्ने टेबल खरिद गर्न सक्नुहुन्छ ।

## धनियाँमा यस्ता **औषधीय गुण**

- हामीले खानाको स्वाद मिठो बनाउनका लागि प्रयोग गर्ने धनियाँ स्वास्थ्यका दृष्टिकोणले समेत निकै लाभदायी छ । यसले ब्लडसुगर घटाउन सहयोग गर्छ र टाइप टु डाइबेटिजको जोखिम घटाउँछ ।
- रोगप्रतिरोधी क्षमता बढाउनका लागि पनि धनियाँले भूमिका खेल्छ ।
- तपाईंको मुटुलाई स्वस्थ राख्न सहयोग गर्छ ।
- धनियाँले पाचन प्रणाली बलियो बनाउँछ । पेटलाई सफा राख्छ । संक्रमणबाट जोगाउन सहयोग गर्छ । तपाईंको छालालाई पनि स्वस्थ राख्न मद्दत गर्छ ।
- यसले मस्तिष्कको कार्यक्षमता बढाउन पनि सहयोग गर्छ । जसकारण, मानिसको स्मरणशक्ति बढ्छ । एन्जाइटी व्यवस्थापन गर्न मद्दत गर्छ ।


# कुर्सीमा सही तरिकाले बस्न नजान्दा ढाड दुख्ने समस्या



**विराशनराज भण्डारी**
वरिष्ठ फिजियोथेरापिस्ट
काठमाडौं फिजियोथेरापी क्लिनिक

हामीमध्ये धेरैलाई घर वा अफिसको कुर्सीमा कसरी बस्ने भन्ने पनि ज्ञान छैन । जसकारण, मेरुदण्डमा धेरैलाई समस्या देखिने गरेको छ । सामान्य कुरामा ख्याल गरे मात्र पनि यस्ता समस्याबाट मुक्त हुन सकिन्छ ।

काम गर्दा कतिपयको ढल्किने बानी हुन्छ, घोप्टिएर बस्ने बानी हुन्छ, यो गलत हो । कुर्सीमा बसेर पढ्दा वा काम गर्दा गर्दन सीधा हुनुपर्छ । काँध पनि सीधा हुनुपर्छ । माथिल्लो ढाड र तल्लो ढाड ९० डिग्रीमा हुनुपर्छ । कम्प्युटर चलाउँदा शरीरको अगाडि भाग नझुक्ने गरी किबोर्डको उचाइ मिलाउनुपर्छ । आँखाको भाग सीधा हुने गरी मनिटर राख्नुपर्छ । आई लेभल मनिटरसँग नमिलेमा आँखामा पनि समस्या देखिन सक्छ ।



### ढाड दुख्ने कारण

मेरुदण्डको समस्या/ढाड दुख्नु एक प्रकारको जटिल समस्या मात्रै नभएर अन्य रोगका कारणको रूपमा पनि देखा पर्न सक्छ । हामी मोबाइल, ल्यापटप, कम्प्युटरमा घन्टौंसम्म बिताउँछौं । त्यसक्रममा हामीमध्ये धेरैले मोबाइल र ल्यापटप घोप्टो परेर हेर्छौं । त्यस्तै, कुर्सीमा बस्ने तरिका थाहा नहुँदा हामीले आफ्नो शरीरलाई बिगारिरहेका हुन्छौं । गलत तरिकाले बसेर मोबाइल चलाउँदा, ल्यापटप र कम्प्युटरमा काम गर्दा ढाड तथा शरीरमा नै समस्या निम्तिरहने हुन्छ । कुर्सीमा बसेर काम गर्दा शरीरमा कम्मरको भागको मांसपेशीमा बढी लोड पर्न जान्छ । अझ अगाडि झुकेर काम गर्दा झन् बढी पर्न जान्छ । यसले गर्दा मानिसलाई ढाड दुख्ने समस्या सुरु हुन्छ ।

■ **जोखिम** : यस्ता सामान्य कुरामा हामीले ध्यान नदिने हो भने शरीरको हड्डी खिइँदै जान्छ । हड्डी खिइएपछि मेरुदण्डमा समस्या देखिन्छ । जसका कारण खुट्टा पोल्ने, दुख्ने, झमझमाउनेलगायत समस्या देखिन सक्छ । बिस्तारै दीर्घकालीन रूपमा नसाको समस्या हुन्छ ।

■ **ध्यान दिनुपर्ने** : हामीले अफिसमा काम गर्दा कम्तीमा सात-आठ घन्टा कुर्सी र टेबलमै बित्छ । कतिपयले घरमै बसेर पनि काम गरिरहेका हुन्छन् । घर वा कार्यालयमा काम गर्दा कुर्सीमा कसरी बस्ने, कस्तो कुर्सी प्रयोग गर्ने, कुर्सी र टेबलको दूरी कति हुनुपर्ने, कति उचाइको कम्प्युटर टेबल हुनुपर्ने जस्ता विषयमा ध्यान दिनुपर्छ । यदि तपाईंको पहिलेदेखि नै ढाडको समस्या छ भने झन् गाह्रो हुन्छ । समस्यालाई सामान्य ठानेर बेवस्ता गर्‍यो भने ढाड दुख्ने समस्या बढ्दै जान्छ । ढाड दुख्ने समस्या छ भने चिकित्सकको सम्पर्कमा जानुपर्छ । सम्बन्धित चिकित्सकको परामर्श नलिँदा ढाड दुख्ने समस्या बढ्दै जान्छ ।

■ **कुर्सी कस्तो छान्ने ?**

- कम्मरको भागलाई अगाडि धकेल्ने खालको कुर्सी छनोट गर्दा राम्रो हुन्छ । टाउकोसम्म ढल्किन मिल्ने कुर्सी हुनुपर्छ ।
- कुर्सी पछाडि भाग फुल कभर टाउकोसम्म ढल्किने हुनुपर्छ । यो कुर्सी पनि ९० डिग्रीमा पोजिसन मिलाएर राख्नुपर्छ । ल्यापटप चलाउँदा घोप्टो परेर हेर्नुहुँदैन ।

# दैनिक नृत्यले **बनाउँछ फिट**



फिट रहनका लागि मानिस शारीरिक रूपमा सक्रिय भइरहनुपर्छ । शारीरिक गतिविधिको कमी र अल्छीपनका कारण अहिले धेरै मानिस मोटोपनको सिकार भइरहेका छन् । यसले अन्य स्वास्थ्य समस्या पनि बढाउने हुनाले हामीले फिटनेसका लागि समय छुट्याउनुपर्छ ।



**रेमो डिसुजा**
बलिउड कोरियोग्राफर

म फिटनेसका धेरै विधामध्ये नृत्यलाई सिफारिस गर्छु । मेरो बुझाइमा स्वस्थ र फिट रहनका लागि यो सबैभन्दा राम्रो उपाय हो । यो प्रभावकारी मात्रै होइन, धेरै रमाइलो पनि छ । यसले मानिसलाई धेरै खुसी राख्छ । त्यस्तै, मानसिक स्वास्थ्यलाई पनि राम्रो बनाउँछ ।

हिपहप, जुम्बा, क्लासिकल इन्डियन, स्ट्रिट डान्सलगायत डान्सका सबै फर्म्याट अति रमाइला छन् । कम्प्रिङ, लकिङ जम्पिङ ज्याकलगायत विभिन्न मुभले तपाईंको शरीरको लचकता बढाउँछ ।

जुनसुकै मुभमा डान्स गरे पनि मनैदेखि गर्न जरुरी छ । डान्सको फिटनेस रुटिन फलो गर्न पनि धेरै सहज छ । संगीतको तालमा यसरी नाच्दा शरीरलाई कसरत परेको पत्तो नै हुँदैन ।

नृत्यले सम्पूर्ण शरीरलाई चलायमान बनाउँछ । तपाईंलाई आराम दिन्छ र शान्ति तथा खुसीसँगै मानसिक रूपमा स्पष्ट बनाउँछ ।


**Phalewas Municipality**
**Office of Municipal Executive**
**Khanigaun, Parbat**
**Gandaki, Province**

**Invitation for Bids**

**Second Date of publication: 2079/11/16**

Phalewas Municipality, Parbat invites only electronics bids from Nepalese eligible bidders for the following *work*.

| Contract No. | Description Of works | Estimate Amount | Bid Security Amount | Bid Document Fee (Non Refundable) |
|---|---|---|---|---|
| PM/W/ NCB/4/079/80 | Construction of Baseni Khanepani in Phalewas11, Pangrang | 19,65,933.66 | 60,000 | 3,000 |

1. Eligible Bidders may obtain further information and inspect the Bid Documents at the office of Phalewas Municipality , Khanigaun Parbat or may visit PPMO website www.bolpatra.gov.np/egp.

| Last Date of Submission of Bid | Date of Opening of Bid | Bank Account for Purchasing of Bid Document | Bank Account for Bid Security |
|---|---|---|---|
| 2079/12/1, 12:00 hrs. | 2079/12/1, 13:00 hrs. | Rastriya Banijya Bank, Phalewas Branch Ga-1-1 (Internal Revenue Account) 3540100301010002 | Rastriya Banijya Bank, Phalewas Branch 3540100303000002 Ga-3, Dharauti Khata |

2. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063 with amendment and Public Procurement Regulations-2064 with amendment and other prevailing regulations.

**Chief Administrative Officer**

**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**
**बबरमहल, काठमाडौं**

**विद्युतीय बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति :- २०७९।११।१६)**

यस विभागबाट मिति २०७९।१०।०६ गतेको प्रकाशित सूचना अनुसार आ.ब ०७९/०८० को लागि विद्युतिय बोलपत्र मार्फत तपसिल अनुसारको निर्माण कार्यका लागि पेश भएका विद्युतिय बोलपत्रहरू माथि कारवाही हुँदा तपसिल अनुसारको बोलपत्रदाताले कबोल गरेको रकम (मु.अ.कर वाहेक) न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भएकोले स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना विभागको वेभसाइट ठेगाना : www.dftqc.gov.np मा समेत हेर्न सकिने छ ।

**सूचना नं. DFTQC/NCB-01/2079-080**

| सि. नं. | बोलपत्रदाताको नाम, ठेगाना | कार्य विवरण | कबोल गरेको रकम मु.अ.क. वाहेक | कबोल गरेको रकम अक्षरमा | कै. |
|---|---|---|---|---|---|
| १. | व्लुस्काई कन्स्ट्रक्सन प्रा. लि., काठमाण्डौ | पालेघर, स्टोर रूम तथा ग्यारेज निर्माण | ३४,५९,१४७।५० | चौतिस लाख उनानसाठी हजार एक सय सत्चालिस रूपैया पैसा पचास मात्र । | |

**शिवपुरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**शेराबगर, नुवाकोट, बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मिति:२०७९।११।१६)

यस कार्यालयबाट मिति २०७९।०९।२९ र २०७९।१०।१६ को आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा तथा PPMO को **E-Procurement Portal** मा समेत प्रकाशित दुवै छुट्टाछुट्टै सुचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलापत्रहरु न्युनतम मुल्याङकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि मुल्यांकन समितिबाट सिफारिश भई आए बमोजिम सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ को प्रयोजनार्थ सार्बजनिक खरिद ऐन २०६३ को दफा २७(२)बमोजिम स्वीकृतिको आशयको सुचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।

तपशिलः

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु ( भ्याट र PS सहित) |
|---|---|---|---|---|
| 1 | SRM/NCB/ WORKS/ 079-80/11 | Upgrading of Shivapuri Krishi Ring Road PHASE(IV) CH:0+000-71+000) | **JV Name : Shree Krishna-Bachhaladevi-Natyashwori J/V, Bidur Nuwakot** Lead : Shree krishna Nirman Sewa Sub: Bachhaladevi Builders Pvt. Ltd. Sub: Natyashwori Nirman Sewa | 1,99,26,663.75 |
| 2 | SRM/NCB/ WORKS /079-80/06 | Karlang pahar chagaun narsingh motor bato wada no2 | D.G. Prakash Construction, Tarkeshwor, Kathmandu | 48,75,520.26 |

**प्रमुख प्रशासकीय अधिकृत**

**Government of Nepal**
**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Water Resources and Irrigation**

**People's Embankment Program Field Office No. -2**

Jaleshwor, Mahottari

**Letter Of Intent (LOI)**

**(Date of Publication 2079/ 11 /16)**

Pursuant to Sub-Clauses 27.2 and 27.3 of Public Procurement Act 2063 (Revised), this is to notify all the bidders who submitted their bid for the following contracts as per the invitation of bids published in the national daily newspaper "Naya Patrika" on 2079/09/18 that the following listed lowest evaluated and substantially responsible bidders has been selected to award the contract.

| Contract Identification No. | Lowest Evaluated and Substantially Responsible Bidder | Bid Price NRs. (Excluding PS and VAT) |
|---|---|---|
| NCB/01/Aurahi/2079-080 | M/S Janaki Nirman Sewa, Labtoli-6, Dhanusha | 62,39,550.50 |
| NCB/02/Maraha/2079-080 | M/S Tuteswar Nath Construction and Suppliers, Bardibas-10, Mahottari | 39,24,846.10 |

**Office Chief**

# संविधान र संविधानवादका मान्यतामाथि प्रश्न

## प्रमुख राजनीतिक दलका अनेकौँ कमी-कमजोरी, गुटबन्दी, स्वार्थपरस्त गठबन्धन, सत्तालोलुपता आदिले गर्दा संविधान र लोकतन्त्र सबल बन्न सकेनन्



● प्रेमराज सिलवाल

अग्रलेख




संविधान मुलुकको सर्वोच्च कानुन हो। दार्शनिक लगलिनका अनुसार संविधान जनता र सरकारबीचको सम्बन्ध निश्चित गर्ने आधार हो। अमेरिकी सर्वोच्च अदालतका न्यायाधीश स्टेफेन ब्रायर (१९३८) ले संविधानले निश्चित खालको सरकारको सिर्जना गर्ने विषयमा जोड दिए। संविधान औपचारिक तथा लिखित दस्तावेज हो। संविधान राज्यका अंगहरूको हक रक्षाको कवच पनि हो। संविधान त्यस्तो लिखित विषय हो, जसले राष्ट्रको राजनीतिक तथा कानुनी प्रणालीलाई निर्देशित गर्ने गरिरहेको हुन्छ।

विश्वमा लोकतन्त्र, मानव अधिकार, प्रजातन्त्र, कानुनी शासन तथा संविधानवादमाथि चर्चा गर्दा प्राचीन ग्रिक सभ्यता एक प्रकारको लोकतन्त्रको जननी मानिन्छ। राजनीतिक क्रान्ति र संघर्षहरूको चरणबाट संवैधानिक र कानुनी विकास हुँदै आएको हो। संवैधानिक विकास मुख्यगरी तीन क्षेत्रबाट विकास भएको भनिन्छ। जसमा पहिलो कानुनी विकास, दोस्रो वास्तविक विकास र तेस्रोमा विचारधारात्मक विकास रहेका छन्।

संविधानहरू क्रान्ति वा विकासक्रमको प्रक्रियाबाट बन्ने गरेका छन्। रुसमा सन् १९१७ मा भ्लादिमिर लेनिन (१८७०-१९२४) ले समाजवादी क्रान्तिका नाममा गरेको अक्टोबर क्रान्तिपछि बनेको संविधानलाई क्रान्तिका माध्यमबाट बनेको विश्वचर्चित संविधान मानिन्छ। क्युबा र नेपालको वर्तमान संविधानसमेत क्रान्तिका उपज हुन्। बेलायत आदि देशका संविधान कानुन विकासक्रमका आधारमा बनेका हुन्। यद्यपि बेलायतमा संविधान नामको अलग्गै कुनै लिखित दस्तावेज छैन।

विश्वको संविधान र संविधानवादको इतिहासमा अमेरिकी संविधान सन् १७८७ तथा बिल अफ राइट सन् १७९१ लाई महत्त्वपूर्ण मानिन्छ। विश्वकै पहिलो लिखित संविधान पनि अमेरिकी संविधानलाई नै मान्ने गरिएकाले पनि यसको थप महत्त्व बढेको हो।

प्रजातन्त्रको विकसित रूप कानुनी संविधानवाद हो। जसले कानुनी र सामाजिक समानतामा जोड दिन्छ। जन्मसिद्ध अधिकार बराबर हुने भएकाले शासनमा सबैको बराबर हक-अधिकार रहन्छ भन्ने मान्यताले एक व्यक्ति एक भोटको मूल्य विश्वमा प्रचलनमा रहेको हो। संविधान नै त्यस्तो दस्ताबेज हो, जसले राजनीतिलाई संवैधानिक प्रक्रियामा ढालिदिन्छ। संविधान एउटा त्यस्तो प्रणाली हो, जसले शासकलाई अरू व्यक्ति र समूहमाथि शासन गर्ने कानुनी अधिकार प्रदान गर्छ। आधुनिक संविधानमा शक्ति पृथकीकरणको सिद्धान्तलाई संविधानमा महत्त्व दिनुपर्ने भन्दै दार्शनिक वारेन मन्टेस्क्युले सन् १७४८ मा 'स्पिरिट अफ ल'मा त्यसको महत्त्व दर्साएका छन्। बेलायतका दार्शनिक एभिडायसीले विधिको शासनको मान्यतामा जोड दिएका छन्। यस्ता मूल्य, दर्शन र मान्यतालाई संविधानवादका विश्वव्यापी मान्यता भन्ने गरिएका छन्। नेपालमा संविधानवादका यस्ता आधारभूत मूल्य र मान्यतामाथि नै अनेकौँ प्रश्न खडा भएका छन्। शासन सञ्चालकहरूका गैरप्रजातान्त्रिक क्रिया, गतिविधि एवम् संस्कारले विभिन्न प्रश्न जन्माउँदै गएका हुन्।

**सीमित सरकारको मान्यता :** प्रजातान्त्रिक र निर्वाचित सरकारले पनि असीमित अधिकारको प्रयोग गर्न सक्दैन र हुँदैन भन्ने यसको मूल मर्म हो। नेपालमा संवैधानिक मूल्य र विधिभन्दा बढी अधिकारको प्रयोगबाट सरकार स्वेच्छाचारी बन्नु हुँदैन भन्ने मूल्यमाथि अनेकौँ प्रश्न उठ्ने गरेको छ।

**शक्तिको पृथकीकरण र नियन्त्रण तथा सन्तुलन :** राज्य सञ्चालनका प्रमुख अंगहरू सरकार, संसद् र न्यायालयबीच संवैधानिक रूपमै शक्ति पृथकीकरण गरिएको हुनुपर्छ भन्ने यसको आधारभूत मान्यता हो। तर, उल्लिखित अंगलाई एकले अर्कालाई नियन्त्रण र सन्तुलनको मान्यताअनुसार कतिपय स्थितिमा नियन्त्रण गर्ने प्रावधान राखिएकाले अनेक सवाल खडा हुँदै आएका हुन्।

**स्वतन्त्र र सक्षम न्यायालय :** न्यायालयमाथि राज्यका कुनै पनि निकाय वा व्यक्तिबाट हस्तक्षेप हुनुहुन्न। न्यायालय संविधान र कानुनी मान्यताअनुसार सञ्चालन हुनुपर्छ भन्ने यसको प्रमुख तथा मूल मान्यतामा हामीकहाँ पटक-पटक राजनीतिक हस्तक्षेपबाट प्रहार हुँदै आएको छ।

**न्यायिक पुनरावलोकन :** न्यायालयले राज्यका कुनै पनि निकाय वा अंगबाट गरिएका काम-कारबाहीमाथि न्यायिक पुनरावलोकन गरी कानुनी सिद्धान्तबमोजिम भए-नभएको परीक्षण गर्न सक्छ भन्ने मान्यता यसमा पर्छ। तर, यस मान्यताको रक्षामा पनि प्रश्न उठिरहेका छन्।

**विधिको शासन :** कानुनी र संवैधानिक विधि तथा मान्यताअनुसार राज्य प्रणाली सञ्चालन हुनुपर्छ भन्ने यसको मान्यता हो। विधिको शासन अर्थात् कानुनी शासनलाई बेलायती दार्शनिक एभी डायसी (१८३५-१९२२) ले प्रजातन्त्रका लागि अनिवार्य तत्त्व मानेका छन्। नेपालमा विधिको शासनमाथि अनेकौँ आशंका उब्जने खालका क्रियाकलाप हुँदै आएका छन्।

**अनुमानयोग्य शासन प्रणाली :** राज्य प्रणालीबाट कुनै विषयमा यस्तो निर्णय हुन सक्छ भन्ने अनुमान गर्न सकिने खालको शासन प्रणाली हुनुपर्छ। कुन विषयमा के निर्णय हुन सक्छ र शासकलाई केकति अधिकार छन् भन्ने अनुमान नै गर्न सकिएन भने त्यहाँ संविधानवाद र संविधानको सर्वोच्चता छैन भन्ने अनुमान गरिन्छ।

> संविधान कार्यान्वयनका क्रममा नेपाली नागरिकले यो आफैँद्वारा निर्वाचित संविधानसभाबाट घोषणा भई आफ्नै लागि लागू भइरहेको देशको सर्वोच्च कानुन हो भन्ने अनुभूति गर्न नसक्दा यसमाथि अनेकथरी प्रश्न उठिरहेका छन्

**नागरिक सर्वोच्चता :** लोकतन्त्र र लोकतान्त्रिक प्रणाली भएको मुलुकमा नागरिक कसैबाट नियन्त्रित हुनुपर्दैन। नागरिक आफ्नो प्रणाली र संवैधानिक सिद्धान्तअनुसार सर्वोच्च हुन्छन्। नेपालमा नागरिक सर्वोच्चतामाथि जहिल्यै प्रश्न उठ्दै आएको छ।

**नागरिक सहभागिता :** राज्यको शासन र प्रणालीमा नागरिक सहभागिता सुनिश्चित गरिएको हुन्छ र हुनुपर्छ। प्रत्येक नागरिक संविधान र कानुनअनुसार राज्यको शासन प्रक्रिया र प्रणालीमा आफैँ वा आफूद्वारा चुनिएका प्रतिनिधिमार्फत सहभागी हुन पाउने कुराको ग्यारेन्टी गरिएको हुनुपर्छ। संघीय गणतन्त्र भएको नेपालमा नागरिक सहभागिताको प्रश्न आज पनि मूल सवाल बनिरहेको छ।

**मौलिक हकको ग्यारेन्टी :** संविधान तथा कानुनअनुसार नागरिकका आधारभूत मौलिक हक तथा आधारभूत मानव अधिकारका विषयलाई ग्यारेन्टी गरिएको हुनु अर्को महत्त्वपूर्ण आधारभूत मान्यता हो। संविधानले प्रबन्ध गरेका मौलिक हक नागरिकले प्राप्त गर्न सकेका छन् त भन्ने प्रश्न खडा भएको छ।

**शक्तिको विकेन्द्रीकरण :** शासन र प्रणालीमा निरंकुश शासन र व्यवस्थामा जस्तो शक्तिको केन्द्रीकरण हुनु भनेको संविधानवादविरुद्ध हुन जान्छ। शक्तिलाई संवैधानिक र कानुनी हिसाबले व्याख्या गरी अधिकारको विभाजन गरिएको भए पनि कार्यान्वयनमा अनेकौँ प्रश्न खडा हुँदै आएका छन्।

**जिम्मेवार र उत्तरदायी प्रतिपक्ष :** प्रजातन्त्रमा जिम्मेवार तथा जनताप्रति उत्तरदायी प्रतिपक्षी पार्टीको कल्पना गरिएको हुन्छ। प्रतिपक्ष जिम्मेवार बन्न नसक्दा नेपालको संघीय गणतन्त्र दिगो बन्नेमा आशंका बढेका छन्।

**प्रतिनिधिमूलक प्रजातन्त्र :** संविधान र कानुनअनुसार निर्वाचित प्रतिनिधिसहित राज्यमा रहेका जाति, भाषा, भूगोल, क्षेत्र, लिंग आदिको समानुपातिक र न्यायपूर्ण सहभागिताको सुनिश्चितता नेपालको संविधानले गरेको अवस्था भए पनि कानुनका छिद्रबाट आफ्नालाई घुसाउने संस्कारले बढावा पाउँदै गएको छ।

**आवधिक निर्वाचन :** आवधिक निर्वाचनमार्फत नागरिकले स्वतन्त्र र निर्भीक ढंगले आफ्ना प्रतिनिधि छान्न सकेनन् भने प्रजातन्त्र र प्रजातान्त्रिक शासन ध्वस्त हुन्छ। तसर्थ, आवधिक र स्वतन्त्र निर्वाचत संविधानवादको प्रमुख आधार हो। यद्यपि नेपालमा कस्तो निर्वाचन र कस्ता प्रतिनिधि भन्ने प्रश्न भने निरन्तर उठ्दै आएका छन्।

**राजनीतिक दलको सार्थक उपस्थिति :** प्रजातन्त्र र लोकतान्त्रिक प्रणालीमा जनताका प्रतिनिधि भनेका राजनीतिक दल नै हुन्। राजनीतिक दल कुनै पनि भवनका खम्बा (पिलर) जस्तै हुन्छन्। पिलर कमजोर हुँदा भवन कमजोर भएजस्तै प्रमुख राजनीतिक दलका अनेकौँ कमी-कमजोरी, गुटबन्दी, स्वार्थपरस्त गठबन्धन, सत्तालोलुपता आदिले गर्दा हाम्रो लोकतन्त्र कहिल्यै सबल बन्न सकेन।

**स्वतन्त्र संवैधानिक अंगहरूको व्यवस्था :** संवैधानिक अंगहरू संविधान र कानुनको व्यवस्थाअनुसार सञ्चालित हुन्छन् र हुनु पनि पर्छ भन्ने मानिन्छ। संविधानिक अंगहरू कमजोर हुने स्थितिमा संवैधानिक मर्मअनुसार राज्य प्रणाली बलियो बन्न सक्दैन। संवैधानिक अंगलाई आफूखुसी र सत्तास्वार्थका आधारमा सञ्चालन गर्न खोज्दा प्रश्नैप्रश्न खडा भएका छन्।

**राजनीतिक मूल्य र नैतिकता :** लोकतन्त्रमा राजनीतिक दलहरू जनताका सच्चा प्रतिनिधि र खम्बा हुने भएकाले नेता र नेतृत्वकर्तामा नैतिकता, मानवीय मूल्य, प्रजातान्त्रिक संस्कार एवम् संस्कृति हुनु अनिवार्य मानिन्छ। प्रजातन्त्रमा यसलाई बढी महत्त्व दिनुको मूल कारण भनेको जतिसुकै संवैधानिक र कानुनी प्रबन्ध गरिए पनि राजनीतिक नेतृत्वमा नैतिकता आधारभूत आवश्यकता हो। नेपालमा यसको चरम अभाव देखिन्छ।

**सारमा :** नेपालको वर्तमान संविधान संविधानवाद र लोकतन्त्रका विश्वव्यापी मूल्य र दर्शनमा बनेको छ। संविधान नागरिकका मौलिक हक र राजनीतिक अधिकारले सुसज्जित छ। यद्यपि यसको कार्यान्वयनबाट नेपाली नागरिकले संविधान आफैँद्वारा निर्वाचित संविधानसभाबाट निर्मित भई आफ्नै लागि लागू भइरहेको देशको सर्वोच्च कानुन हो भन्ने अनुभूति गर्न नसक्दा यसमाथि अनेकथरी प्रश्न उठेका छन्।

*(सिलवाल अधिवक्ता हुन्)*

---

## ३ प्रश्न

जल तथा मौसम विज्ञान विभागकी वरिष्ठ मौसमविद् **डा. इन्दिरा कँडेल**लाई



**यो वर्ष देशभर नै हिउँदे वर्षा निकै कम भयो। यसको कारण के होला ?**

पछिल्ला तीन वर्षदेखि पूर्वी प्रशान्त महासागरमा 'लानिना' प्रणालीको विकास भएको छ। यो भनेको यस क्षेत्रको तापक्रम औसतभन्दा कम भएको अवस्था हो। यस्तो प्रणालीको विकास हुँदा हामीकहाँ हिउँदे वर्षा गराउने पश्चिमी वायुको प्रभाव कम हुन्छ। अहिले भएको पनि त्यही हो। हिन्द महासागरमा विकास हुने द्विध्रुवीय प्रणालीले पनि हाम्रो हिउँदे वर्षामा असर गरिरहेको हुन्छ। 'लानिना' प्रणालीको विकास ०७७ र ०७८ मा पनि भएको थियो। तर, ०७८ मा भने सरदर वर्षा भएको थियो। बिस्तारै यसको अवस्था न्युट्रल हुँदै गएकाले प्रिमनसुनसम्म अवस्था सुध्रिने अनुमान गर्न सकिन्छ।

**आगामी दिनमा यसको प्रभाव कस्तो देखिन सक्छ ?**

प्रिमनसुन वर्षा एकरूपको देखिँदैन। सरदर वर्षा गराउने १३ वटा जलवायु मोडल प्रचलनमा छन्। यिनले कहिले कम, कहिले बढी र कहिले सरदर वर्षा गराउन भूमिका खेल्छन्। यस वर्षको प्रिमनसुनमा सरदरभन्दा कम वर्षा हुने सम्भावना देखिन्छ।


**यस्तो समस्याको न्यूनीकरणको कुनै उपाय हुन सक्छ कि सक्दैन ?**

जलवायु प्रणालीलाई विज्ञानले वशमा लिन सकेको छैन। अमेरिकालगायत विकसित देशमा ठुल्ठूला आँधीलाई मानव बस्तीसम्म पुग्न नदिन बीच समुद्रमै विस्फोट गराएर रोक्ने महँगा प्रविधि प्रयोगमा आएका भए पनि हामीले भने मौसम पूर्वानुमानअनुसार सचेत हुनुको विकल्प छैन।

---

प्रेरक प्रसंग

## गुरुप्रति गान्धीको सम्मान



एकपटक भारतको गुजरात सहरको राजकोट जिल्लाको काठियाबाडान राज्यमा प्रजा परिषद्को अधिवेशन चलिरहेको थियो। मञ्चमा महात्मा गान्धी र अन्य ठूला नेता बसिरहेका थिए। कोही भाषण गर्दै थिए। मञ्चमा बसिरहेका गान्धी दर्शकका रूपमा उपस्थित जनसमुदायलाई ध्यानपूर्वक हेर्दै थिए। अचानक उनको दृष्टि केही पर दर्शकदीर्घामा बसेका एक वृद्धमाथि पऱ्यो। उनले तुरुन्तै ती वृद्धलाई चिने। उनी अरू कोही नभई गान्धीका प्राथमिक तहका शिक्षक थिए।

आफ्ना गुरुलाई दर्शकदीर्घामा बसिरहेको देखेपछि गान्धी तुरुन्तै मञ्चबाट तल ओर्लिए र गुरु भएको स्थानमा पुगे। गान्धीले गुरुलाई प्रणाम गर्दै उनको पाउ स्पर्श गरे। आराम, कुशलको सोधपुछपछि गान्धी गुरुसँगै भुइँमा बसे। गान्धीको सरलता देखेर गुरु भावविभोर भए। उनले गान्धीलाई भने- अब तपाईं देशकै एक ठूला नेता भइसक्नुभयो। त्यसैले, तपाईं यहाँ बस्नु ठिक हुँदैन। माथि मञ्चमै जानुहोस्।

गुरुको भनाइ सुनेपछि गान्धीले भने- म जे-जे भए पनि आखिर तपाईंको शिष्य हुँ र जहिल्यै शिष्य नै रहनेछु। त्यसैले, म तपाईंसँगै बस्छु। गान्धी पूरै कार्यक्रमभर गुरुसँगै दर्शकदीर्घामा बसे। जब कार्यक्रम समाप्त भयो, तब गान्धीका वृद्ध गुरुले उनलाई आशीर्वाद दिँदै भने- तपाईं जस्तो विनम्र र अहंकाररहित व्यक्ति सायद यस संसारमा कोही छैन होला। सायद यही गुणले गर्दा नै तपाईं आज यति ठूला नेता बन्नुभएको छ। तपाईंको जहिल्यै कुशलमंगल होस्।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## सांसदहरूको ध्यान कता ?

संसद् र संसदीय समितिहरूमा सांसदको गणपूरक संख्या नदेखिनु सामान्य बन्दै गएको छ। सुरुमा हाजिरी गर्दा आशालाग्दो संख्या देखिए पनि पछि कुनै विधेयक पारित गर्दा या कुनै निर्णय लिनुपर्दा भने गणपूरक संख्यासमेत नपुग्ने अवस्था देखिनु चिन्ताको विषय हो। आफूले निर्वाचित गरेर पठाएका जनप्रतिनिधिहरूको यस्तो रबैया देख्दा हामी मतदाता निकै खिन्न भएका छौँ। आफ्ना जनप्रतिनिधिबारे कुनै अप्रिय समाचार सुन्नु नपरोस् भन्दाभन्दै पनि जहिल्यै यस्तै खबर मात्र सुन्नुपर्छ। के जनताका अपेक्षा यस्तै चालाले पूरा होला त ? यस विषयतर्फ माननीय सांसदहरूको ध्यान जानुपर्दैन ? के हामी जनताले मात्र कराइरहनुपर्ने हो ?

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

## सर्वोच्च ठूलो कि जिल्ला अदालत ?

सर्वोच्चको फैसला जिल्लाले 'उल्ट्यायो' भन्ने व्यहोराको समाचार पढियो। देशको न्याय क्षेत्रको सर्वोच्च निकाय हो सर्वोच्च अदालत। सबैभन्दा माथिल्लो र अन्तिम तहको अदालत हो सर्वोच्च। उसले गरेका कुनै पनि फैसला सबैका लागि मान्य हुन्छन् र हुनु पनि पर्छ। तर, सबैभन्दा तल्लो तहमा रहेको जिल्ला अदालतले नै सर्वोच्च अदालतको आदेशविपरीत हुने गरी फैसला गरेको समाचार सुन्दा अलि अनौठो लाग्यो। यथार्थमा सर्वोच्च अदालत ठूलो हो कि जिल्ला अदालत ?

● **वन्दना कुइँकेल**
गठ्ठाघर, भक्तपुर

## अस्पतालको नाममा रमिता

तत्कालीन केपी ओली नेतृत्वको सरकारले १७ मंसिर ०७७ मा एकसाथ देशभर तीन सय ६ आधारभूत अस्पतालको शिलान्यास गरेको थियो। तर, बजेट, जग्गा र भरपर्दो योजनाविना क्षणिक लोकप्रियताका लागि ल्याइएको सो योजना २८ महिनासम्म अलपत्र परिरहेको छ। जब ती आधारभूत अस्पतालको निर्माणलाई गति दिन सकिन्न भने त्यति ठूलो योजना ल्याइयो नै किन ? के यो सब नाटक जनताका आँखामा धुलो हाल्ने नियतले नै मात्र मञ्चन गरिएको थियो हो ?

● **सुरेन्द्र कठायत**
थली, काठमाडौं

## सांसदले विवेक पुऱ्याऊन्

आठ दलको समर्थन र मतभार हेर्दा अब हुने राष्ट्रपतिको निर्वाचनमा कांग्रेस नेता रामचन्द्र पौडेलको विजय लगभग सुनिश्चित त देखिन्छ। तर, राजनीतिमा जे पनि सम्भव हुने भएकाले अहिले नै ठोकुवा गरिहाल्नु भने अलिक हतारो गरेको ठहरिन सक्छ। राष्ट्रपतिका उम्मेदवार पौडेललाई आठ दलले समर्थन गरेका छन् भने नेम्बाङलाई उनको आफ्नै एक दलको मात्र साथ र सहयोग छ। पौडेलको मतभार ३१ हजार हाराहारी छ भने नेम्बाङको करिब १६ हजार। एमालेले नेम्बाङको पक्षमा राप्रपा र स्वतन्त्र पार्टीको पनि समर्थन लिन सक्यो भने प्रतिस्पर्धा केही दमदार हुन सक्छ।

राष्ट्रपतिका दुवै उम्मेदवार राजनीतिक रूपमा चिरपरिचित छन्। नेपालको लोकतान्त्रिक आन्दोलनको इतिहासमा दुवैको योगदान उल्लेख्य छ। दुवै शालीन, भद्र, बौद्धिक, सरल र सभ्य छन्। वर्तमान राष्ट्रपतिले गरेका केही गैरसंवैधानिक कामले गर्दा मात्र यसपालि एमालेका उम्मेदवारप्रति संशय उत्पन्न भएको हो। नत्र, दुवै उम्मेदवार राष्ट्रपति पदमा निर्वाचित हुन लायक छन्।

लोकतान्त्रिक संघर्षमा पौडेल आफैँमा एक इतिहास बोकेका पात्र हुन्। प्रजातन्त्रका लागि १४ वर्ष जेलजीवन बिताएका पौडेलबाट प्रजातान्त्रिक आचरण बारम्बार प्रदर्शन भएका छन्। पौडेलले आफ्नो जीवनमा राजकीय अवसरहरू नपाएका होइनन्। सांसद, मन्त्री, सभामुख सबै भए। तर, कुनै पनि पदमा बस्दा दागी भएनन्। त्यसैले दुवै उम्मेदवार सक्षम र योग्य छन्। संघ र प्रदेश सांसदले विवेक पुऱ्याऊन्।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८ , काठमाडौं
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

---

# रुस-युक्रेन युद्ध निरन्तर रहला ?

## युद्धलाई तीव्रतासाथ जारी राख्न दुवै पक्षसँग लडाकु, हतियार एवं उपकरण र आर्थिक संसाधनको कमी छ



देश / विदेश

● रिचार्ड हास

युक्रेनमा रुसले एक वर्षअघि गरेको अतिक्रमणपछि युद्ध अप्रत्याशित रूपमा परिवर्तित भइरहेको छ। अतिक्रमण हुँदा रुसी सेनाले सजिलै युक्रेनी सेनालाई पराजित गर्नेछ र सन् २०१४ मा भन्दा युक्रेनको ठूलो भूभाग कब्जा गर्नेछ भन्ने आमबुझाइ थियो। केहीले रुसले राजधानी किएभमा सरकार ढालेर कठपुतली सरकारसमेत बनाउने अनुमान पनि गरेका थिए।

यी निराशाजनक भविष्यवाणी हेर्दा पश्चिमा र युक्रेनका धेरैले आज करिब ८० प्रतिशत भूभागमा नियन्त्रण कायम राख्न सफल सार्वभौम युक्रेनलाई खुशीसाथ स्वीकार गर्थे होलान्। अहिलेको आशावादी अवस्थाका लागि युक्रेनको सैन्य पराक्रम, त्यहाँका जनता र नेताको सामूहिक बहादुरीको देन हो। त्यसमाथि हतियार, आर्थिक सहयोग, प्रशिक्षण, बुद्धिमत्ता र लाखौँ शरणार्थीको व्यवस्थापनमा अमेरिका र युरोपको अटल समर्थनको योगदानको पनि भूमिका छ।

यो युद्ध पुटिनले छनोट गरेको उद्देश्यअनुरूप अघि नबढेको देख्दा उनीसामु कैयौँ चुनौती तेर्सिएका छन्। पुटिनलाई युक्रेनमाथि अतिक्रमण गर्नु तर्कसंगत एवं सम्भाव्य कदम लागेको थियो किनभने उनले युक्रेनी सेना रुसी सेनासामु केही होइनन् भन्ने लाग्थ्यो। युरोप, विशेषतः जर्मनी रुसकै ग्यासमा निर्भर भएकाले अप्ठ्यारो नहुने र ६ जनवरीमा अमेरिकी कंग्रेसमा भएको आक्रमण र अफगानिस्तानबाट सैन्यफिर्तीले अमेरिका विभाजित छ भन्ने ठानेका थिए। तर, यी सबै आकलन गलत ठहरिएपछि उनलाई लाभभन्दा बढी बेफाइदा भएको छ।

पुटिन अहिले समय खरिद गर्न खोजिरहेका छन्। युक्रेनी सेनालाई परास्त गर्न नसकेपछि युक्रेनलाई कमजोर बनाउन पुटिन आर्थिक स्रोत र आमनागरिकमाथि धावा बोलिरहेका छन्। यसबाहेक पुटिनले समय घर्किंदै जाँदा पश्चिमा नेताले जे भने पनि युरोपेली सरकार र अमेरिकाले युक्रेनलाई गर्ने सहयोग लागतको पुनर्मूल्यांकन गर्नेछन् भन्ने पनि ठानेका छन्।

त्यसो भए युक्रेन युद्धको भविष्य के हो त ? युद्ध प्रायः दुई तरिकाले समाप्त हुन्छ। पहिलो, एक पक्षले अर्कोलाई पराजित गर्छ र विजेता आफ्ना सर्त लागू गर्न सक्षम हुन्छ। र, दोस्रो दुवैले एकअर्कालाई हराउन नसकिने बुझेर सम्झौता गर्न पुग्छन्। यी दुवै परिस्थिति युक्रेन युद्धमा लागू हुँदैन। पश्चिमा मुलुकले आफ्ना केही सर्तलाई खुकुलो पारेर युक्रेनलाई थप सहयोग गर्ने हो भने पनि युक्रेनले आफ्नो सीमाबाट रुसलाई बाहिर निकाल्न सक्छ भन्ने निश्चित छैन। रुसी सेनाले राम्रैसँग जरा गाडेको छ र तिनलाई हटाउन गाह्रै देखिन्छ।

यससँगै चीनले रुसलाई आर्थिक एवं सैन्य सहयोग गर्न सक्छ किनभने चीन आफ्नो साझेदारलाई अमेरिका नेतृत्वको गठबन्धनले हराएको देख्न चाहँदैन। अर्कातर्फ रुसी सैनिकसँग युक्रेनलाई युद्धमैदानमै हराउन आवश्यक नेतृत्व र प्रशिक्षणको अभाव छ।

यो युद्ध सम्झौतामा टुंगिने खासै सम्भावना देखिँदैन। पुटिनका लागि युक्रेनसँग पराजित भएको ठानिने अवस्थाले उनको घरेलु सत्तामा चुनौती हुन सक्ने हुँदा उनी हरसम्भव युद्ध जारी राख्न चाहन्छन्। रुसमाथि लगाइएको प्रतिबन्ध खासै प्रभावकारी देखिँदैन, किनभने भारत, चीनलगायत मुलुकले रुसी ऊर्जा खरिद गरिरहेकै छन्। पुटिनले रुसको आन्तरिक भाष्यमा नियन्त्रण राख्छन्, जहाँ उनी रुस प्रताडित हुनुमा अमेरिका र नेटो



तस्बिरः दिमितार दिल्कोभ/एएफपी

जिम्मेवार छन् भन्ने भान पार्न सफल भएका छन्। त्यसैगरी युक्रेनले पनि सम्झौता गर्दैन। सबै युक्रेनी जनताले मुलुकका सबै हिस्सालाई मुक्त बनाउने माग गरिरहेका छन्। कारण स्पष्ट छ, अर्थात् युद्धले जनताको मनस्थिति बदलेको छ। युक्रेनको सैन्य पराक्रम र रुसी बलको स्पष्ट अक्षमताले युक्रेनलाई भविष्यका लागि थोरै भए पनि रणनीतिक रूपमा आशावादी बनाएको छ। युद्धले जनताको मन पनि कठोर बनाएको छ। अदालतहरूमा कत्लेआमदेखि घर-आवास भत्काउने रुसी अत्याचारका प्रतिक्रियामा क्षतिपूर्ति र युद्ध अपराधका मामिलामा मुद्दा दायर भइरहेका छन्। थुप्रैले यदि युक्रेनले कुनै पनि शान्ति सम्झौता गर्ने हो भने पुटिन र उनका आसेपासे सरकारबाट हट्नुपर्ने बताएका छन्।

अर्को शब्दमा भन्ने हो भने युद्धका लागि कूटनीतिक समाधानका वेला भइसकेको छैन। तर, समय अलिक धेरै लागे पनि यो अवस्था अन्ततः परिवर्तित हुनेछ। यस अवस्थामा राहतको समाचार खोज्ने हो भने दुवै पक्षमा हताहतीका कारण युद्धको तीव्रतामा ह्रास आउने देखिन्छ। स्वाभाविक रूपमा युद्धलाई तीव्रतासाथ जारी राख्न दुवै पक्षसँग लडाकु, हतियार एवं उपकरण र आर्थिक संसाधनको कमी छ।

रुसले युद्ध चर्काउने सम्भावना निकै न्यून छ। युक्रेनलाई हराउन रुसलाई हम्मेहम्मे परिरहेको अवस्थामा नेटोमाथि आक्रमण गर्नुको तुक रहँदैन। चीन र भारत दुवैले आफू आणविक हतियार प्रयोगको विपक्षमा रहेको स्पष्ट पार्दै आएका छन्, तसर्थ आणविक हतियारको कुनै सैन्य मूल्य छैन। यदि रुसले आणविक हतियार प्रयोग गर्न खोजे त्यसले निश्चय नै अमेरिका र नेटोका सेनालाई युद्धमा निम्त्याउनेछ।

दुःखद समाचार के छ भने युद्ध तुरुन्तै समाप्त हुँदैन। युक्रेनको नक्सा अब एक वर्षपछि हामीले अहिले देखेकोभन्दा निकै फरक देखिनेछ। आगामी वर्ष अन्धकार र गैरनिर्णायक देखिन्छ, अर्थात् दोस्रो विश्वयुद्धका तुलनामा पहिलो विश्वयुद्धजस्तो हुनेछ। यो युद्ध अर्को वर्षसम्म पुग्दा एक निराशाजनक वर्षगाँठ मात्रै बन्नेछ। एक युद्ध, जुन धेरै लामो समयसम्म चल्ने अपेक्षा गरिएको थियो, त्यसले अबको एक वर्षपछि अर्को चरणको स्मरण र विश्लेषणलाई उत्प्रेरित गर्न सक्छ।


*(हास अमेरिकी विदेश नीति र अन्तर्राष्ट्रिय सम्बन्ध अध्ययन गर्ने काउन्सिल अन फरेन अफेयर्सका अध्यक्ष हुन्)*
*प्रोजेक्ट सिन्डिकेटबाट*

# अडानीले सय अर्ब गुमाउँदा पनि भारतीय बजार किन धर्मराएन ?

## अडानीको पतनको असर बजारमा नपर्नुका पछाडि भारतीय बजारको आकार र सबलताको भूमिका छ

केही समयअघिसम्म भारतका सबैभन्दा ठूला व्यापारिक घराना अडानी समूहको सेयरमा गत महिनाको अन्त्यबाट भारी गिरावट आउन थाल्यो । केही दिनमै यो समूहले सय अर्ब डलरभन्दा बढी गुमायो । यो गिरावटले भारतको पुँजी बजार र भारतीय अर्थतन्त्रलाई नै असर गर्ने केही पर्यवेक्षकको चिन्ता थियो । त्यस्तो परिदृश्य भारतका लागि मात्र नभएर विश्वकै लागि पनि भयावह हुने थियो । भर्खरै बेलायतको अर्थतन्त्रलाई उछिन्दै विश्वको पाँचौँ ठूलो अर्थतन्त्र बन्न सफल भारतीय अर्थतन्त्र महामारीका प्रतिबन्ध खोलिएपछि सबल र स्थिर वृद्धि गर्ने चिनियाँ अर्थतन्त्रपछिको एक मात्र विशाल अर्थतन्त्र हो । तर, फराकिलो बजार संक्रमणको डर पूरा भएको छैन । महामारीपछि अडानी प्रकरणमा पहिलोपटक भारतीय पुँजी बजारप्रति चिन्ता उत्पन्न भयो । तथापि अडानी समूहको गिरावट सबैभन्दा तीव्र रहेको साता नै देशको वित्तीय केन्द्र मुम्बई त्यसबारे कुनै प्रवाह नभएझैँ आफ्नै नियमित गतिमा थियो । अडानी पतनको बाबजुद हालसम्म भारतीय सेयर बजार स्थिर रहेको छ । भारतको मुख्य बजार परिसूचक एक वर्षअघिको सोही अवधिको तुलनामा २.५ प्रतिशत माथि छ, जबकि यस अवधिमा अमेरिकी स्टक एक्सचेन्ज चार प्रतिशतभन्दा धेरै घट्यो ।

अडानीको पतनको असर बजारमा किन परेन त ? यसका पछाडि भारतीय बजारको आकार र सबलताको भूमिका छ । न्युयोर्क मुख्यालय रहेको एक सानो व्यापारिक फर्म हिन्डेनवर्गले अडानी समूहमाथि ठगी र स्टकमा छेडखानी गरेको आरोप लगाएपछि समूहमा पतन सुरु भएको थियो । तर, त्यसको तरंग ठूलो भारतीय वित्त बजारमा सानो कम्पन मात्र साबित भयो । आखिर त्यस्तो नहोस् पनि किन, भारत अहिले करिब १५ लाख कम्पनी भएको स्वस्थ्य पुँजीकृत सेयरबजारयुक्त अर्थतन्त्र बनिसकेको छ । यहाँको 'नेसनल स्टक एक्सचेन्ज'ले गत वर्ष तीन ट्रिलियन (३० खर्ब) र



प्रधानमन्त्री नरेन्द्र मोदीको अडानी समूहका संस्थापक गौतम अडानीसँगको घनिष्ठ सम्बन्धलाई लिएर विपक्षीहरूले आलोचना गरेका छन्

३.५ ट्रिलियन(३५ खर्ब) डलरबीचको आरामदायी अंकमा उतारचढाव गरिरह्यो । भारतीय बजारको यस सबलताले एक यथार्थलाई प्रकाश पारिदिएको छ : पूर्वाधार र ऊर्जाका व्यवसाय सञ्चालन गर्ने व्यापारिक घराना अडानी समूह कुनै हिसाबमा एक्लै खडा भएको छ । अन्य भारतीय व्यवसायी पनि यो कुरा सबैले जानून् भन्ने चाहन्छन् ।

अडानी समूहमा देखिएको अपारदर्शी संरचना, समूहका एक कम्पनीले अर्को कम्पनीको सेयर राख्ने कार्य, लेखाको बढाइचढाइ आदि कार्य सानो स्तरमा भए पनि अन्य भारतीय कम्पनीमा पनि भेटिन्छ । तर, अधिकांश भारतीय नाफामूलक फर्म भारतजस्तो स्वच्छन्द बजारमा पनि इमानदार रहने गरेको पर्यवेक्षकहरू बताउँछन् । यसैले गर्दा कैयौँ कम्पनीको अन्तर्राष्ट्रिय बजार डेटा प्रदायक रेफिनिटिवको उत्कृष्ट प्रशासन भएको कम्पनीको सूचीमा समावेश छन् । इन्फोसिस र डा. रेड्डिज ल्याबोरेटरिज यसका केही उदाहरण हुन् । हिन्डेनवर्गले उसको रिपोर्टमा अडानी समूहका केही गतिविधिलाई 'वित्तीय इतिहासको सबैभन्दा ठूलो बेइमानी' भनेको छ । यही आरोपले पनि भारत 'बलियो भविष्य भएको उदीयमान महाशक्ति' भएको संकेत गरेको छ ।

हालै देशको केन्द्रीय बैंक भारतीय रिजर्भ बैंकले अडानी प्रकरणले कुनै असर नगरेझैँ आफू पुरानै लयमा निरन्तर लागेको जनाउ दिँदै ब्याजदर एकचौथाइ बिन्दुले बढायो । उसले यसमा थप वृद्धिको सम्भावना खुला छाडेको छ । भारतीय बैंकको कदम पश्चिमी समकक्षीसँग मिल्दोजुल्दो छ । विश्वभर बढेको मुद्रास्फीतिलाई कम गर्ने प्राथमिकताका साथ अहिले सबैतिर ब्याजदर वृद्धि भइरहेको छ । हिन्डेनवर्गको आरोपपछि बरु भारतीय नियामक प्रणालीको निष्पक्षतामा प्रश्न उठ्यो । प्रधानमन्त्री नरेन्द्र मोदीको अडानी समूहका संस्थापक गौतम अडानीसँगको घनिष्ठ सम्बन्धलाई लिएर विपक्षीहरूले आलोचना गरे । तर, वित्तीय बजारका अन्य कम्पनीको सेयर (पूर्वाधारमा वा असम्बद्ध क्षेत्रहरूका पनि) केही भएकै छैन जसरी बढिरहे ।

हिन्दू राष्ट्रवादी नेता मानिने नरेन्द्र मोदी भारतको केन्द्रीय सत्तामा आएयता अडानीले उनका कम्पनीलाई भारत सरकारका टेन्डरमा लगाउँदै आएका छन्, त्यो पनि सबैले देख्ने-सुन्ने गरी । त्यही भएर जब उनको व्यापारिक समूह हिन्डेनवर्गको निसानामा पऱ्यो, सामाजिक सञ्जालमा राष्ट्रियतावादी प्रतिरक्षा उठेको देखियो । भारतलाई कमजोर बनाउने उद्देश्यले कम्पनीमाथि आक्रमण भएको भन्नेसम्मका आरोप आए । २१औँ शताब्दीको भारतीय पुँजीवादको मूल चरित्र मोदी र अडानीबीचको साँठगाँठ भएजस्तो छैन । मुम्बईको मार्कलस इन्भेस्टमेन्ट म्यानेजरका संस्थापक सौरभ मुखर्जीका अनुसार विगत एक दशकमा भारतको सार्वजनिक बजारमा थपिएको १.५ ट्रिलियन (१५ खर्ब) डलर मूल्यमध्ये ८० प्रतिशत केवल २० कम्पनीबाट आएको छ । अडानीजस्ता थोरै व्यापारीले मात्र राजनीतिक घनिष्ठता देखाउँदै हल्ला गर्ने गरेको र बाँकी ९० प्रतिशत स्वच्छ व्यापारिक प्रतिष्ठान रहेको मुखर्जीले बताए । धेरै यस्ता व्यापारिक प्रतिष्ठान राजनीतिसँगको घनिष्ठता मन पराउँदैनन् । निजीस्तरमा देशका केही व्यापारीले अडानीको पछिल्लो स्थिति उनको गलत कर्मको फल भएको भन्दै सन्तुष्टिसमेत जाहेर गरे । यस घटना कर्पोरेट सुशासनका लागि राम्रो पाठ हुने उनीहरूको विश्वास छ ।

- न्युयोर्क टाइम्सबाट

## विश्व संक्षेप

### सुडानका ४० लाख बालबालिकामा कुपोषण

**जेनेभा**/ संयुक्त राष्ट्रसंघले सुडानका कम्तीमा ४० लाख बालबालिकामा कुपोषणको समस्या रहेको जनाएको छ । संयुक्त राष्ट्रसंघीय एक प्रतिवेदनमा सुडानका बालबालिका र महिलासमेत गरी ४० लाखमा कुपोषणको समस्या पाइएको उल्लेख छ । प्रतिवेदनले अहिले सुडानका पाँच वर्षमुनिका बालबालिका र गर्भवतीमा यस्तो समस्या रहेको र उनीहरूलाई सहयोगको आवश्यकता रहेको औँल्याएको छ । तीमध्ये पनि ६ लाख ११ हजार बालबालिका चरम कुपोषणमा रहेका संयुक्त राष्ट्रसंघीय अधिकारीले जनाएका छन् । केही समयदेखि आन्तरिक राजनीतिक समस्यामा फसेको सुडानले लामो समयदेखि आर्थिक समस्या झेलिरहेको छ । खडेरी, आर्थिक मन्दी, खाद्य असुरक्षा आदिका कारण यहाँका लाखौँ नागरिक थातथालोबाट विस्थापित भएका छन् । यसबाहेक, आन्तरिक रूपमा विस्थापित दसौँ लाख मानिसलाई पनि मानवीय सहायताको खाँचो रहेको बताइएको छ । यहाँ संयुक्त राष्ट्रसंघले मानवीय सहयोगका कार्यक्रम सञ्चालन गरिरहेको भए पनि पर्याप्त छैन ।

### डुंगा डुब्दा मृत्यु हुने आप्रवासी सय पुगे

**रोम**/ इटलीको दक्षिणी क्षेत्र क्यालाब्रियास्थित क्रोटोन सहरमा एउटा डुंगा डुब्दा मृत्यु हुने आप्रवासीको संख्या सय पुगेको छ । समाचार संस्था एएनएसएका अनुसार सयजनाको डुबेर मृत्यु भएको छ । मृतकमध्ये एकजना शिशुसमेत छन् । ८० जनाको जीवितै उद्धार गरिएको छ । क्षमताभन्दा बढी आप्रवासी सवार उक्त डुंगा समुद्री छालमा परेको थियो ।

इटली सरकारले आप्रवासीको उद्धारसम्बन्धी विवादास्पद नयाँ कानुन संसद्बाट पारित गरेको केही दिनपछि पछिल्लो डुंगा दुर्घटना भएको हो । दक्षिणपन्थी सरकारका प्रधानमन्त्री जियोर्जिया मेलोनीले अक्टोबरमा इटालियन तटमा पुग्ने आप्रवासीहरूको प्रवाहलाई आंशिक रूपमा रोक्ने प्रतिबद्धतापछि सरकारमा बहुमत प्राप्त गरेकी थिइन् । उनी इटलीको फासिस्ट ब्रदर्स पार्टीकी नेतृ हुन् । द्वन्द्व र गरिबीबाट उम्किन युरोपमा राम्रो जीविकोपार्जनको सपना बुनेका ठूलो संख्याका आप्रावासी अफ्रिकाबाट इटली हुँदै युरोप र अमेरिका जाने गर्छन् ।

### इराकमा आइएसका १७ विद्रोही मारिए

**बग्दाद**/ इराकी सुरक्षा फौजको कारबाहीमा आइएस समूहका कम्तीमा १७ विद्रोहीको ज्यान गएको बताइएको छ । अधिकारीहरूले दिएको जानकारीअनुसार इराकको पश्चिमी प्रान्त अन्बरको अकसात क्षेत्रमा ती आतंककारी मारिएका हुन् । इराकी सेनाका प्रवक्ता याहिया रोसलले यहाँका कतिपय क्षेत्रमा आइएसले पछिल्लो समयमा आतंक मच्चाएकाले उनीहरूविरुद्ध सेनाले कारबाही अघि बढाइरहेको बताए । 'आइतबारको कारबाहीमा आइएस समूहका एक कमान्डरसहित १७ अतंककारी मारिएका छन्,' प्रवक्ता रोसलले भने । इराकी सेनाले अन्बर प्रान्तमा केही महिनादेखि सशक्त कारबाही गर्दै आएको छ । यो प्रान्तमा आइएस समूहले सुरक्षा फौज तथा सरकारी कार्यालयमाथि नै आक्रमण गर्न थालेपछि सेनाले उनीहरूविरुद्ध कारबाही अघि बढाएको हो । इराकको सेनाले सन् २०१७ मा आइएसविरुद्ध व्यापक कारबाही सञ्चालन गरी देशका सबै भूभाग आफ्नो नियन्त्रणमा लिएको थियो ।

# उत्तर कोरियाको आणविक परीक्षणस्थलबाट चुहिएको विकिरणबाट लाखौँ मानिस जोखिममा

उत्तर कोरिया, दक्षिण कोरिया, जापान र चीनका लाखौँ मानिस उत्तर कोरियाको भूमिगत आणविक परीक्षण केन्द्रबाट भूमिगत पानीमा फैलिएको रेडियोधर्मी पदार्थको सम्पर्कमा आएको हुन सक्ने सियोलस्थित मानव अधिकार समूहको प्रतिवेदनले उल्लेख गरेको छ । अमेरिका र दक्षिण कोरियाली सरकारका अनुसार उत्तर कोरियाले सन् २००६ देखि सन् २०१७ को बीचमा पहाडी इलाका हमग्योङ प्रान्तको पुंगेरीस्थित भूमिगत आणविक परीक्षण केन्द्रमा गोप्य रूपमा ६ वटा आणविक परीक्षण गरेको थियो ।

ट्रान्जिसनल जस्टिस वर्किङ ग्रुपले गरेको अध्ययनले उक्त स्थाननजिकैका आठ सहर र काउन्टीमा रेडियोधर्मी सामग्री फैलिएको देखाएको हो । यी स्थानमा १० लाखभन्दा बढी उत्तर कोरियालीको बसोवास रहेको छ भने उनीहरूले भूमिगत पानीलाई पिउनेलगायत दैनिक जीवनमा प्रयोग गर्ने गर्छन् ।

साथै, यो अध्ययनले उत्तरबाट तस्करी भएर आउने कृषि एवं मत्स्य उत्पादनका कारण दक्षिण कोरियाका साथै चीन र जापानका सीमावर्ती छिमेकी क्षेत्रका बासिन्दा पनि रेडियोधर्मीको आंशिक जोखिममा परेको हुन सक्ने उल्लेख गरेको छ ।

सन् २०१४ मा गठित यो समूहले आणविक एवं चिकित्सा विशेषज्ञका साथै प्रभावितहरूको सहयोग र सहकार्यमा यो अध्ययन गरेको थियो । समूहले अध्ययन स्रोतका रूपमा सार्वजनिक खुफिया प्रतिवेदन तथा सरकार र संयुक्त



रेडियोधर्मी प्रदूषण फैलिएको क्षेत्रमा १० लाखभन्दा बढी उत्तर कोरियालीको बसोवास छ भने भूमिगत पानीलाई उनीहरूले पिउनेलगायत दैनिक जीवनमा प्रयोग गर्छन्

राष्ट्रसंघबाट उपलब्ध प्रतिवेदन प्रयोग गरेको छ ।

'उत्तर कोरियाका ती आणविक परीक्षणले उत्तर कोरियाली जनताको मात्र नभई दक्षिण कोरिया र अन्य छिमेकी देशमा पनि जीवन र स्वास्थ्य अधिकारलाई खतरामा पार्न सक्ने देखाउन यो प्रतिवेदन महत्त्वपूर्ण छ,' समूहका प्रमुख एवं सहअध्ययेता ह्युबर्ट यंग ह्वान लीले भने ।

सन् २०१५ मा दक्षिण कोरियाको खाद्य सुरक्षा एजेन्सीले आयातीत च्याउमा रेडियोधर्मी सिजियमका आइसोटोप मानकस्तरभन्दा नौ गुणा बढी पाएको थियो । उक्त च्याउ चिनियाँ उत्पादनका रूपमा बिक्री गरिएको भए पनि त्यसको वास्तविक उत्पत्तिस्थल उत्तर कोरिया थियो । त्यसयता, चीन र जापानले विकिरण अनुगमनलाई तीव्रता दिनुका साथै उत्तरका अघिल्ला आणविक परीक्षणका सम्भावित खतराबारे चिन्ता व्यक्त गरेका छन्, तर खाद्यवस्तुमा तीनको प्रदूषणबारे भने खुला रूपमा जानकारी उपलब्ध गराएका छैनन् ।

थुप्रै बाहिरी विशेषज्ञहरूले पनि विकिरणद्वारा दूषित पानीबाट सम्भावित स्वास्थ्य जोखिमबारे चिन्ता व्यक्त गरेका छन् ।

उत्तर कोरियाले भने विगतका आणविक परीक्षणबाट हानिकारक सामग्रीको कुनै चुहावट नभएको बताउँदै त्यस्ता चिन्तालाई खारेज गरेको छ । तर, आणविक प्रदूषण नभएको कुनै प्रमाण भने उपलब्ध गराएको छैन ।

सन् २०१८ मा यस आणविक परीक्षणस्थलका केही सुरुङ नष्ट गरेको दृश्य प्रत्यक्ष अवलोकन गर्न विदेशी पत्रकारहरूलाई आमन्त्रित गर्दा उत्तर कोरियाले उनीहरूबाट विकिरण मापन गर्ने उपकरण खासेको थियो । अन्तरकोरियाली मामिला हेर्ने सियोलको एकीकरण मन्त्रालयले सन् २०१८ बाट अन्तरसीमा सम्बन्धमा केही न्यानोपन आएयता भने भागेर आएकाहरूमा विकिरण परीक्षण गर्न बन्द गरेको छ । तर, सन् २०१७ र सन् २०१८ मा विकिरण परीक्षण गरिएका पुंगेरीआसपासका क्षेत्रबाट आएका ४० डिफेक्टरमध्ये कम्तीमा नौमा असामान्यस्तरमा विकिरणको प्रभाव पाइएको थियो । तर, मन्त्रालयले यसको आणविक परीक्षणस्थलसँग प्रत्यक्ष सम्बन्ध स्थापित गर्न भने नसकेको बताएको छ ।

- एजेन्सी

## इतिहासमा आज

फेब्रुअरी २८



**सन् १९४७ :** ताइवानमा उठेको सरकारविरोधी विद्रोहलाई चियाङ काई सेक र उनको कुओमिन्ताङ पार्टीअन्तर्गतको गणतान्त्रिक चीन सरकारले हिंसात्मक तवरले दबाउँदा १८-२८ हजारको ज्यान गएको आकलन । यसलाई श्वेत आतंकको सुरुवातका रूपमा चित्रित गरिन्छ ।

**सन् १९१५ :** दोस्रो विश्वयुद्धमा फ्रान्सेली सेनाले च्याम्पाग्ने क्षेत्रमा जर्मन सेनालाई पछि धकेल्न गरेको प्रयासमा ५० हजारभन्दा धेरैको हताहती । यो मूल्यमा उसले जर्मनी सेनालाई केवल केही सय मिटर मात्रै पछाडि हटाउन सकेको थियो ।

**सन् १८५४ :** विन्सकन्सिनमा अमेरिकाको रिपब्लिकन पार्टीको औपचारिक गठन ।

**सन् १८५३ :** फ्रान्सिस क्रिक र जेम्स वाटसनले डिएन-मोलिक्युलको रासायनिक संरचना पत्ता लगाए ।


गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
शिक्षा विकास निर्देशनालय
गण्डकी प्रदेश, पोखरा

**छात्रवृत्ति प्राप्तिका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना**

*प्रथम पटक प्रकाशित मिति : २०७९/११/१६*

यस प्रदेशभित्र स्थायी बसोबास गर्ने नेपाली नागरिकहरु मध्ये तपसिल बमोजिमका छात्रवृत्ति प्राप्तिका लागि यस निर्देशनालयको वेभसाइट www.edd.gandaki.gov.np उल्लेख भए बमोजिमका कागजात र निवेदन सहित यो सूचना प्रकाशन भएका मितिले १५ दिनभित्र शिक्षा विकास निर्देशनालय, गण्डकी प्रदेश, पोखरामा सक्कलै निवेदन पेश गर्नुहुन जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | छात्रवृत्ति कार्यक्रमको नाम | निवेदन दिन सक्ने विद्यार्थी |
|---|---|---|
| १. | शहिद दिल बहादुर रम्तेल स्मृति छात्रवृत्ति | आ.व. २०७९/०८० मा एमबिबिएस र स्नातक तहमा इन्जिनियरिङ्ग, वन विज्ञान, कृषि र पशु विज्ञान विषयमा छात्रवृत्ति कोटामा छनौट भई अध्ययन गरिरहेका दलित, लोपोन्मुख, अल्पसंख्यक तथा गरीब विद्यार्थी शहिद, वेपत्ता, द्वन्दपीडित र जनआन्दोलनका घाइतेका परिवारका छोराछोरी |
| २. | उत्कृष्ट विद्यार्थी प्रोत्साहन छात्रवृत्ति | गणित र विज्ञान मुख्य विषय लिई कक्षा ११ र १२ तथा स्नातक तहमा अध्ययनरत दलित तथा असहाय छात्रा (महिला) |
| ३. | अपाङ्ग उच्च शिक्षा छात्रवृत्ति | आ.व. २०७९/०८० मा स्नातक वा स्नातकोत्तर तहमा भर्ना भई अध्ययनरत अपाङ्ग विद्यार्थी |

नोट यस सम्बन्धी मापदण्ड, निवेदनको ढाँचा, आवश्यक कागजात, मूल्याङ्कनको मापदण्ड सम्बन्धी जानकारी शिक्षा विकास निर्देशनालयको वेभसाइट www.edd.gandaki.gov.np बाट प्राप्त गर्न सकिनेछ ।



उत्तरगया गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा

**साझेदारी कृषि तथा पशु विकास उद्यमशीलता परियोजना कार्यक्रम सञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ/संस्थाका लागि आशय-पत्र आव्हानको सूचना**

**प्रथमपटक सूचना प्रकाशित मिति : २०७९।११।१६ गते**

उत्तरगया गाउँपालिकाले कृषि तथा पशुवस्तुहरूको उत्पादन वृद्धि गरी गाउँपालिका क्षेत्रमा रोजगारमूलक, उद्यमशील र मर्यादित कृषि व्यवसायको विकास गर्ने उद्देश्यले "उत्तरगया गाउँपालिका साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०७९ (पहिलो संशोधन)" बमोजिम "उत्तरगया गाउँपालिका साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९" कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०७९/०८० देखि सुरु हुने गरी बहुवर्षीय/सालबसाली रूपमा कृषि तथा पशु विकाससम्बन्धी विषयमा आधारित कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैरसरकारी क्षेत्रका व्यक्ति/संस्थाहरूबाट यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आशयपत्र पेश गर्न आह्वान गरिएको छ (१५औँ दिन सार्वजानिक विदा परेको खण्डमा सोको भोलिपल्ट कार्यालय समयभित्र गाउँपालिका कार्यालयमा पेश गर्नुपर्नेछ) । आशयपत्र पेश गर्दा संस्थाको सम्पूर्ण विवरण, विगत सात वर्षमा गरेको समान प्रकृतिको काम र स्थानको विवरण, व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण र प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण पेश गर्नुपर्नेछ । तोकिएको अवधिमा पेश भएका आशयपत्रदाताहरूको संक्षिप्त सूची प्रकाशन गरी प्रस्तावना आह्वान गरिनेछ । योग्यता नपुगेका, आवश्यक विवरणहरू र कागजात संलग्न नभएको प्रस्ताव उपर कारबाही हुनेछैन । अन्य विषयहरू नियामानुसार हुनेछ ।

यससम्बन्धि विस्तृत विवरण गाउँपालिकाको वेवसाइट **www.uttargayamun.gov.np** बाट डाउनलोड गर्न वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**Invitation for Bids**

**Dhunibeshi Municipality, Dhading**

**1st Date of publication: 2079/10/12**

**2nd date of notice publication: 2079/11/16**

1. **Dhunibeshi Municipality, Dhading invites** electronic bids from Nepalese eligible bidders for the following Construction.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Dhunibeshi Municipality, Dhading** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the biddingdocuments as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp/., Bidders, submitting their bid electronically, should deposit the cost Rs. 3000 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: **Rastriya Banijaya Bank, Khanikhola**
   Name of Office: **Dhuibeshi Municipality, Dhading**
   Office Account no.: **1080100301010003**
4. Pre-bid meeting shall be held at **Dhunibeshi Municipality,Dhading** at **13:00 on 2079/11/25**.
5. Electronic bids must be submitted to the office **Dhunibeshi Municipality, Dhading** through PPMO website www.bolpatra.gov.np/egp on or before **2079/12/01 on 12:00**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 on 2079/12/01** at the office of **Dhunibeshi Municipality, Dhading**. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by following bid security .
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N. | Name of Project | Contract ID | Bid Security | Estimated Amount with PS and Vat |
|---|---|---|---|---|
| 1. | Avasiya Bidhyalaya Sanchalan Nirantarta | 26/SCHOOL/DM/079/080 | Rs. 191000 | Rs. 6379596.03 |

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)


NIC ASIA
एन आई सी एशिया बैंक लि.


## गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान


यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।


### तपसिल


| क्र.सं. | गैर बैकिङ्ग सम्पतिको विवरण |
|---|---|
| १. | यस बैंकको नाममा मालपोत कार्यालय, धनकुटाको लगतमा दर्ता कायम रहेको धनकुटा जिल्ला, धनकुटा न.पा. वडा नं. ५ स्थित कित्ता नं. ९५० को क्षेत्रफल ०-८-०-० (रोपनी) को जग्गा र धनकुटा जिल्ला, धनकुटा न.पा. वडा नं. ३ स्थित कित्ता नं. २१८ को क्षेत्रफल ६-१४-२-० (रोपनी) को जग्गा । |
| २ | यस बैंकको नाममा मालपोत कार्यालय मुगुको लगतमा दर्ता कायम रहेको मुगु जिल्ला, श्रीनगर गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. १४९३ को क्षेत्रफल ३०२.५० व.मि.को जग्गा, मुगु जिल्ला, श्रीनगर गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ९९० को क्षेत्रफल ३८५.७५ व.मि.को जग्गा र मुगु जिल्ला, श्रीनगर गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ४६५ को क्षेत्रफल १०८.५० (व.मि.) को जग्गा । |
| ३. | यस बैंकको नाममा मालपोत कार्यालय, कालिकोटको लगतमा दर्ता कायम रहेको कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ३ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७२३ को क्षेत्रफल ६८९ व.मि.को जग्गा र कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ४ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७९४ को क्षेत्रफल २७५० व.मी. को जग्गा । |
| ४. | यस बैंकको नाममा मालपोत कार्यालय, मुगुको लगतमा दर्ता कायम रहेको मुगु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ४ घ स्थित कित्ता नं २५४ को क्षेत्रफल ११२५ वर्गमिटरको जग्गा । |
| ५. | यस बैंकको नाममा मालपोत कार्यालय, मुगुको लगतमा दर्ता कायम रहेको, मुगु जिल्ला, श्रीनगर गा.वि.स. वडा नं. ५ क स्थित कित्ता नं. १२५ को क्षेत्रफल २६.२५ (व.मि.) को घरजग्गा । |
| ६. | यस बैंकको नाममा मालपोत कार्यालय, मुगुको लगतमा दर्ता कायम रहेको, मुगु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ६ ग स्थित कित्ता नं. ५१ को क्षेत्रफल ४४१७.५० व.मि.को जग्गा । |
| ७. | यस बैंकको नाममा मालपोत कार्यालय, धनकुटाको लगतमा दर्ता कायम रहेको धनकुटा जिल्ला, निगाले गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९१३ को क्षेत्रफल ५०८.७४ व.मि. को जग्गा । |
| ८. | यस बैंकको नाममा मालपोत कार्यालय बारा, कलैयाको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, कलैया न.पा. वडा नं. ७ स्थित कित्ता नं. ६ को क्षेत्रफल ०-०-८ (विगाह) को घरजग्गा । |
| ९. | यस बैंकको नाममा मालपोत कार्यालय बारा, कलैयाको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, उत्तर झिटकैया गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ८१८ र ८२८ को क्षेत्रफल १-०-२ र १-३-१४ (विगाहा) को जग्गा । |
| १०. | यस बैंकको नाममा मालपोत कार्यालय, मुगुको लगतमा दर्ता कायम रहेको मुगु जिल्ला, कार्किबाडा गा.वि.स. वडा नं. ३ ग स्थित कित्ता नं. ३३७ को क्षेत्रफल १,११५.०० व.मि.को जग्गा । |
| ११. | यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, इनरुवा न.पा. वडा नं.७ ख (हाल इनरुवा न.पा.वडा नं. २) स्थित कित्ता नं. ९९६ को क्षेत्रफल ०-०-७-० (विगाह) को घरजग्गा । |
| १२. | यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, सोनापुर गा.वि.स. वडा नं. ४ ख (हाल दुहवी न.पा. वडा नं. ९) स्थित कित्ता नं. २७२ को क्षेत्रफल ०-५-०-० (विघा) को जग्गा । |
| १३. | यस बैंकको नाममा मालपोत कार्यालय, पाँचथरको लगतमा दर्ता कायम रहेको पाँचथर जिल्ला, फिदिम गा.वि.स. वडा नं.८ क (हाल फिदिम न.पा. वडा नं. ४) स्थित कित्ता नं. २१०,२११ र २१२ को क्षेत्रफल क्रमश: १-११-१-०, १-११-१-० र १-११-१-१ (रोपनी) को जग्गा । |
| १४. | यस बैंकको नाममा मालपोत कार्यालय रंगेली, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, टकुवा गा.वि.स. वडा नं. २ क (हाल सुनवर्षी न.पा. वडा नं. ५) स्थित कित्ता नं. २८४ को क्षेत्रफल ०-१२-९-० (विघा) को जग्गा । |
| १५. | यस बैंकको नाममा मालपोत कार्यालय रंगेली, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, टकुवा गा.वि.स. वडा नं. ८ (हाल सुनवर्षी न.पा. वडा नं. ५) स्थित कित्ता नं. १२ र ३३९ को क्षेत्रफल क्रमश: ०-१४-८-० र ०-३-०-० (विघा) को जग्गा । |
| १६. | यस बैंकको नाममा मालपोत कार्यालय रंगेली, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, टकुवा गा.वि.स. वडा नं. ८ (हाल सुनवर्षी न.पा. वडा नं. ५) स्थित कित्ता नं. ६९, ६८, ६४२, ६४४, ६३१ र ४५० को क्षेत्रफल क्रमश:०-४-०-०, ०-२-०-०, ०-०-७-०, ०-०-१३-०, ०-६-५-० र ०-२-०-० (विगाह) को जग्गा । |
| १७. | यस बैंकको नाममा मालपोत कार्यालय रंगेली, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, टकुवा गा.वि.स. वडा नं. २ क (हाल सुनवर्षी गा.वि.स. वडा नं. ५) स्थित कित्ता नं. ८९१ र ८४१ को क्षेत्रफल ०-३-०-० र ०-११-०-० (विगाह) को जग्गा । |
| १८. | यस बैंकको नाममा मालपोत कार्यालय रंगेली, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, टकुवा गा.वि.स. वडा नं. ८ (हाल सुनवर्षी न.पा. वडा नं. ५) स्थित कित्ता नं. ९७, ११५, १०५, र १०१ को क्षेत्रफल क्रमश: ०-४-०-०, ०-३-१०-०, ०-४-५-० र ०-१-१५-० (विगाह) को जग्गा । |
| १९. | यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. १३ (हाल ललितपुर म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. १३०३ को क्षेत्रफल १०९.७७ व.मी. को जग्गा र सोमा बनेको घर समेत । |
| २०. | यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता कायम रहेको नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला, प्रतापपुर गा.वि.स. वडा नं. ८ख (हाल प्रतापपुर गा.पा. वडा नं. ९) स्थित कित्ता नं. ८८ र १०७ को क्षेत्रफल क्रमश: ०-४-४-० र ०-२-१०-० (विगाह) को जग्गा । |
| २१. | यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, इुमरिया (म.) गा.वि.स. वडा नं. ६ (हाल चन्द्रपुर न.पा वडा नं १०) स्थित कित्ता नं. २४३, २१४ र ६२७ को क्षेत्रफल क्रमश १-१४-०, २-१४-० र ०-९-२ (विगाह)को जग्गा र रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ७ (हाल बृन्दावन न.पा वडा नं ६) स्थित कित्ता नं. २१७७ को क्षेत्रफल ०-१०-१३ (विगाह) को जग्गा तथा रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ७ (हाल बृन्दावन न.पा वडा नं ६) स्थित कित्ता नं. २९०३ को क्षेत्रफल ०-५-९-८ (विगाह) को जग्गा । |
| २२. | यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ४ (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४७६, ४२२, ५२, ३९९, ३६७, ३६८ र ३६६ को क्षेत्रफल क्रमश: ०-१-०, ०-१-०, ०-०-१८, ०-०-१४, ०-१-१८, ०-१-५ र ०-३-१९ (विगाहा) को जग्गा, रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ५ (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५, ६ र ७ को क्षेत्रफल क्रमश: ०-३-१२, ०-३-५ र ०-५-१० (विगाह) को जग्गा, रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ४ (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४७७, ३३२ र ५० को क्षेत्रफल क्रमश: ०-१-०, ०-४-१५ र ०-२-१३ (विगाह) को घर/जग्गा । |
| २३. | यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ६ ख (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४५३, ५०७ र ६४९ को क्षेत्रफल क्रमश: ०-१-८³/⁸, ०-०-१६ र ०-१-५ (विगाह) को घर/जग्गा। |
| २४. | यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय घोराही, दाङको लगतमा दर्ता कायम रहेको दाङ जिल्ला, हापुर बिजौरी गा.वि.स. वडा नं. ८/क (हाल दाङ जिल्ला, घोराही उ.म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. ७६७ को क्षेत्रफल ३८२६.५२ व.मि.को जग्गा । |
| २५. | यस बैंकको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, गोठीकाडा गा.वि.स. वडा नं. ३ (हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६५६० को क्षेत्रफल १२० व.मि.को जग्गा । |
| २६. | यस बैंकको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, गोठीकाडा गा.वि.स. वडा नं. ६ क (हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ३) स्थित कित्ता नं. ८०४ र ८०६ को क्षेत्रफल क्रमश: ०-१-१-० र ०-०-८-३ (विगाह) को जग्गा । |
| २७. | यस बैंकको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, कटकुवा गा.वि.स. वडा नं. ३ (हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४७०३, ३११४ र ३०५२ को क्षेत्रफल क्रमश: ०-०-५-०, ०-०-५-० र ०-०-४-० (विगाह) को जग्गा । |
| २८. | यस बैंकको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ५ ख (हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १०) स्थित कित्ता नं. १६३८ को क्षेत्रफल ०-०-१०-० (विगाह) को जग्गा र सो जग्गामा बनेको घर समेत । |
| २९. | यस बैंकको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ क (हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. १७४२ को क्षेत्रफल ०-०-१९-० (विगाह) को जग्गा । |
| ३०. | यस बैंकको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ ख (हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ३) स्थित कित्ता नं. ३८१३ को क्षेत्रफल ०-०-११-३ (विगाह) जग्गा । |


तपसिल नं. १ मा उल्लेखित सम्पति


तपसिल नं. २ मा उल्लेखित सम्पति



तपसिल नं. ३ मा उल्लेखित सम्पति



तपसिल नं. ४ मा उल्लेखित सम्पति



तपसिल नं. ५ मा उल्लेखित सम्पति



तपसिल नं. ६ मा उल्लेखित सम्पति



तपसिल नं. ७ मा उल्लेखित सम्पति


तपसिल नं. ८ मा उल्लेखित सम्पति



तपसिल नं. ९ मा उल्लेखित सम्पति


तपसिल नं. १० मा उल्लेखित सम्पति


तपसिल नं. ११ मा उल्लेखित सम्पति



तपसिल नं. १२ मा उल्लेखित सम्पति


तपसिल नं. १३ मा उल्लेखित सम्पति


तपसिल नं. १४ मा उल्लेखित सम्पति


तपसिल नं. १५ मा उल्लेखित सम्पति



तपसिल नं. १६ मा उल्लेखित सम्पति


तपसिल नं. १७ मा उल्लेखित सम्पति


तपसिल नं. १८ मा उल्लेखित सम्पति


तपसिल नं. १९ मा उल्लेखित सम्पति



तपसिल नं. २० मा उल्लेखित सम्पति



तपसिल नं. २१ मा उल्लेखित सम्पति



तपसिल नं. २२ मा उल्लेखित सम्पति



तपसिल नं. २३ मा उल्लेखित सम्पति



तपसिल नं. २४ मा उल्लेखित सम्पति


तपसिल नं. २५ मा उल्लेखित सम्पति


तपसिल नं. २६ मा उल्लेखित सम्पति


तपसिल नं. २७ मा उल्लेखित सम्पति


तपसिल नं. २८ मा उल्लेखित सम्पति


तपसिल नं. २९ मा उल्लेखित सम्पति


तपसिल नं. ३० मा उल्लेखित सम्पति

**लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल विक्री गरिने सम्पत्तिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो । बिक्री गरिने सम्पत्तिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

नेपाल सरकार
सहरी विकास मन्त्रालय
सहरी विकास तथा भवन निर्माण विभाग
**संघीय आयोजना कार्यान्वयन इकाई**
रुपन्देही

## आर्थिक प्रस्ताव खोल्ने तथा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०७९/११/१६**

यस आयोजनाबाट राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वान को सूचना अनुसार तपशिलको खरिद नम्बर र कार्य विवरणसँग सम्बन्धित निर्माण कार्यको लागि रितपूर्वक पेश हुन आएका बोलपत्रहरुको प्रस्ताव मुल्यांकन हुँदा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम तल तालिकाको सि.नं. १ मा उल्लेखित बोलपत्रदाताहरुको प्रस्ताब न्यूनतम मुल्यांकित तथा सारभूत रुपमा प्रभावग्राही बोलपत्र (Lowest Evaluated and Substantial Responsive Bidders) निर्धारण भई स्वीकृतिका लागि छनौट गरिएकोले ऐनको दफा २७(२)को प्रयोजनार्थ र तालिकाको सि.नं. २ मा उल्लेखित कार्यको लागि प्राप्त बोलपत्रदताहरुको प्राबिधिक प्रस्ताव मुल्यांकन हुँदा सारभूत रुपमा प्रभावग्राही बोलपत्रहरु (Substantial Responsive Bidders) तल तालिकामा निर्धारण गरिएकोले सो नियमावलीको नियम ३१ (ङ) उपनियम (५) अनुसार बोलपत्रदाताको आर्थिक प्रस्ताव मिति २०७९/११/२५ गते दिनको १.०० बजे यस आयोजना कार्यालयमा खोलिने भएकोले सरोकारवाला सबैंको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

| सि. नं | खरीद नं. | योजनाको नाम | सफल बोलपत्रदाताको नाम | कवोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| 1 | DUDBC/FPIUR upandehi/Works/ NCB/41/079/80 | Urban Infrastructure Construction Work at Rampur Municipality,Palpa. | Kanchan Construction, Kushma-05, Parbat | ६६,५६,९८४।९५ |
| 2 | DUDBC/FPIUR upandehi/Works/ NCB/01/079/80 | Integrated Urban Infrastructure Development Works at Resunga Municipality Gulmi | Puspanjali / D.N.D. / Newliza J.V., Resunga -04, Gulmi | Financial Opening Date: 2079/11/25 Time: 1:00 PM Venue: FPIU, Rupandehi |
| | | | Indra - M.K. J.V, Jawalakhel, Lalitpur | |

**आयोजना प्रमुख**

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision & Monitoring Office, Kathmandu
ROAD DIVISION KATHMANDU

## Invitation for Bids No: 11-2079-80

**(Date of first Publication: 2079/11/16)**

Road Division Kathmandu invites electronic bids from eligible bidders for following works:

| Contract Number | Description and location of work | Estimated Amount (Without VAT, PS) | Bid Security Amount | Document Fee |
|---|---|---|---|---|
| RDKTM/337310113/ 079/80/040 (RE) | Maintenance of Balkumari Bridge Suryakot Narephant Manohara Bridge road | 3,586,823.09 | 99,000.00 | 3,000.00 |
| RDKTM/337310113/ 079/80/043 (RE) | Maintenance of approach road of Mahadevsthan Koteshwor Road | 2,510,209.40 | 69,000.00 | 3,000.00 |
| RDKTM/337310113/ 079/80/052 (RE) | Supply of construction material at division yard for recurrent maintenance works | 1,707,037.54 | 46,000.00 | 1,000.00 |
| RDKTM/337310113/ 079/80/054 | Rehabilitation of Chobhar Dakshinkali Chhaimale Road | - | 2,346,000.00 | 5,000.00 |
| RDKTM/337310113/ 079/80/055 | Rehabilitation of Nagdhunga (TRP) Tankeshwor Road | - | 2,339,000.00 | 5,000.00 |
| RDKTM/337310113/ 079/80/056 | Rehabilitation of Pepsicola Karkigaon Mulpani (Pipalbot) Road | - | 1,169,000.00 | 5,000.00 |
| RDKTM/337310113/ 079/80/057 | Rehabilitation of Khasibazar Kirtipur Machchhegaon Tinthana Road (Khasibazar Sita Petrol Pump Kirtipur Road) | - | 559,000.00 | 5,000.00 |
| RDKTM/337310113/ 079/80/058 | Road safety works on SRN/SURN roads in Kathmandu | - | 705,000.00 | 5,000.00 |

Deadline for Bid Submission and Opening:

<table>
<tr><td rowspan="3">C. No.</td><td colspan="2" rowspan="2">Submission of Bid</td><td colspan="2" rowspan="2">Opening of Bid</td><td>Revenue a/c No.</td><td>00100106200000</td><td>Office code</td><td>337013512</td></tr>
<tr><td>Revenue Heading No.</td><td>14229</td><td>Bank</td><td>Everest Bank Ltd</td></tr>
<tr><td>Date</td><td>Time</td><td>Date</td><td>Time</td><td>Name of Office</td><td colspan="3">Financial Comptroller General Office</td></tr>
<tr><td rowspan="2">40(RE)-52(RE)</td><td rowspan="2">2079/12/01</td><td rowspan="3">12:00</td><td rowspan="2">2079/12/01</td><td rowspan="3">13:00</td><td>Deposit A/c No.</td><td>1960100102030000</td><td>Office code</td><td>337013512</td></tr>
<tr><td>Name of Office</td><td colspan="3">District Treasury Controller Office, Singhdurbar</td></tr>
<tr><td>54-58</td><td>2079/12/16</td><td>2079/12/16</td><td>Bank</td><td colspan="3">Rastriya Banijya Bank Ltd, Singhdurbar</td></tr>
</table>

• Eligible Bidders may obtain further information at Road Division Kathmandu (Tel:014465457, email: droktm1@gmail.com, rd_kathmandu@dor.gov.np) or may visit PPMO's website http://bolpatra.gov.np/egp.

**Division Chief**

# बजेट सिद्धान्तविपरीत ८५ अर्ब ६० करोडभन्दा बढी रकम परिचालन

## सात महिनामा ४२ अर्ब थप स्रोत सुनिश्चितता, पौने २३ अर्ब रकमान्तर, २१ अर्ब थप निकासा

**पवन तिमिल्सिना**/नयाँ पत्रिका

खर्च कटौती र मितव्ययिताको कार्यक्रम चलाइरहेको सरकारले पछिल्लो सात महिनामा भने सिद्धान्तविपरीत बढी रकम परिचालन गरेको भेटिएको छ। मंसिरमा भएको संघीय तथा प्रदेश निर्वाचनलाई लक्षित गरेर असोज र कात्तिकमा रकम बाँडिएको अर्थ मन्त्रालयको एक विवरणले देखाएको छ। मन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार पछिल्लो सात महिनामा ८५ अर्ब ६० करोडभन्दा बढी रकम बजेट सिद्धान्तविपरीत परिचालन भएका छन्।

सिद्धान्ततः बजेट जनप्रतिनिधिमूलक सर्वोच्च संस्था संसद्बाट पारित गरेर ल्याइन्छ। सरकारले गर्ने आय-व्ययको हरहिसाब संसद्को अनुमोदनपछि मात्रै निर्धारण हुन्छ। तर, सरकारमा बस्ने राजनीतिक नेतृत्वले चुनावमा मतदाता रिझाउने गरी पैसा बाँड्न ढुकुटीमा दोहन गरेको पाइएको हो।

मन्त्रालयका अनुसार चालू आर्थिक वर्षमा ६३ अर्ब एक करोड रुपैयाँबराबरको स्रोत सुनिश्चितता दिइएको छ। जसले गर्दा ४१ अर्ब ५९ करोड रुपैयाँभन्दा बढी दायित्व सिर्जना भएको छ। चालू आर्थिक वर्षको बजेटमा त्यस्ता आयोजनाहरूका लागि २१ अर्ब ४१ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ। कानुनी व्यवस्थाविपरीत बहुवर्षीय सहमति दिएको एवं स्रोत सुनिश्चितता दिएको रकम खर्च गर्न नसक्नाले दायित्व सिर्जना हुने महालेखा परीक्षकको कार्यालयको टिप्पणी छ।

सहरी विकास मन्त्रालयको २७ आयोजना र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको १८ आयोजनामा स्रोत सुनिश्चितता दिइएको छ। सहरीले तीन अर्बभन्दा बढी स्रोत सुनिश्चितता दिएको छ भने भौतिकले १९ अर्ब २१ करोड रुपैयाँको स्रोत सुनिश्चितता दिएको छ।

यसरी विनियोजनभन्दा बढीको स्रोत सुनिश्चितता दिएर दायित्व सिर्जना मात्रै गर्ने काम गरेको भन्दै महालेखा परीक्षकको कार्यालयको ५५औँ प्रतिवेदनले यसलाई बजेट सिद्धान्तविपरीत ठहर गरेको थियो। 'विद्यमान कानुनले स्रोत सुनिश्चितता गरेर काम गराउने परिकल्पना गरेको छैन,' प्रतिवेदनमा उल्लेख छ, 'बजेट सिद्धान्तविपरीत स्रोत सुनिश्चितताअन्तर्गत विभिन्न मन्त्रालय तथा निकायलाई रकम तोकेर काम गराउँदै जाने र खर्चका लागि बजेट सुनिश्चित हुने व्यहोराको पत्र दिएको देखिन्छ।'

### ■ आर्थिक सहायता, रकमान्तर, थप निकासा र स्रोत सहमति

| महिना | आर्थिक सहायता (लाखमा) | रकमान्तर (करोडमा) | थप निकासा (करोडमा) | बहुवर्षीय ठेक्कामा स्रोत सहमति (करोडमा) |
|---|---|---|---|---|
| साउन | ९२ | - | ०.२५ | १६४०.११ |
| भदौ | १४१.७७ | ३० | २२५.२४ | ९५.४८ |
| असोज | २५ | - | ८८.३५ | १०४६.४९ |
| कात्तिक | ४४ | १० | १७३०.०७ | १३३० |
| मंसिर | १३०.८४ | - | ४२.२१ | ४०५.८८ |
| पुस | ८८.७२ | २२०२.५ | २९.२९ | २६०.०८ |
| माघ | २४ | ३२.४ | ५.४५ | १५२३ |
| जम्मा | ५४६.३३ | २२७४.९ | २१२०.८६ | ६३०१.०४ |

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि बहुवर्षीय ठेक्कामा स्रोत सहमति दिने नाममा रकम बाँड्ने गरेको भन्दै अर्थ मन्त्रालयलाई ध्यानाकर्षण गराउँदै आइरहेको छ। चुनावमा मतदाता प्रभावित पार्न सरकारले बजेट प्रणालीको आधारभूत सिद्धान्तकै धज्जी उडाएको अर्थशास्त्रीहरूको भनाइ छ। बजेटको अनुशासनभन्दा बाहिर गएर सरकारले आफूखुसी खर्च गर्दा पनि संसद् निरीह बनेको अर्थशास्त्री डिल्लीराज खनालको भनाइ छ। 'यो त बजेट प्रणाली नै भएन। सरासर विसंगति हो। सरकार आफैँले मनपरी बजेट तोडमोड गर्ने हो भने संसदीय अभ्यासको के अर्थ भयो ?' उनले भने, 'बजेटमा नराखेको रकम बहुवर्षीय ठेक्काको नाममा स्रोत सहमति दिँदै जाँदा दायित्व बढ्दै गइरहेको छ। स्रोतको हेक्का नराखी दायित्व मात्रै बढाउँदै जाने हो भने बजेट कसरी कार्यान्वयन हुन्छ ? सरकार कानुनभन्दा पर बसेको देखियो। मध्यकालीन खर्च संरचना बनाएको पनि यसका लागि हो। बहुवर्षीय ठेक्काको नाममा बजेटमाथि ज्यादतीको अन्त्य नभएसम्म बजेट कार्यान्वयनको समस्या कहिल्यै सुल्झिने देखिँदैन।' गत आर्थिक वर्षमा यस्तो सहमति ८८ अर्ब ७२ करोड रुपैयाँ र अघिल्लो आर्थिक वर्षमा एक खर्ब ५४ करोड रुपैयाँ थियो।

### ■ चुनावको मुखमा पैसा बाँडियो

स्रोत सुनिश्चितता गरेर पैसा बाँड्ने गतिविधि चुनावकै समयमा बढी भएको देखिन्छ। आर्थिक वर्ष ०७३/७४ मा पनि स्रोत सुनिश्चितताअन्तर्गत पटके निर्णयका आधारमा स्रोत २३ करोड ६० लाख दायित्व सिर्जना भएको महालेखा परीक्षकको प्रतिवेदनले औँल्याएको थियो। चालू आर्थिक वर्षमा पनि सोही वर्षकै प्रवृत्ति दोहोरिएको छ। तर, यसपालि चुनावमा भने अर्बौं रकमको दायित्व सिर्जना भएको छ। मंसिरमा हुने निर्वाचनलाई लक्षित गरेर असोज र कात्तिकमा नै २३ अर्ब ७६ करोड रुपैयाँ स्रोत सहमति दिएको पाइएको छ। गत माघसम्मको विवरणअनुसार सबैभन्दा बढी स्रोत सहमति असोज र कात्तिकमा भएको देखिन्छ। असोजमा एक अर्ब ९० करोड बजेट विनियोजन गरिएका आयोजनामा १० अर्ब ४६ करोडको स्रोत सहमति दिएको र कात्तिकमा तीन अर्बको आयोजनाका लागि १३ अर्ब ३० करोडको स्रोत सहमति दिएको देखिन्छ।

### ■ २१ अर्बभन्दा बढी निकासा

साधारणतया भइपरिआउने शीर्षकमा खर्च गर्न बजेटमा एकमुष्ट रूपमा विविध शीर्षकमा छुट्याइन्छ। महालेखा परीक्षकको कार्यालयले यस्तो शीर्षकलाई पनि बजेटको सिद्धान्तभन्दा बाहिर मानेको छ। आव ०७३/७४ मा पनि अर्थ मन्त्रालयले त्यस्तो शीर्षकमा एकमुष्ट राखिएको रकमलाई विभिन्न आयोजना तथा कार्यक्रममा ३२ अर्ब ५५ करोड रुपैयाँ निकासा गरिएको थियो। चालू आर्थिक वर्षमा अर्थ मन्त्रालयले यस्तो शीर्षकबाट २१ अर्ब २० करोड रुपैयाँ निकासा दिएको छ। यो रकम पनि चुनावलक्षित गरेर कात्तिकमा १७ अर्ब ३० करोड रुपैयाँ निकासा दिएको देखिन्छ।

### ■ २२ अर्बभन्दा बढीको रकमान्तर

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ ले पहिलो त्रैमास नसकिएसम्म रकमान्तर गर्न नपाउने व्यवस्था छ। सामान्यतयाः आर्थिक वर्षको अर्धवार्षिक समीक्षापछि अर्थात् चैत लागेपछि मात्रै रकमान्तर गर्ने प्रचलन रहे पनि यसपालि दोस्रो त्रैमासमै ठूलो मात्रामा रकमान्तर भएको छ।

एक करोड रुपैयाँभन्दा बढी रकमबराबरका कार्यक्रममा २२ अर्ब ७४ करोड रुपैयाँ रकमान्तर भएको छ। सबैभन्दा बढी पुसमा २२ अर्ब दुई करोड रुपैयाँ रकमान्तर भएको देखिन्छ।

### ■ पाँच करोड बाँडियो

साउनदेखि माघसम्म लगातार सरकारले पाँच करोड ४६ लाख रुपैयाँभन्दा बढीको आर्थिक सहायता दिएको देखिन्छ। यसरी सहायता लिनेमा पूर्वराष्ट्रपति, प्रधानमन्त्री, चर्चित नेता तथा गायक पनि छन्। पूर्वराष्ट्रपति डा. रामवरण यादवले २५ लाख रुपैयाँ सहायता लिएका छन्। त्यस्तै, पूर्वप्रधानमन्त्री झलनाथ खनालले २० लाख रुपैयाँ लिएका छन्। भुटानी मानव अधिकारवादी नेता टेकनाथ रिजालले २७ लाख रुपैयाँ लिएका छन्। त्यस्तै, मकवानपुर नेपाली कांग्रेसका नेता रघुरमण न्यौपानेले पनि आर्थिक सहायता लिएका छन्। यस्तो सहायता मन्त्रिपरिषद्बाट निर्णय गराएर उपलब्ध गराउँदै आइएको अर्थ मन्त्रालयले जानकारी दिएको छ।

# १६ आन्तरिक वायुसेवाको पौने नौ करोड बक्यौता

## बक्यौता नतिर्ने कम्पनीको 'समर सेड्युल' स्वीकृत नगर्ने क्यानको चेतावनी

**नवीन अर्याल**/नयाँ पत्रिका

पुरानो बक्यौता रकम नबुझाउने वायुसेवा कम्पनीले पेस गरेको 'समर सेड्युल' स्वीकृत नहुने भएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले आन्तरिक उडान गरिरहेका वायुसेवा कम्पनीलाई समर सिजनको उडानतालिका लिनुअघि बक्यौता रकम चुक्ता गर्न ताकेता गर्दै यस्तो चेतावनी दिएको हो।

आन्तरिक उडान गर्ने १६ वायुसेवा (जहाज र हेलिकोप्टर) कम्पनीले आठ करोड ६९ लाख ५० हजार रुपैयाँ बक्यौता तिर्न बाँकी छ। १ मार्चदेखि समर सेड्युल लागू हुन्छ। राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमसहित यती, श्री, समिट, तारा, गुण, सीता र सौर्य एयरलाइन्सलाई क्यानले बक्यौता तिर्न पत्रसमेत पठाइसकेको छ। यस्तै, हेलिकोप्टर कम्पनीलाई पनि विमानस्थलमा बुझाउनुपर्ने सम्पूर्ण बक्यौता रकम बुझाउन ताकेता गरेको छ।

वायुसेवा कम्पनीले 'समर सेड्युल' पेस गर्ने वेलामा बक्यौता रकम चुक्ता गरेको हुनुपर्ने क्यानका प्रवक्ता जगन्नाथ निरौलाले बताए। 'यदि बक्यौता चुक्ता नगरेको भए नयाँ उडानतालिका दिँदैनौँ भनेका छौँ,' उनले भने, 'बक्यौता चुक्ता नगर्ने वायुसेवा कम्पनीको नयाँ तालिका स्वीकृत गर्दैनौँ।' क्यानले आन्तरिक उडान सुरक्षित बनाउन सबै वायुसेवा कम्पनीको वित्तीय अडिटसमेत सुरु गरेको छ। कर्मचारीलाई तलब सुविधा नदिएको र विमानस्थलको पुरानो बक्यौता पनि नतिरेको भन्दै क्यानले गुण एयरलाइन्सको उडान रोकेको छ। गुणले तीन करोड २८ लाख ५६ हजार रुपैयाँ बक्यौता तिर्न बाँकी छ।

वायुसेवा आर्थिक संकटमा परेर जहाज उडानमा प्रत्यक्ष संलग्न हुने पाइलट, इन्जिनियर, क्रु मेम्बरदेखि कर्मचारीलाई तलब सुविधा नदिए हवाई सुरक्षामा जोखिम बढ्न सक्ने क्यानको ठहर छ। आर्थिक संकटबाट जुधिरहेको कम्पनीका कर्मचारीहरूको मनोविज्ञान सुरक्षामैत्री हुन नसक्ने भन्दै क्यानको हवाई सुरक्षा विभागले प्रश्न उठाइरहेको छ। कम्पनीले सबै कर्मचारीलाई समयमै तलब सुविधा दिनुपर्ने र विमानस्थलको बक्यौता पनि चुक्ता गर्नुपर्ने क्यानको तर्क छ। वायुसेवा कम्पनीको व्यावसायिक योजना, वित्तीय अवस्था, कर्मचारीको तलब सुविधालगायत पर्याप्त छ वा छैन भनेर क्यानले अडिट गर्नेछ।

### ■ कुनको कति बक्यौता ?

बुद्ध एयर, अल्टिट्युड एयर (हेली) र कैलाश हेलिकोप्टरबाहेक सबैले विमानस्थललाई पुरानो बक्यौता रकम तिर्न बाँकी छ। सबैभन्दा धेरै गुणको तीन करोड २८ लाख ५६ हजार रुपैयाँ बक्यौता छ। यस्तै, यती एयरलाइन्सले दुई करोड ९४ लाख २२ हजार बक्यौता तिर्न बाँकी रहेको क्यानले जनाएको छ।

सौर्य एयरलाइन्सले एक करोड ३२ लाख ६२ हजार, श्री एयरलाइन्सले २२ लाख ३४ हजार, सीता एयरले १० लाख १५ हजार, समिट एयरले १५ लाख ३६ र तारा एयरले एक लाख ७६ हजार बक्यौता बाँकी छ। सञ्चालनमा रहेका हेलिकोप्टर कम्पनीतर्फ एयर डाइनेस्टीको ३२ हजार, अन्नपूर्ण हेलिकोप्टरको दुई लाख ३२ हजार, हेली एभरेस्टको १९ लाख ७० हजार, मनाङ एयरको दुई लाख ८५ हजार, माउन्टेन हेलिकोप्टरको चार लाख ४७ हजार, मुस्ताङ हेलिकोप्टरको ११ लाख ८१ हजार, प्रभु हेलिकोप्टरको दुई लाख ७० हजार, सिम्रिक एयरको एक लाख ४३ हजार र समिट हेलिकोप्टर (फिस्टेल)को १८ लाख ८९ हजार रुपैयाँ बक्यौता रहेको क्यानले जनाएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

# सिंहदरबारको क्यान्टिनलाई तीन लाख रुपैयाँ जरिवाना

**काठमाडौं**/ प्रमुख अनुगमनकारी निकाय वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले सिंहदरबारभित्रको सबैभन्दा बढी कारोबार हुने 'सेन्ट्रल क्यान्टिन'लाई तीन लाख जरिवाना तिराएको छ।

आइतबार दिउँसो अनुगमन गर्दा अखाद्य वस्तुको उपयोग गरेको भेटिएपछि उपभोक्ता संरक्षण ऐन, ०७५ अनुसार निरीक्षण टोलीले जरिवाना तिराउने निर्णय गरेको विभागका प्रवक्ता होमनाथ भट्टराईले जानकारी दिए। 'सिंहदरबारभित्रका कर्मचारी र त्यहाँ सेवाग्राहीको भिड भइरहने सेन्ट्रल क्यान्टिनले उपभोग्य मिति सकिएको दूध प्रयोग गरेको भेटियो। त्यस्तै, लेबल नभएको मसलासमेत प्रयोगमा ल्याइएको देखियो,' उनले भने, 'त्यसैले निरीक्षण अधिकृतले अधिकतम जरिवानाको निर्णय लिएका हुन्।'

अनुगमनका क्रममा विभागले फ्रिजमा उपभोगहीन अवस्थामा रहेको मासुको डल्ला भेट्टाएको थियो। त्यस्तै, बिग्रेको बन्दाकाउलीसमेत अलग्गै नराखेर उपयोग गर्ने ठाउँमा नै भण्डारण गरी राखेको अवस्थामा विभागले फेला पारेको थियो।

# देशभर आधा दर्जन व्यापार पूर्वाधार बनाउँदै इन्टरमोडल

**काठमाडौं**/ नेपाल इन्टरमोडल यातायात विकास समितिले देशका विभिन्न स्थानमा सुक्खा बन्दरगाह, एकीकृत जाँचजौकीजस्ता आधा दर्जन व्यापार पूर्वाधार निर्माणको काम अघि बढाएको छ। वैदेशिक व्यापार सहजीकरण गर्ने लक्ष्यसहित विभिन्न ठाउँमा यस्ता पूर्वाधार निर्माण गरिरहेको समितिले जानकारी दिएको हो।

नेपाल आर्थिक पत्रकार संघ (नाफिज)सँगको सहकार्यमा आयोजित 'मिडिया इन्ट्र्याक्सन अन इन्टरमोडल ट्रान्सपोर्ट' अन्तर्क्रियामा समितिका कार्यकारी निर्देशक आशिष गजुरेलले वैदेशिक व्यापार सहजीकरण गर्ने लक्ष्यसहित अर्बौंको व्यापार पूर्वाधारमा ध्यानकेन्द्रित गरिएको बताए। 'अहिलेसम्म तातोपानी, वीरगन्ज, चोभार, भैरहवालगायतका स्थानमा सुक्खा बन्दरगाह निर्माण भइसकेको छ,' उनले भने, 'यस्तै, टिमुरेमा सुक्खा बन्दरगाह निर्माणका क्रममा छ भने नेपालगन्जमा एकीकृत जाँचचौकीसमेत निर्माणाधीन अवस्थामा छ।' रसुवामा समेत सुक्खा बन्दरगाह निर्माणाधीन अवस्थामा रहेको छ। यसका अलावा दोधारा चाँदनी पनि सुक्खा बन्दरगाह बनाउने योजना अघि बढेको उनले बताए। यारी, कोरला, जलेश्वर, किमाथांका र ओलाङचुङगोलालगायतका स्थानमा सुक्खा बन्दरगाह सम्भाव्यताको काम सम्पन्न भइसकेको गजुरेलले बताए।

कार्यक्रममा गजुरेलले भविष्यको व्यापारलाई लक्षित गरेर व्यापार पूर्वाधार निर्माण गरिरहेको जानकारी दिए। 'चोभार सुक्खा बन्दरगाह नचलेको भन्ने गुनासो आइरहे पनि यो भविष्यको आयोजना हो,' गजुरेल भन्छन्, 'दैनिक काठमाडौंमा पाँच सयवटा मालवाहक साधन आउँछन्। यीमध्ये भविष्यमा धेरैले चोभारमा जाँचपास गर्छन्।' कार्यक्रममा नेपाल आर्थिक पत्रकार संघ (नाफिज)का तर्फबाट अध्यक्ष मोदनाथ ढकालले कार्यपत्र प्रस्तुत गरेका थिए।

# पिपिपी दक्षता विकास प्रशिक्षण

**काठमाडौं**/ सार्वजनिक-निजी साझेदारी (पिपिपी) लगानी मोडल सम्बन्धमा सरकारका विभिन्न निकायका अधिकारीहरूको दक्षता विकास गर्ने प्रशिक्षण कार्यक्रम काठमाडौंमा सुरु भएको छ। कार्यक्रमको शुभारम्भमा मन्तव्य राख्दै लगानी बोर्डका सिइओ सुशील भट्टले लगानी बोर्ड पिपिपी परियोजना कार्यान्वयनका लागि विशिष्टीकृत निकाय भएको बताए। सोहीअनुसार ऊर्जा र गैरऊर्जा क्षेत्रका पिपिपी परियोजना सफलतापूर्वक अघि बढाउन परियोजना तयारी, जोखिम न्यूनीकरण, प्रोजेक्ट प्रोक्योरमेन्ट एवं कार्यान्वयन तथा सञ्चालनका सम्पूर्ण चक्रमा दक्षता र विशेषज्ञता आवश्यक पर्ने उनले बताए।

यस्तै, सिइओ भट्टले पिपिपी आफैँमा जटिल विषय रहेको चर्चा गर्दै जनशक्तिको दक्षता अभिवृद्धिमा एडिबीको सहयोगको प्रशंसा गरे। पिपिपी सर्टिफिकेसन प्रोग्राममा आधारभूत चरण, तयारी चरण र कार्यान्वयन चरण गरी तीन चरण समावेश छन्। कार्यक्रमको उद्घाटन सत्रमा एडिबीको नेपालस्थित मिसनका राष्ट्रिय निर्देशक आर्नो कोस्वा तथा प्रशिक्षक अमनदीप सिंहले समेत सम्बोधन गरेका थए। एडिबीका राष्ट्रिय निर्देशक कोस्वाले पिपिपीसम्बन्धी ज्ञान र दक्षता अभिवृद्धि गरी त्यसलाई राष्ट्रिय र क्षेत्रीय परिदृश्यअनुसार अभ्यास गर्न सकिने बताए।

**सानिमा बैंक लिमिटेड, शाखा कार्यालय कलंकीका तपसिलमा उल्लेखित ऋणी र व्यक्तिगत जमानतकर्तालाई धितो लिलाम बिक्री गर्ने सम्बन्धी २१ दिने सार्वजनिक सूचना।**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकसँग गरेको सम्झौता बमोजिम यस बैंकबाट लिएको कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, किस्ता, हर्जाना ब्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर आदि रकम नतिरी, नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेको र बैंकबाट पटक पटक मौखिक तथा लिखित तर ताकेता गर्दा समेत कर्जा चुक्ता नगरेकाले **मिति २०७९ पुस ६ गतेको "राजधानी"** राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी सम्पूर्ण कर्जा रकम चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुदाँ धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ती जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ। धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानुहुने ईच्छुक महानुभावहरूले तल उल्लेखित शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौं वा शाखा कार्यालय कलंकीमा पेश गर्नुहुन आव्हान गरिन्छ। साथै, तपसिल बमोजिमको धितो सुरक्षणमा रहेको सम्पत्ती लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तीको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ। धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहि कतै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै धितो बन्धकीमा रहेको सुरक्षण सम्पत्ती बिक्री गर्दा पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी तथा व्यक्तिगत जमानीकर्ताको घर घरानाको अन्य चल अचल श्रीसम्पत्तीबाट लेना रकम असुल/उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्नुपर्ने ऋणी, जमानतकर्ताहरू तथा अन्य सम्बद्ध सबै पक्षलाई कालो सूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ती लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल:

| क्रसं | ऋणीको नाम र ठेगाना : |
|---|---|
| १. | नेपाल सरकार उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १३७६५५/०७२/०७३ कायम भई मिति २०७२/०४/१५ मा दर्ता भएको नुवाकोट जिल्ला थानापति गा.वि.स. वडा नं. ०९ स्थित स्वर्ग कृषि तथा पशुपालन अनुसन्धान केन्द्र। |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १. | गोविन्द राज पाण्डेको नाति, उद्धव राज पाण्डेको छोरा, काठमाण्डौ जिल्ला सितापाईला गा.वि.स. वडा नं. ०८ स्थायी ठेगाना भई हाल नुवाकोट जिल्ला शिवपुरी गाउँपालिका वडा नं. ०८ बस्ने सुसील राज पाण्डे। |
| २. | हरि प्रसाद खनालको छोरी, उद्धव राज पाण्डेको श्रीमती काठमाण्डौ जिल्ला सितापाईला गा.वि.स. वडा नं. ०८ स्थायी ठेगाना भई हाल नुवाकोट जिल्ला शिवपुरी गाउँपालिका वडा नं. ०८ बस्ने मिरा पाण्डे। |
| ३. | कासीनाथ पाण्डेको नाति गोविन्द राज पाण्डेको छोरा मोरङ् जिल्ला बखारी गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल नुवाकोट जिल्ला शिवपुरी गाउँपालिका वडा नं. ०८ बस्ने उद्धव राज पाण्डे। |
| **धितो सुरक्षणको विवरण** | |
| उद्धव राज पाण्डेको नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता श्रेस्ता कायम रहेका नुवाकोट जिल्ला सुनखानी गा.वि.स./न.पा. वडा नं. ५ को कित्ता नं. ६०८ को क्षेत्रफल ७-५-३-० (रो-आ-पै-दा) रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत | |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरू:**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौं वा शाखा कार्यालय कलंकीबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा १० (दश) प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौंमा दिनको २:३० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ। तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
५. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय कलंकीमा सम्पर्क गर्न सकिने छ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ। सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ।
७. नामसारी गर्दा सम्बन्धित मालपोत कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन।
१०. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०७९ साल चैत्र महिना ०६** गते कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान:**
**मिति : २०७९ साल चैत्र महिना ०९ गते।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, काठमाण्डौ।**
**समय : दिनको २.३० बजे।**

सानिमा बैंक
www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

**सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना**

प्रकाशित मिति : २०७९/११/१६

तपसिलमा उल्लेखित ऋणीहरुले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको विभिन्न शाखा कार्यालयहरुबाट विभिन्न शिर्षक अर्न्तगत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले यथाशिध्र बैंकमा सम्पर्क गरी आफुले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।
यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जाना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।
साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्यादभित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिल**

**शाखा कार्यालयः हल्दिबारी, झापा**
**१. सिटिजन्स फाष्ट ट्रयाक –आवधिक कर्जा**

**ऋणीहरुको नाम र ठेगाना**

| | १. | | २. |
|---|---|---|---|
| नाम | **कृष्ण कुमार माझी** | नाम | **शुशिला देवी माझी** |
| बाबु | केबरु माझी | बाबु | विष्णु माझी |
| बाजे | सोनु माझी | बाजे | झरुलाल माझी |
| स्थायी ठेगाना | शरणामती गा.वि.स.-२, झापा | स्थायी ठेगाना | शरणामती गा.वि.स.-२, झापा |
| हालको ठेगाना | हल्दिबारी गा.पा.-४, झापा | हालको ठेगाना | हल्दिबारी गा.पा.-४, झापा |
| ना.प्र.नं. | ०४३०३५/२०० | ना.प्र.नं. | ०४-०१-७०-२००९८ |
| जारी मिति | २०६३/१२/१८ | जारी मिति | २०७०/०६/२३ |
| जि.प्र.का. | झापा | जि.प्र.का. | झापा |

**जमानीकर्ताहरुको नाम र ठेगाना**

| | १. | | २. |
|---|---|---|---|
| नाम | **विष्णु माझी** | नाम | **विकाश माझी** |
| बाबु | झरुलाल माझी | बाबु | विष्णु माझी |
| बाजे | अमृतलाल माझी | बाजे | झरुलाल माझी |
| स्थायी ठेगाना | घेराबारी गा.वि.स.-१, झापा | स्थायी ठेगाना | घेराबारी गा.वि.स.-१, झापा |
| हालको ठेगाना | हल्दिबारी गा.पा.-४, झापा | हालको ठेगाना | हल्दिबारी गा.पा.-४, झापा |
| ना.प्र.नं. | ९२५६२५३४ | ना.प्र.नं. | ०४-०१-७०-१९५४३ |
| जारी मिति | २०५६/०२/२० | जारी मिति | २०७०/०६/०९ |
| जि.प्र.का. | झापा | जि.प्र.का. | झापा |

| | ३. |
|---|---|
| नाम | **मन्जु देवी माझी** |
| बाबु | सुरेन माझी |
| ससुरा | झरुलाल माझी |
| पति | विष्णु माझी |
| स्थायी ठेगाना | घेराबारी गा.वि.स.-१, झापा |
| हालको ठेगाना | हल्दिबारी गा.पा.-४, झापा |
| ना.प्र.नं. | ३२३३१४७३ |
| जारी मिति | २०६०/०८/२८ |
| जि.प्र.का. | झापा |

**धितो राखिएको सम्पत्तिको विवरण**
**धितो सुरक्षण धनीको नामः– शुशिला देवी माझी**

| | |
|---|---|
| जिल्ला | झापा |
| न.पा./गा.वि.स. | हल्दिबारी |
| वडा नं./नक्सा सिट नं. | १/१(ख) |
| कि.नं. | ३२८५ |
| क्षेत्रफल (वि. क. धु) | ०-१-० |
| कैफियत | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत। |

**शाखा कार्यालयः बाग्लुङ**
**२. कर्जा शिर्षक : सिटिजन्स कृषि तथा उद्यम कर्जा र सिटिजन्स महिला उद्यमशिलता कर्जा**

**ऋणीको नाम र ठेगाना**
नाम : **यकुमाया पुन**
पति : कुम सिंङ पुन
बाबु : मनसराम थापा
ससुरा : यम बहादुर
ठेगाना : दमेक गा.वि.स-८, बाग्लुङ्ग
हाल : जैमुनी न.पा-३, दमेक बाग्लुङ्ग
ना.प्र.नं. : ५०३०२५/६११
जारी मिति : २०६३/११/०४
जि.प्र.का. : बाग्लुङ्ग

**जमानीकर्ताको नाम र ठेगाना**
नाम : **कुम सिंङ पुन**
बाबु : यम बहादुर पुन
बाजे : रत्न बहादुर पुन
ठेगाना : दमेक गा.वि.स -८, बाग्लुङ्ग
हाल : जैमुनी न.पा -३, दमेक बाग्लुङ्ग
ना.प्र.नं. : २००२४२
जारी मिति : २०६२/०४/२३
जि.प्र.का. : बाग्लुङ्ग

**धितो राखिएको सम्पत्तिको विवरणः**
**धितो सुरक्षण धनीको नामः– यकुमाया पुन**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| बाग्लुङ | मुलपानी | ८ | १५२८ | ०-१०-०-० (रोपनी) (३१७.९० ब.मी.) | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत। |

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

# कुमारी बैंकले टाटाका विद्युतीय सवारी किन्न कर्जा दिने

**नयाँ पत्रिका**
**काठमाडौं, १५ फागुन**



कुमारी बैंक लिमिटेडले टाटाका विद्युतीय सवारीसाधन खरिद गर्नका लागि कर्जा दिने भएको छ। कर्जा लगानीसम्बन्धी सम्झौतामा टाटा गाडीको नेपालका लागि आधिकारिक विक्रेता सिप्रदी ट्रेडिङ प्रालि र बैंकबीच सम्झौता भएको हो।

पछिल्लो समय विद्युतीय सवारीसाधनको लोकप्रियता बढ्दै गएको र सोहीअनुरूप आफ्ना ग्राहकको माग पूरा गर्न कुमारी बैंकले आफ्ना देशव्यापी शाखाहरूबाट सहज रूपमा विद्युतीय सवारीसाधन कर्जा उपलब्ध गराउने कम्पनीले जनाएको छ।

सम्झौताअनुसार बैंकका ग्राहकले टाटा मोटर्सको विद्युतीय सवारीसाधन खरिद गर्दा बैंकबाट सजिलै बिजक मूल्यको आठ वर्षसम्म अवधि रहेको ८० प्रतिशतसम्म कर्जा प्राप्त गर्न सक्ने जनाइएको छ।

बैंकले हाल देशभरमा तीन सय चार शाखा, दुई सय ९४ एटिएम, ६२ शाखारहित बैंकिङ इकाइ तथा ४९ एक्सटेन्सन काउन्टरमार्फत सेवा दिइरहेको जनाएको छ।

# प्रधानमन्त्रीले गरे विकास हाइड्रोको उद्घाटन

**नयाँ पत्रिका**
**काठमाडौं, १५ फागुन**



गोरखाको उत्तरी भागमा पर्ने धार्चे गाउँपालिकामा रहेको माथिल्लो माछाखोला जलविद्युत् आयोजनाको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गरेका छन्। विकास हाइड्रोपावर कम्पनी लिमिटेडद्वारा प्रवर्द्धित ४.५५ मेगावाटको उक्त आयोजनाको सोमबार प्रधानमन्त्री कार्यालयमा भएको एक समारोहमा विद्युत् आयोजनाको भर्चुअल रूपमा टर्बाइन सञ्चालन गरी उद्घाटन गरेका हुन्।

आयोजनाको उद्घाटनपछि प्रधानमन्त्री प्रचण्डले वर्तमान सरकारको मुख्य प्राथमिकता सुशासन र विकास नै भएको बताए। आफू सुशासन, सामाजिक न्याय र विकासका काममा केन्द्रित भएर लागेको जनाउँदै गोरखा जिल्लाको हाइड्रोको उद्घाटन विकासको सुरुवात भएको उनको भनाइ थियो

आयोजनामा स्थानीयलाई रोजगारको प्रत्याभूत गराएकोमा प्रधानमन्त्रीले लगानीकर्तालाई धन्यवाद व्यक्त गरे। प्रधानमन्त्री प्रचण्डले हाइड्रो निर्माणमा संलग्न गैरआवासीय नेपाली र स्थानीय लगानीकर्ताको योगदानका लागि विशेष धन्यवाद व्यक्त गर्दै एनआरएनएलाई थप लगानी गर्न आग्रह गरे। एक सय ३२ केभिएको ट्रान्समिसन लाइन धार्चे गाउँपालिका माछाखोलामा निर्माणका लागि सरकारले तत्काल काम सुरु गर्ने उनको भनाइ थियो।

कार्यक्रममा गोर्खा क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य राजेन्द्र बजगाईंले गोर्खाका विविध समस्याबारे प्रधानमन्त्रीलाई जानकारी गराउँदै एक सय ३२ केभिएको ट्रान्समिसन लाइन धार्चे गाउँपालिका माछाखोलामा निर्माण तत्कालै गर्नुपर्ने बताए। यसका लागि जग्गाको कुनै समस्या नरहेको जनाउँदै यो नबन्दा धेरै हाइड्रोहरूलाई समस्या भएको उनको भनाइ थियो।

यस हाइड्रोमा गैरआवासीय नेपालीको ठूलो लगानी रहेको एनआरएनए आइसिसीका सचिव एवं हाइड्रोका अध्यक्ष खगेन्द्र न्यौपानेले बताए। कम्पनीलाई आजको यस अवस्थासम्म ल्याइपुऱ्याउन सहयोग गर्ने सबैलाई उनले आभार प्रकट गरेका थिए। कम्पनीको अध्यक्षमा गैरआवासीय नेपाली संघका वर्तमान सचिव न्यौपाने तथा सञ्चालक समितिको प्रबन्ध निर्देशकमा कृष्णप्रसाद घिमिरे, निर्देशकमा सरोज धिताल, जोन घले, इन्द्रबहादुर ढकाल, सुनील श्रेष्ठलगायतका युवा व्यवसायी रहेका छन्।

गोरखा जिल्लाको उत्तरी भूभागमा पर्ने धार्चे गाउँपालिकामा रहेको बुढिगण्डकी नदीको सहायक नदी माछा खोलामा करिब एक अर्ब रुपैयाँ लगानीमा निर्माण सम्पन्न भएको यस आयोजनामा प्रमोटरको ३५ प्रतिशत लगानी र राष्ट्रिय वाणिज्य बैंकको ६५ प्रतिशत ऋणमार्फत लगानी रहेको छ। यस आयोजनाले नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरि-बिक्री सम्झौताअनुसार ०८० साल असार ३० गते विद्युत् उत्पादन सम्पन्न गर्ने लक्ष्य रहे पनि सो मितिभन्दा ६ महिनाअगावै सम्पूर्ण निर्माणकार्य सम्पन्न गरी उत्पादन सुरु गरेको छ।

आयोजनाले निर्माण अवधिमा सो क्षेत्रका एक सय ५० भन्दा धेरै स्थानीयलाई रोजगारी प्रदान गरेको तथा आयोजना निर्माण सम्पन्नपश्चात् आयोजना सञ्चालनका लागि २० भन्दा माथि व्यक्तिहरूलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारीको अवसर प्रदान गरेको जनाएको छ।

## कर्जा चुक्ता गर्न आउने वारे ७ दिने अत्यन्त जरूरी सूचना

नुवाकोट जिल्ला बिदुर नगरपालिका वडा नं ११ गेर्खु बस्ने समर बहादुर खड्काको छोरी तपाई सर्मिला खड्काले २०७७/३/२५ मा यस संस्थाबाट कर्जा लिनु भएकोमा तपाईले संस्था सगँ लिखित कवुल गर्नु भएको कर्जाको किस्ता र ब्याज नवुझाउनु भएको र हाल कर्जा को भाखा अवधि समेत समाप्त भई सक्दा पनि तपाई संस्थाको सम्पर्कमा नआएको तपाईलाई बिभिन्न माध्यमबाट सम्पर्क गर्दा सम्पर्क हुन नसकेको र तपाईको घर ठेगानामा पत्र पठाउदा पनि सम्पर्कमा नआउनु भएको हुदा। पत्राचार गर्दा पनि सम्पर्क नभएको हुदा मिति २०७९/०९/१९ गते सम्पर्क गर्न आउने ३५ दिने र मिति २०७९/१०/२४ मा १५ दिने सुचना प्रकासित गरिदा समेत तपाई सम्पर्कमा नआउनु भएको हुदा ७ दिन भित्र सम्पर्क गरी कर्जाको सावा ब्याज तथा हर्जना रकम समेत वुझाउनु हुन सुचित गरिन्छ। अन्यथा सहकारी ऐन २०७४ बिनियमावली २०७५ र तपाईले संस्था सँग गर्नु भएको कर्जा सम्वन्धि लिखत अनुसार कानुनी प्रकृया अपनाईने ब्यहोरा जानकारी गराईन्छ।

**उन्नति बचत तथा ऋण सहकारी संस्था लि.**
**ललितपुर महानगरपालिका वडा नं १५ सातदोवाटो ललितपुर**
**फोन नं ०१-५२०१०९६/९८०११५३२९५**

## नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०७९/११/१६)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने सढाँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै बास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचना द्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

### तपसिल

**१. खजुरा शाखा, नेपालगंज**

**ऋणी फर्म तथा ऋणी फर्मका प्रोप्राईटरको विवरण**

**ऋणी फर्मः** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, नेपालगंज, बाँकेमा मिति २०७४/१०/२६ मा प्रा.फ.र.नं. २८००३/०७४/७५ अन्तर्गत दर्ता भएको **श्री देव ईलेक्ट्रोनिक्स फर्म।**

ठेगानाः बाँके जिल्ला खजुरा गा.पा. वडा नं. ३, बाँके ।

**ऋणी फर्मका प्रोप्राईटरः** नन्द राम भण्डारीको नाति पुनराम भण्डारी क्षेत्रीको छोरा वर्दिया जिल्ला जमूनी गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल बाँके जिल्ला खजुरा गा.पा. वडा नं. ३ बस्ने ना.प्र.नं. १५१९ (जारी मितिः २०४४/१२/२४, स्थान वर्दिया) भएका **श्री मोहन भण्डारी क्षेत्री।**

**जमानतकर्ताहरुको विवरण**

छोटेराम ओलीकी छोरी पुनराम भण्डारी क्षेत्रीकी बुहारी मोहन भण्डारी क्षेत्रीकी श्रीमती वर्दिया जिल्ला जमूनी गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल बाँके जिल्ला खजुरा गा.पा. वडा नं. ३ बस्ने ना.प्र.नं. २६६८ (जारी मितिः २०४६/०२/०७, स्थान वर्दिया) भएका **श्रीमती देव कुमारी भण्डारी।**

**धितोको विवरणः**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
वर्दिया जिल्ला जमूनी गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल बाँके जिल्ला खजुरा गा.पा. वडा नं. ३ बस्ने **श्रीमती देव कुमारी भण्डारी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बाँके जिल्ला वागेश्वरी गा.वि.स. वडा नं. ३ मा अवस्थित कि.नं. क्रमशः ६१ र २६६ क्षेत्रफल क्रमशः ५०० र ३४६५ वर्ग मिटरको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**२. पर्वानी शाखा, बारा**

**ऋणी फर्म तथा ऋणी फर्मका प्रोप्राईटरको विवरण**

**ऋणी फर्मः** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारामा मिति २०७५/०५/२५ मा प्रा.फ.र.नं. ६९०६/१३४/०७५/७६ अन्तर्गत दर्ता भएको **श्री कामना होटेल एण्ड बम्बो कटेज।**

ठेगानाः बारा जिल्ला जितपुर सिमरा उप.म.न.पा. वडा नं. ७, बारा।

**ऋणी फर्मका प्रोप्राईटरः** यदुनाथ गौरा पिप्लेको नाति मेघनाथ गौरा पिप्लेको छोरा महोत्तरी जिल्ला भंगाहा गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल बारा जिल्ला जितपुर सिमरा उप.म.न.पा. वडा नं. ३ बस्ने ना.प्र.नं. ०२७९४१३१ (जारी मितिः २०४३/०९/२१, स्थान बारा) भएका **श्री सोहन कुमार पिप्ले।**

**जमानतकर्ताहरुको विवरण**

ठरनाथ ढकालकी छोरी मेघनाथ गौरा पिप्लेकी बुहारी सोहन कुमार पिप्लेकी श्रीमती बारा जिल्ला भ. जितपुर गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल बारा जिल्ला जितपुर सिमरा उप.म.न.पा. वडा नं. ३ बस्ने ना.प्र.नं. ४२६८ (जारी मितिः २०५६/०८/२८, स्थान बारा) भएका **श्रीमती सावित्री देवी पिप्ले।**

**धितोको विवरणः**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
महोत्तरी जिल्ला भंगाहा गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल बारा जिल्ला जितपुर सिमरा उप.म.न.पा. वडा नं. ३ बस्ने **श्री सोहन कुमार पिप्ले**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला भंगाहा गा.वि.स. वडा नं. ८ मा अवस्थित कि.नं. क्रमशः ५३८ र ९४० क्षेत्रफल क्रमशः ०-२-१२ र ०-०-१३.५ विघाको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**३. व्यक्तिगत कर्जा इकाई**

**ऋणीको विवरण**

रत्न दास श्रेष्ठको नाति, नारायण दास श्रेष्ठको छोरा, ललितपुर जिल्ला, ललितपुर नगर पञ्चायत, वडा नं. १३ स्थायी घर भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा, वडा नं. ०५ बस्ने, ना.प्र.नं. ३९०५/०३९/४० (जारी मितिः २०४०/०१/०४, स्थान ललितपुर) भएको **श्री धिरज श्रेष्ठ।**

**४. जनकपुर शाखा, धनुषा**

**ऋणीको विवरण**

लाल चन्द्र झाकी छोरी, विघ्नेश झाकी बुहारी, ललित कुमार झाकी श्रीमती धनुषा जिल्ला, देवडिहा गा.वि.स., वडा नं. ७ स्थायी घर भई हाल धनुष जिल्ला, जनकपुर उ.म.न.पा, वडा नं. ८ बस्ने, ना.प्र.नं. २४२४३४७५ (जारी मितिः २०६३/०७/०३, स्थान धनुषा) भएकी **श्रीमती रंजना झा।**

**जमानतकर्ता**

१. ठकन मिश्रकी छोरी, कपलेश्वर झाको बुहारी, लाल चन्द्र झाकी श्रीमती धनुषा जिल्ला, उमाप्रेमपुर गा.वि.स., वडा नं. ९ स्थायी घर भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा, वडा नं. ८ बस्ने, ना.प्र.नं. ९८८९३७१९ (जारी मितिः २०४४/०९/०९, स्थान धनुषा) भएको **श्रीमती सरोज देवी।**
२. कपलेश्वर झाको छोरा, धनुषा जिल्ला, उमाप्रेमपुर गा.वि.स., वडा नं. ९ स्थायी घर भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा, वडा नं. ८ बस्ने, ना.प्र.नं. ६३१८९/९८८९२००४ (जारी मितिः २०३७/०२/०२, स्थान धनुषा) भएको **श्री लाल चन्द्र झा।**

**धितोको विवरणः**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
धनुषा जिल्ला, देवडिहा गा.वि.स., वडा नं. ७ स्थायी घर भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा, वडा नं. ८ बस्ने श्रीमती रंजना झा को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, वसहिया गा.वि.स., वडा नं. ९ सिट नं. ९ मा अवस्थित कि.नं. १४८३ क्षेत्रफल ०-०-४.५-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

# एससिटी चल्ने एटिएममा डिस्कभर-डाइनर्स तथा रुपेकार्ड पनि चल्ने

**काठमाडौं/** डिस्कभर फाइनान्सियल सर्भिस, डाइनर्स क्लब इन्टरनेसनल तथा भारतको एनपिसिआईअन्तर्गत जारी गरिएका रुपे इन्टरनेसनल कार्डहरू एससिटीसँग आबद्ध फाइनान्स कम्पनी, सहकारी तथा बैंकका एटिएमहरूमा चल्ने भएका छन्। यो सुविधासँगै नेसनल पेमेन्ट कर्पोरेसन अफ इन्डिया (एनपिसिआई)द्वारा जारी गरिएका एक करोडभन्दा बढी रुपे इन्टरनेसनल कार्डहरू एससिटी नेटवर्कअन्तर्गतका एटिएमहरूमा प्रयोग गर्न सकिने भएको हो।




यसका साथै डाइनर्स र डिस्कबरका डेबिट तथा क्रेडिट कार्ड बोक्ने पर्यटकलाई पनि एटिएममार्फत कारोबार गर्नलाई सहज र सरल हुने स्मार्ट च्वाइस टेक्नोलोजिज (एससिटी)ले जनाएको छ। यो सुविधा छिट्टै नै एनएमबि बैंक र अन्य बैंक तथा वित्तीय संस्थाले सञ्चालन गरेका एटिएमहरूमा पनि विस्तार गर्ने योजना राखिएको कम्पनीको भनाइ छ।

हाल भारतमा लोकप्रिय बन्दै गएको रुपेकार्ड भारतमा कार्यरत नेपाली तथा नेपाल भ्रमण गर्ने भारतीय नागरिकलाई नेपालमा चलाउन समस्या पर्ने गरेकोमा यो सुविधासँगै रुपेकार्ड प्रयोगकर्तालाई निकै सहज हुने कम्पनीले विश्वास व्यक्त गरेको छ।

# नेसनल लाइफको बिमा शुल्क भुक्तानी क्युआरबाट



**काठमाडौं/** नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले क्युआरमार्फत बिमा शुल्क बुझाउन मिल्ने व्यवस्था गरेको छ। कम्पनीले आफ्ना ग्राहकलाई सहज सेवा प्रदान गर्ने उद्देश्यले कम्पनीका सबै शाखामार्फत फोनपे नेटवर्कमा आबद्ध वित्तीय संस्था इसेवाको माध्यमबाट डाइनामिक क्युआर स्क्यान गरी आफ्नो बिमा शुल्क बुझाउन सकिने व्यवस्था गरेको हो।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्री र इसेवाका प्रमुख कार्यकारी अधिकृत जगदीश खड्काले नेसनल लाइफको केन्द्रीय कार्यालयमा औपचारिक सुरुवात गरेका हुन्। यस प्रकारको प्रविधिमा आधारित सेवाबाट कम्पनीका ग्राहकले नगदरहित भुक्तानी गरी लाभ उठाउन सक्ने कम्पनीले विश्वास व्यक्त गरेको छ।

## जय विन्दवासिनी बहुउद्देश्यीय सहकारी संस्था लि.
पुतलीसडक, काठमाण्डौ

### कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना !!!

प्रकाशन मिति २०७९/११/१६

यस संस्थाबाट तपाई ऋणी श्री प्रेम कुमार बरालले उपभोग गर्नुभएको कर्जाको समय समयमा भुक्तान गर्नुपर्ने साँवा, ब्याज, तथा अन्य दै-दस्तुर, संस्थासँग गरेको सम्झौता बमोजिम तिर्नु बुझाउन पटक पटक लिखित तथा मौखिक जानकारी तथा ताकेता गर्दा समेत नतिरी नबुझाई संस्थासँग गरेको ऋण कर्जा सम्बन्धी सम्झौता, शर्त तथा बन्देजहरु उल्लंघन गर्नभएकोले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यय संस्थामा सम्पर्क राखी तपाई ऋणीले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र सहकारीलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण (साँवा,ब्याज, हर्जना तथा अन्य दै-दस्तुर आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस सहकारीबीच भएको लिखितको शर्त अनुसार कर्जाको धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरिनेछ। कथमकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४ तथा प्रचलित नेपाल कानुन अनुसार तपाईको हकभोग लाग्ने अन्य चल तथा अचल श्रीसम्पतिबाट तथा ऋणकर्जा उपलब्ध गराउन मूल ऋणी सरह नै हुने गरी स्वयम् संस्थामा उपस्थित भई व्यक्तिगत धन जमानीको कागज गरिदिनुहुने तपाई जमानीकर्ताहरुको श्रीसम्पतिबाट असुल उपर गर्नलाई आवश्यक प्रक्रिया थालनी गरिने व्यहोरा समेत जानकारी गराउँदछौं।

तपसिल

| कर्जा शिर्षक | ऋणीका नाम र ठेगाना | जमानी बस्ने व्यक्तिको नाम र ठेगाना |
|---|---|---|
| व्यक्तिगत सामाजिक कर्जा | ऋणीको नाम : प्रेम कुमार बराल<br>बाबुको नाम : हनुमान बराल<br>बाजेको नाम : बिर बहादुर बराल<br>ना.प्र.नं. : ५३६९<br>जारी जिल्ला : चितवन<br>जारी मिति : २०४५/१२/१५<br>ठेगाना :मेघौली-७, चितवन | जमानीको नाम : नारायण बहादुर पन्त<br>बाबुको नाम : राम बहादुर पन्त<br>बाजेको नाम : पदम बहादुर पन्त<br>ना.प्र.नं. : १८२७४<br>जारी जिल्ला : काभ्रेपलान्चोक<br>जारी मिति : २०४२/१०/२१<br>ठेगाना :- बिर्ता देउराली |

**धितो सुरक्षणमा रहेको सम्पतिको विवरणः**
ऋणीको नाममा रहेको काभ्रेपलान्चोक जिल्ला, कलाती भुमे डाडाँ, वडा नं. ०१ मा अवस्थित सिट नं. ०१ को कि.नं. ५४७(३-४-०-०.२५ रोपनी), ११८०(३-१-३-० रोपनी), ७५६ (२-१-३-०. २५ रोपनी), ९७५ (१-१३-०-० रोपनी), ११७८(०-१५-०-३ रोपनी), ११८४(४-२-२-३), ११८२(०-१०-३-२) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

## कुमारी बैंक लिमिटेड, शाखा कार्यालय ट्राफिक चोक, बुटवलको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०७९/११/१६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय ट्राफिक चोक, बुटवलबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

**तपसिल**

**ऋणीको विवरणः**
नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य तथा आपूर्ती व्यवस्थापन विभाग, वाणिज्य कार्यालय भैरहवा, रुपन्देहीमा रजिष्ट्रेशन ऐन २०१४ अन्तर्गत मिति २०६९/०५/२६ मा प्र.फा.र.नं. २९१२६/०६९ कायम भई करदाता सेवा कार्यालय भैरहवाबाट मिति २०६९/०५/२६ मा स्थायी लेखा नम्बर नं. ३०५४६८८२८ भएको ॐ **शान्ती ट्रेडर्स**का प्रोप्राईटर हरिचरन यादवको बुहारी, महेन्द्र यादवको पत्नी रुपन्देही जिल्ला, पोखरभिन्डी न.पा./गा.पा. वडा नं. ३ बस्ने **विन्दु यादव** (ना.प्र.प.नं. १७०१०, जारी मिति २०५८/१२/२२, जिल्ला प्रशासन कार्यालय रुपन्देही)।

**व्यक्तिगत जमानीकर्ताको विवरणः**
१. हरिचरन यादवको छोरा, विन्दु यादवको पति रुपन्देही जिल्ला, पोखरभिन्डी न.पा./गा.पा. वडा नं. ०३ बस्ने **महेन्द्र यादव** (ना.प्र.प.नं. २३९३८, जारी मिति २०४९/०५/१२, जिल्ला प्रशासन कार्यालय रुपन्देही।

**धितो सुरक्षणको विवरणः**
१. **विन्दु यादव**को नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ९/घ स्थित कि.नं. ६१५ को क्षेत्रफल ०-८-६ (बि.क.धु) को जग्गा तथा सोको सम्पूर्ण लिगालगायत समेत।
२. ऋणी ॐ **शान्ती ट्रेडर्स**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय ट्राफिक चोक, बुटवल फोन नं. ०७१-५३६६३०

# नेपाल एयरलाइन्सको टिकटको भुक्तानी आइएमई पेमार्फत

**काठमाडौं/** आइएमई पे र नेपाल एयरलाइन्सबीच आइएमई पे विद्युतीय भुक्तानी सेवा प्रदानकर्ताका रूपमा रहने सम्झौता भएको छ। ग्राहकलाई भुक्तानी प्रक्रिया सहज पार्नुका साथै विद्युतीय भुक्तानीलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ कम्पनीले सम्झौता गरेको हो।



सम्झौताअनुसार ग्राहकले नेपाल एयरलाइन्सको वेबसाइटबाट टिकट बुक गर्दा आइएमई पेमार्फत भुक्तानी गर्न मिल्ने व्यवस्था गरिएको जनाइएको छ। नेपाल एयरलाइन्सको वेबसाइटमा गई आफ्नो आवश्यकताअनुरूपको गन्तव्य र मिति छानी, मागिएको विवरणभरि चेकआउट गर्ने क्रममा आइएमई पे छनोट गरी सजिलै भुक्तानी गर्न सक्ने कम्पनीले जनाएको छ।

# एनओजी विराटनगर च्याप्टर राइड सम्पन्न




**काठमाडौं/** टिभिएस मोटर कम्पनीका लागि नेपालको आधिकारिक वितरक जगदम्बा मोटर्सले विराटनगरमा एनओजी (एन्टर्क ओनर्स ग्रुप) राइड सम्पन्न गरेको छ। कम्पनीले टिभिएसको विराटनगर सोरुमबाट लेटाङसम्म राइड कार्यक्रम आयोजना गरेको हो।

राइडमा सहभागीबीच विभिन्न गेमहरू पनि खेलाइएको कम्पनीले जनाएको छ। साथै, सहभागी सम्पूर्ण राइडरलाई सहभागिताको प्रमाणपत्र प्रदान गरिनुका साथै एक अनुशासित राइडरलाई मेडल पनि प्रदान गरिएको उल्लेख छ। करिब ४० जना राइडर सहभागी भएको उक्त राइड सम्पूर्ण सुरक्षा सावधानीका साथ नेपाल सरकारको अनुमति लिएर सञ्चालन गरिएको आयोजकले जनाएको छ।

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

रत्न बिर श्रेष्ठको नाति, गोपाल प्रसाद श्रेष्ठको छोरा लुम्बिनी प्रदेश बाँके जिल्ला नेपालगंज उप महानगरपालिका वडा नं. १० बस्ने गणेश बहादुर श्रेष्ठले यस शाखामा बचत खाता नं. १९५१५२४००३५४२८ तथा १९५३५२४००३५४२८ संचालन गर्दै आउनु भएकोमा मिति २०७९-०९-२८ मा निज खातावाला गणेश बहादुर श्रेष्ठको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको श्रीमती नाता पर्ने चन्द्रकला श्रेष्ठले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक गणेश बहादुर श्रेष्ठ को नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको नेपालगंज शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
**नेपाल एसबिआई बैंक लिमिटेड**
नेपालगन्ज शाखा, बाँके
फोन नम्बर : ०८१-४१५१२५

## अस्पतालमै छैनन्...

पृष्ठ १ बाट क्रमशः

स्याहार केन्द्र सम्बन्धित प्रशासनले प्रत्येक कार्यालयमा स्थापना गर्नुपर्ने हो। तर, अहिले कुनै पनि अस्पतालहरूमा शिशु स्याहार केन्द्रहरू राखिएका छैनन्,' उनले भनिन्, 'आधाभन्दा बढी महिला, त्यसमा पनि रिप्रोडक्टिभ उमेरका महिला काम गर्ने संस्थाहरूमा यस विषयमा सम्बन्धित निकायले अझैसम्म चासो नदिनु दुर्भाग्यपूर्ण छ।'

सापकोटा स्वयंले अस्पतालमा शिशु स्याहार केन्द्र नहुँदाको पीडा भोगिन्। 'अस्पतालमा स्याहार केन्द्र नहुँदा र सुत्केरी बिदा पनि धेरै नपाउँदा तीन महिनामै बच्चा छाडेर काममा फर्किएँ। त्यतिवेला म करारमा कार्यरत थिएँ। स्तनपान गराउन नपाएपछि तीन महिनादेखि नै फर्मुला (पाउडर दूध) खुवाउन थालेँ। कार्यालयमा शिशु स्याहार सेवा उपलब्ध नहुँदा दुवै बच्चालाई पूर्ण स्तनपान गराउन पाइनँ,' उनले भनिन्।

ट्रमा सेन्टरमा हाल एक सय ७० नर्स मात्रै कार्यरत छन्। कुल चार सय ६० स्वास्थ्यकर्मीमा आधाभन्दा धेरै महिला छन्। नर्सिङ शाखाका अनुसार अहिले एकैपटकमा १७ कर्मचारी प्रसूति बिदामा छन्। प्रसूति बिदा सकिएलगत्तै काममा फर्किनुपर्ने अवस्थामा उनीहरूका लागि शिशु स्याहार केन्द्र छैन। तर, अहिले शिशु स्याहार केन्द्र स्थापनाको तयारी भइरहेको ट्रमाका निर्देशक डा. रुद्र मरासिनीले बताए।

कान्ति बाल अस्पतालमा वार्डहरूमा स्तनपानका लागि कक्ष राखिएपछि अस्पतालका कर्मचारीका लागि छुट्टै शिशु स्याहार केन्द्र छुट्याइएको छैन। कान्तिकी नर्सिङ प्रमुख रोशनी तुइतुइका अनुसार कर्मचारी आमाहरूले अन्य बिरामीसँगै राखेर आफ्ना बच्चाहरूलाई स्तनपान गराउनुपर्ने बाध्यता छ। 'शिशु स्याहार केन्द्र नहुँदा बच्चा बोकेर अस्पताल आउने नर्स-कर्मचारी खासै छैनन्। कर्मचारीका बच्चा बिरामी भएर उपचारका लागि ल्याउँदा भने आमाहरूले अन्य बिरामीसँगै राखेर स्तनपान गराउँछन्,' उनले भनिन्, 'अब भने कर्मचारीहरूका लागि छुट्टै कक्ष बनाउने योजनामा छौँ।'

टेकु अस्पतालमा पनि शिशु स्याहार तथा स्तनपान केन्द्र छैन। भवन अभाव तथा संक्रामक रोगको अस्पताल भएकाले बच्चाहरूलाई अस्पताल नल्याइने भएकाले छुट्टै शिशु स्याहार केन्द्र नछुट्याइएको टेकु अस्पतालकी नर्सिङ प्रमुख मञ्जु अधिकारीले बताइन्। 'बच्चालाई अस्पताल ल्याउँदा विभिन्न संक्रमणको डर हुने भएकाले स्तनपान गराउनेहरू नै हुँदैनन्। हामीसँग पुरानो र साँघुरो भवनका कारण ठाउँ पनि अभाव छ,' उनले भनिन्।

वीर अस्पतालमा शिशु स्याहार केन्द्र छ। तर, सञ्चालनमा भने छैन। कोभिड महामारीपछि स्याहार केन्द्रको सेवा काटिएपछि बन्द भएकोमा अहिलेसम्म पुनः सञ्चालन भएको छैन। नौ सय ३८ नर्सिङ स्टाफ कार्यरत रहेको वीरमा स्तनपानका लागि कक्ष नहुँदा साना सन्तान रहेका महिला कर्मचारी प्रभावित भइरहेका छन्। त्यस्तै, प्रसूतिका लागि देशकै ठूलो परोपकार प्रसूतिगृह थापाथलीमा समेत कर्मचारीका लागि शिशु स्याहार केन्द्र छैन।

प्रदेशका अस्पतालमा पनि हालत उस्तै छ। विराटनगरको कोसी अस्पतालकी नर्सिङ सेवा प्रमुख मञ्जुकुमारी यादवले सुत्केरी कर्मचारीले सन्तानलाई स्तनपान गराउन बेग्लै कक्ष नभएको बताइन्। 'स्तनपान कक्ष नहुँदा आमा नर्सहरूले सास्ती भोग्नुपरेको छ,' उनले भनिन्, 'अस्पताल प्रशासनलाई पटक-पटक आग्रह गरे पनि सुनुवाइ भएको छैन।'

प्रदेशका अन्य अस्पतालमा पनि स्तनपान कक्ष नहुँदा स्वास्थ्यकर्मीसँगै स्वास्थ्य सेवाका लागि अस्पताल पुग्ने आमाहरूलाई समस्या भएको प्रदेश १ जनस्वास्थ्यकर्मी संघकी इन्चार्ज अञ्जना पोखरेल बताउँछिन्। उनका अनुसार संघले प्रत्येक अस्पतालमा छुट्टै स्तनपान कक्ष बनाउन आग्रह गर्दै आए पनि स्वास्थ्य संस्थाहरूले बेवास्ता गरेका छन्। 'हामीले पटक-पटक आवाज उठाइरहेका छौँ, तर अस्पतालहरूले टेर्दै टेर्दैनन्,' उनले भनिन्।

स्तनपानलाई नवजात शिशुको नैसर्गिक अधिकारको रूपमा परिभाषित गरिएको छ। तर, अस्पतालहरूकै कारण कैयौँ शिशु यो अधिकारबाट वञ्चित भएका छन्। स्वास्थ्य सेवा विभागको 'राष्ट्रिय पोषण रणनीति २०७७'मा पनि फर्मुला (पाउडर दूध)लाई निरुत्साहित गर्ने, स्तनपान प्रवर्द्धनका लागि शिशु जन्मेको ६ महिनासम्म प्रसूति बिदा दिने व्यवस्थाका लागि पहल गर्ने उल्लेख छ।

त्यस्तै, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को परिच्छेद ३ को दफा १३ मा उल्लेख गरिएको प्रसूति बिदाको अधिकारभित्र नवजात शिशुलाई स्तनपान प्रवर्द्धन र सहजीकरणका लागि ९८ दिन पूर्ण तलबी बिदाको व्यवस्था गरिएको छ। बच्चाको पूर्ण वृद्धि विकासका लागि ६ महिनापश्चात् आमाको दूधसँगै अन्य खानेकुराहरू खुवाउन सकिन्छ। यसका लागि स्तनपान गराइरहेका कामकाजी महिलाले बच्चालाई समेत कार्यालय अर्थात् संस्थाले व्यवस्था गरेको शिशु स्याहार केन्द्रमा लान पाउने व्यवस्था छ। अस्पतालले स्तनपान तथा शिशु स्याहार केन्द्र नै स्थापना गरेका छैनन्। प्रसूति बिदा प्रशस्त नपाउने करार र निजी अस्पतालमा कार्यरत महिला कर्मचारी बच्चाहरूलाई पूर्ण स्तनपान गराउनबाट वञ्चित भएका छन्।

विश्वभर गरिएको अध्ययनअनुसार ६ महिना स्तनपान गराउँदा र कम्तीमा एक वर्षसम्म थप खानाका साथै निरन्तर स्तनपान गराउँदा बाल मृत्युदर १३ प्रतिशतले कम गर्न सकिन्छ। तर, पछिल्ला वर्षहरूमा पूर्ण स्तनपान गराउने आमाहरूको दर घट्दै गइरहेको अध्ययनले देखाएका छन्।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण (एनडिएचएस) २०२२ अनुसार हाल ५६ प्रतिशत आमाले मात्र पूर्ण स्तनपान गराउने गरेको पाइएको छ। यसअघि २०१६ मा ६६ प्रतिशत आमाले पूर्ण स्तनपान गराउँदै आएका थिए। अर्थात् पछिल्लो पाँच वर्षमा स्तनपान गराउने आमाहरूको संख्या १० प्रतिशतले घटेको छ। त्यसअघि पूर्ण स्तनपान गराउने दर सन् १९९६ मा ७५, २००१ मा ६८, २००६ मा ५३ र २०११ मा ७० प्रतिशत थियो।

## बेथा लागेपछि...

पृष्ठ १ बाट क्रमशः

लालुदेवी रोकायाले बताइन्। 'पेटमै बच्चाको मृत्यु भयो, आमाको ज्यानसमेत खतरामा हुने देखिएपछि रिफर गरिएको हो, यहाँ बच्चा निकाल्न सम्भव भएन,' उनले भनिन्।

क्षत्ति अपी हिमाल गाउँपालिकाको सबैभन्दा विकटको बस्ती हो। यो बस्तीमा स्वास्थ्य संस्था छैन। अपी हिमाल गाउँपालिका अध्यक्ष भगतसिंह ठेकरे बोहराका अनुसार उनलाई सोमबार साँझ मात्र सेनाको हेलिकोप्टरमार्फत उद्धार गरेर सुर्खेत लगिएको हो। राष्ट्रपति महिला उद्धार कार्यक्रममार्फत उद्धार गरिएकी सुरन्तीको उपचार भइरहेको छ।

## ११ सांसदले...

पृष्ठ १ बाट क्रमशः

पठाउँछौँ। सतर्कताले अनुसन्धान गरेर अख्तियारमा पठाउँछ। अख्तियारले जरिवाना लिनू भनेर पत्र काटेपछि कारबाही अघि बढ्छ। कानुनबमोजिम जरिवाना हुन्छ। यो प्रक्रियामा दुई-तीन महिना लाग्न सक्छ,' संसद् सचिवालयका एक पदाधिकारीले भने।

भ्रष्टाचार निवारण ऐनमा सतर्कता केन्द्रले सार्वजनिक पद धारण गरेको व्यक्तिको सम्पत्ति विवरण र आयको अनुगमन गर्छ। नबुझाउनेलाई कारबाहीका लागि अख्तियारलाई लेखेर पठाउँछ। ऐनको दफा ५० (२) मा सार्वजनिक पद धारण गरेको व्यक्तिले ६० दिनभित्र सम्पत्तिको विवरण पेस गर्न नसक्ने अवस्था भएमा कारण खुलाएर म्याद थपका लागि अनुरोध गर्न पाउने व्यवस्था छ। सम्बन्धित निकाय वा अधिकारीले बढीमा ३० दिनसम्मको म्याद थप्न सक्छ।

उपदफा (३) मा थप समयभित्र पनि सम्पत्तिको विवरण पेस नगरे सार्वजनिक पद धारण गरेको व्यक्तिलाई पाँच हजार रुपैयाँ जरिवाना गरी निज र निजको परिवारको नाममा गैरकानुनी सम्पत्ति रहेको अनुमान गरी अनुसन्धान गर्न सक्ने व्यवस्था छ। भ्रष्टाचार निवारण ऐनले भने अनुसन्धान र तहकिकातबाहेक सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्पत्ति विवरण गोप्य राखिने व्यवस्था गरेको छ।


भावपूर्ण श्रद्धाञ्जली



जन्म : वि.सं. २००७/०५/१७

स्वर्गारोहण: वि.सं. २०७९/११/०४

**स्व. शान्ति क्षेत्री**

यस सम्सारा रेमिट प्रा.लि. का डाइरेक्टर श्री सुरज क्षेत्रीकी ममतामयी माता श्रीमती **शान्ति क्षेत्रीज्यू**को असामयिक स्वर्गारोहण भएको आज १३औँ पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै, यस दुःखद घडीमा सम्पूर्ण शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना गर्दछौँ ।

हंसराज जैन
अध्यक्ष तथा
SAMSARA REMIT सम्सारा रेमिट प्रा.लि., परिवार
लाजिम्पाट-२, काठमाडौं, नेपाल


## प्रहरीको...

पृष्ठ १ बाट क्रमशः

बताए। 'महिला प्रहरीका लागि शिशु स्याहार केन्द्र लाभदायक रहेको हाम्रो बुझाइ छ। प्रहरी प्रधान कार्यालयमा पनि शिशु स्याहार केन्द्रको आवश्यकता महसुस भएको छ। राख्ने योजना पनि बनेको छ। नभएका अन्य कार्यालयमा पनि राख्ने योजना छ,' उनले भने।

### बग्गीखानाआसपास खटिने आमा प्रहरीले स्याहार केन्द्रमा राख्छन् शिशु, स्तनपान गराउन भने समस्या

काठमाडौं ट्राफिक प्रहरी कार्यालयमा कार्यरत छिन् प्रहरी सहायक हवल्दार नारायणी सापकोटा। साढे दुई वर्षको छोरासँगै उनी बिहान ९ बजे कार्यालय आउँछिन्। कार्यालयपरिसरमै रहेको दिवा शिशु स्याहार केन्द्रमा छोरा राख्छिन्। साँझ ५ बजे 'ड्युटी' सकिएपछि छोरा लिएर अनामनगरस्थित डेरा फर्किन्छिन्। दुई वर्षदेखि उनको यो रुटिन नियमित छ।

नारायणीका श्रीमान् देवीराम भण्डारी पनि नेपाल प्रहरीकै इन्स्पेक्टर छन्। उनी रोल्पामा छन्। काखे छोरा हेर्न डेरामा कोही सहयोगी नभएपछि आफूसँगै कार्यालय ल्याउनु नारायणीका लागि बाध्यता हो। उनी भन्छिन्, 'बाबु सानो छ। कोठामा हेर्ने मान्छे कोही छैन। बिहान ९ बजे आफूसँगै कार्यालय लिएर आउँछु। शिशु स्याहार केन्द्रमा राख्छु। 'ड्युटी' सकिएपछि छोरा लिएर फर्किन्छु। ६ महिनाको हुँदादेखि स्याहार केन्द्रमा राख्दै आएकी छु। स्तनपानका लागि समय मिलाउन निकै गाह्रो हुन्थ्यो, अहिले त दूध छुटाइसकेँ।'

सिंहदरबारको दक्षिण ढोकामा 'ड्युटी' छ, प्रहरी सहायक हवल्दार मीना भट्टको। बिहानको ठीक ९ बजे उनलाई सिंहदरबार दक्षिण ढोका पुग्नुपर्छ। तीन वर्षकी छोरी छिन्, हेरचाह गर्ने डेरामा कोही सहयोगी छैन। ८ नबज्दै उनी छोरी लिएर उपत्यका ट्राफिक कार्यालयस्थित शिशु स्याहार केन्द्र पुग्छिन्। छोरीलाई स्याहार केन्द्रमा राख्छिन्। अनि 'ड्युटी' भ्याउन पुग्छिन्। ड्युटी सकेर बेलुकाको ४:३० मा स्याहार केन्द्र पुग्छिन्। केन्द्रमै छोरीलाई दूध खुवाउँछिन्। त्यसपछि लिएर डेरामा फर्किन्छिन्। उनको यो नियमित रुटिन आठ महिनादेखि चलिरहेको छ।

छोरी लिन पुग्दा स्याहार केन्द्रमै भेटिएकी उनले भनिन्, 'श्रीमान् पनि प्रहरी नै हुनुहुन्छ। उहाँको 'ड्युटी' हेडक्वार्टरमा छ। छोरी हेर्ने मान्छे छैन। त्यसो हुँदा कार्यालय आउँदा छोरीलाई सँगै ल्याउँछु। स्याहार केन्द्रमा राख्छु। दिनभर 'ड्युटी' गर्छु। ड्युटी सकेपछि छोरी लिएर घर फर्किन्छु।'

छोरी अझै सानी छँदा उनले झन् ठूलो कष्ट भोगिन्। यसअघि उनको 'ड्युटी' कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा थियो। मन्त्रालयमै छोरी लिएर जान्थिन्, तर त्यहाँ शिशु स्याहार केन्द्र थिएन। त्यसवेला छोरी हुर्काउन उनलाई निकै कठिन पऱ्यो। 'ड्युटी'स्थल बदलिएसँगै उनले छोरीलाई उपत्यका ट्राफिक प्रहरी कार्यालयपरिसरस्थित शिशु स्याहार केन्द्रमा राख्न थालेकी हुन्।

उपत्यका ट्राफिक प्रहरी कार्यालयमै कार्यरत अर्की प्रहरी सहायक हवल्दार हुन्, सावित्रा खड्का। उनको पनि १६ महिनाको छोरा छ। श्रीमान् प्रहरी संगठनमै कार्यरत हुँदा छोराको हेरचाह गर्ने डेरामा कोही छैन। त्यसो हुँदा उनी प्रत्येक बिहान ९ बजे छोरालाई आफूसँगै कार्यालय लिएर आउँछिन्। शिशु स्याहार केन्द्रमा राख्छिन्। दिनभर 'ड्युटी' गर्छिन्। सकेर छोरा लिन जाँदा सधैँ साँझ पर्छ।

अनामनगर बस्दै आएकी उनी भन्छिन्, 'बिहान ९ बजे नै छोरा लिएर कार्यालय आउँछु। छोरालाई स्याहार केन्द्र राख्छु। आफू 'ड्युटी'मा जान्छु। काम सकेर बाबु लिन जाँदा सधैँ बेलुका हुन्छ।'

प्रहरीको 'ड्युटी' स्थान र समय सधैँ निर्धारित हुन्छ। त्यसभन्दा दायाँबायाँ गर्ने छुट उनीहरूलाई हुँदैन। विशेषगरी आमा प्रहरीका लागि यो नियम कहिलेकाहीँ व्यावहारिक हुँदैन। स्याहार केन्द्रमा राखे पनि बच्चालाई स्तनपान गराउन भने समस्या छ। स्याहार केन्द्रमै भेटिएकी सहायक हवल्दार खड्काले भनिन्, 'प्रहरीको 'ड्युटी' कडा हुन्छ। खटिएको ठाउँ र निर्धारित समयभन्दा दायाँबायाँ गर्न पाइँदैन। यस्तो वेला बच्चा रोए पनि दूध खुवाउन पाइँदैन। आफ्नो भने दूध चुहिएर खेर जान्छ।'

सिंहदरबारस्थित प्रहरी गणमा कार्यरत प्रहरी सहायक हवल्दार जमुना घिसिङ उपत्यका ट्राफिक कार्यालयस्थित शिशु स्याहार केन्द्र पुग्दा दुई वर्षको छोरालाई स्तनपान गराइरहेकी थिइन्। बिहान ९ बजे उनले छोरालाई शिशु स्याहार केन्द्रमा छाडेकी थिइन्। 'ड्युटी' सकेर छोरा लिन स्याहार केन्द्र पुग्दा अपराह्न ५ बजेको थियो। १५ महिनादेखि केन्द्रमा छोरा राख्दै आएकी उनले भनिन्, 'श्रीमान् पनि प्रहरीमै जागिरे हुनुहुन्छ। घरमा बच्चा हेर्ने कोही सहयोगी छैन। त्यसो हुँदा कार्यालय आउँदा सँगै ल्याउँछु।'

### सेनाको देशभर ६ स्थानमा मात्रै शिशु स्याहार केन्द्र

नेपाली सेनामा महिला सुरक्षाकर्मी तथा कर्मचारीको संख्या ६ हजार ६ सय ३२ छ। यो कुल सैनिक संख्याको करिब ६ प्रतिशत हो। जसमध्ये पाँच हजार चार सय एक साधारणतर्फ छन् भने बाँकी एक हजार दुई सय ३१ प्राविधिक र कर्मचारी छन्। सेनामा पनि शिशुसहितका आमा निकै छन्। उनीहरूका लागि सेनाले मुलुकभर ६ स्थानमा शिशु स्याहार केन्द्र खोलेको छ। जसमध्ये उपत्यकामा सैनिक जंगी अड्डा भद्रकाली र छाउनीमा छ। बाँकी चार स्याहार केन्द्र उपत्यकाबाहिर छन्। सेनाका अनुसार प्रत्येक शिशु स्याहार केन्द्रले दैनिक ३० देखि ४० सैनिकका बच्चालाई सेवा दिँदै आएको छ। केन्द्रमा ६ महिनादेखि तीन वर्षसम्मका बच्चा राख्ने गरिएको छ। कार्यालयमा कार्यरत सैनिकले बिहान ९ बजे आफूसँगै बच्चा लिएर आउँछन्। स्याहार केन्द्रमा राख्छन्। 'ड्युटी' सकेर साँझ पुनः स्याहार केन्द्र पुग्छन् र बच्चा लिएर घर फर्किन्छन्। नेपाली सेनाका जवान गोमा बस्नेतले शिशु स्याहार केन्द्रमा बच्चा राख्दा दिनभर 'ड्युटी'मा खटिन सहज भएको बताइन्। उनले भनिन्, 'स्याहार केन्द्रमा बच्चा राख्न पाउँदा ढुक्क छु। स्याहार केन्द्रले रेखदेख राम्रोसँग गरेको पाएँ। दुई-तीन दिनको अध्ययनपछि मैले यहाँ बच्चा राखेकी हुँ।'

### सशस्त्र प्रहरीको सबै बटालियनमा शिशु स्याहार केन्द्र

सशस्त्र प्रहरीमा महिला सुरक्षाकर्मीको संख्या दुई हजार तीन सय ९९ छ। ३७ हजारको फौजमा यो संख्या ६.४८ प्रतिशत मात्रै यो। सेना र नेपाल प्रहरीको तुलनामा यो संख्या कम हो। तर, सशस्त्रले प्रधान कार्यालयदेखि मुलुकका ४४ वटै बटालियनमा शिशु स्याहार केन्द्र खोलेको छ। त्यसबाहेक अधिकांश गुल्ममा पनि शिशु स्याहार केन्द्र खोलिएको सशस्त्र प्रहरीको भनाइ छ। सशस्त्रको मुलुकभर ३७ वटा गुल्म छन्।

सशस्त्रका केन्द्रीय प्रवक्ता डिआइजी पुरुषोत्तम थापाले शिशु स्याहार केन्द्र प्रधान कार्यालयसहित मुलुकको सबै बटालियनमा रहेको बताए।

'समावेशी सिद्धान्तका आधारमा हामीकहाँ ठूलो संख्यामा महिला सुरक्षाकर्मी छन्। उनीहरूबाट काम लिनुपर्ने हुन्छ। सानो बच्चाका कारण समस्या पर्ने देखियो। यसको निराकरणका लागि हामीले सबै बटालियन र गुल्ममा शिशु स्याहार केन्द्र राख्न लगाएका छौँ। केही गुल्ममा भने राख्न बाँकी होलान्,' उनले भने, 'प्रधान कार्यालयमा त मन्टेसरी नै चलाउने योजना छ। यसो गर्दा बच्चासहितका आमा सुरक्षाकर्मीलाई फाइदा हुन्छ। उनीहरूबाट संगठनले काम पनि लिन सक्छ।'

## बालुवाटारमै...

पृष्ठ १ बाट क्रमशः

अभावले महरापछिका सभामुख अग्नि सापकोटा लैनचौरस्थित सरकारी निवास सरेका थिए। सभामुखको निवासमा राष्ट्रिय सभा अध्यक्ष बसेपछि अध्यक्षको निवास रहेको भवन हाल मन्त्रिपरिषद् बैठक बस्ने हलका रूपमा प्रयोग भइरहेको छ। सरकारले १५ दिनभित्र व्यवस्थापन गर्ने भने पनि महिना दिन बित्दासमेत निवास व्यवस्थापनमा आलटाल गरिरहेको गुनासो सभामुखको सचिवालयको छ। तर, सहरी विकास मन्त्रालयले भने सभामुख, उपसभामुख र उपाध्यक्षको निवास व्यवस्थापनका लागि आवश्यक गृहकार्य भइरहेको जनाएको छ।

विगतमा प्रतिनिधिसभा उपसभामुख र राष्ट्रिय सभा उपाध्यक्षको सरकारी निवास मन्त्री क्वार्टर पुल्चोकमै थियो। तत्कालीन उपसभामुख शिवमाया तुम्बाहाङ्फे र तत्कालीन उपाध्यक्ष शशिकला दाहाललाई पुल्चोकमै निवास व्यवस्थापन गरिएको थियो। तुम्बाहाङ्फेपछि दुई महिनाका लागि उपसभामुख भएकी पुष्पा भुसाल सरकारी निवास पाउन झमेला भएपछि बुढानीलकण्ठस्थित आफ्नै घरमा बसेकी थिइन्। यता दाहालको कार्यकाल सकिएपछि लामो समयसम्म उपाध्यक्ष चयन भएन। सभामुख घिमिरेले लिन नमानेको लैनचौर निवास आफूलाई दिन उपसभामुख इन्दिरा रानाले अनुरोध गरिरहेकी छिन्। हाल उनी बसिरहेको घरमा बालबालिका धेरै भएकाले सुरक्षामा खटिएका सुरक्षाकर्मीलाई आवास मिलाउन सकस भएको छ। 'कि पुल्चोकमा मिलाइदिनुस्, कि लैनचौरको दिनुस् भनेर पटक-पटक भनेकी छु,' उपसभामुख रानाले भनिन्, 'कर्मचारी तहबाट भवन खाली छैन भनेर आलटाल गरिएको छ।' सहरी विकासका कर्मचारीले निवास दिन नसकिने र त्यसबापतको भाडा लैजान भनिरहेको उनले बताइन्।


# Bhume Rural Municipality
## Office of the Rural Municipal Executive
**Khabangbagar, Rukum (East)**
**Lumbini Province, Nepal**

## INVITATION FOR BIDS

**Invitation for Bids for procurement of Fabricated Steel Parts for Various Truss/Trail Bridges**

Contract Identification No: EGP/ BRMO/TB/SQ/G-1/2079-80, EGP/ BRMO/TB/SQ/G-02/2079-80, EGP/ BRMO/TB/SQ/G-3/2079-80&EGP/ BRMO/TB/SQ/G-4/2079-80

**First Date of Publication: 2079/11/16 B.S *(2023/02/28A.D)***

1. **The Government of Nepal (GoN)** has allocated TB-SWAp funds to Bhume Rural Municipality for **Trail/Truss Bridge Program** and the Rural Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail/ Truss Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The Rural Municipalityinvites sealed bids from registered fabricators for supply of fabricated steel parts for following Truss/ Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five Truss/ Trail bridges within last five years and enlisted by DoLI (http://www.nepaltrailbridges.org.np/2015/fabricators) are eligible for bidding. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Bhume Rural Municipality Khabangbagar Rukum (East) Email address: bhumemun@gmail.com, phone: 9808502023, 9824593456, 9813857804 or May visit: PPMO e-GP system www.bolpatra.gov.np/egp
5. Bidders can download Bidding documents for e-submission from PPMO's e-GP System **www.bolpatra.gov.np/egp.** Biddres, submitting their bids electronically should deposit non-refundable fee NRs. 1000.00 (one thousand only.) till 2079/12/01 B.S (2023/03/15 A.D).
6. The electronic bids must be submitted to the office through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 2079/12/01 B.S (2023/03/15 A.D). .bids received after this deadline will be rejected.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at **15:00** on on2079/12/01 B.S (2023/03/15 A.D). at the office of Bhume Rural Municipality, Rukum (East) Bids must be valid for a period of **45 days**after bid opening and must be accompanied by bid security, amounting to a **minimum of 2.5% of the total estimated amount (inclusive of VAT)**, which shall be **valid for 30 days**beyond the bid validity period.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The name and identification of the contract are as follows:

| SQ ID | Description of Work (Fabrication Package) | Estimated Amount, NRs (Including VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee (NP Rs.) |
|---|---|---|---|---|
| EGP/ BRMO/ TB/SQ/G-1/2079-80 | Fabrication and supply of steel parts up to road heads of Machhaina steel Truss Bridge (28m Span) | 15,38,058.98/- (Fifteen lakh thirty eight thousand fifty eight rupee and ninety eight paisa only ) | 39,000.00|- (Thirty nine thousand only) | 1000.00 (one thousand only) |
| EGP/ BRMO/ TB/SQ/G-2/2079-80 | Fabrication and supply of steel parts up to road heads of Gairiguan steel Truss Bridge (32m Span) | 17,82,043.09/- (Seventeen lakh eighty two thousand forty three rupee and nine paisa only) | 45,000.00|- (Forty Five Thousands only) | 1000.00 (one thousand only) |
| EGP/ BRMO/ TB/SQ/G-3/2079-80 | Fabrication and supply of steel parts up to road heads of KorjaGhat steel Truss Bridge (28m Span) | 15,59,410.77/-(Fifteen lakh fifty nine thousand four hundred ten rupee and seventy seven paisa only) | 39,000.00|- (Thirty nine thousand only) | 1000.00 (one thousand only) |
| EGP/ BRMO/ TB/SQ/G-4/2079-80 | Fabrication and supply of steel parts up to road heads of Kunpani Bachhakhore Trail Bridge (63m Span) | 12,33,467.88/- (Twelve Lakh thirty three thousand four hundred sixty seven rupee and eighty eight paisa only) | 31,000.00|- (Thirty One Thousand only) | 1000.00 (one thousand only) |

10. Information to bidders:
**To deposit for purchase bid document**
Name of the bank: Citizens International bank Ltd., Bhume Branch
Name of the office: Bhume Rural Municipality, Khabangbagar, Rukum (East)
Account Name and No.:GA 1.1 Bhume Ga.pa Aantarik Rajaswa Khata, 0780100000001202
**To deposit for bid Security**
Name of the bank: Citizens International bank Ltd., Bhume Branch
Name of the office: Bhume Rural Municipality, Khabangbagar, Rukum (East)
Account Name and No.: GA3Bhume Ga.pa Dharauti Khata, 0780100000030201
11. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative officer**

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
नयाँ पत्रिका

# एकदिवसीयमा नेपालको लगातार पाँचौं जित

## रोहितकुमार पौडेलको कप्तानीमा नेपालले कीर्तिमानी रूपमा आइसिसी पुरुष विश्वकप लिग-२ मा लगातार पाँचै खेलमा टस जितेर पाँचैपटक विपक्षी टोलीलाई स्तब्ध बनायो

**नयाँ पत्रिका**
**काठमाडौं, १५ फागुन**

नेपालले आइसिसी पुरुष क्रिकेट विश्वकप लिग-२ मा लगातार पाँचौं जित निकालेको छ। सोमबार दुबईमा नेपालले पपुवा न्युगिनी (पिएनजी) लाई चार विकेटले पराजित गरेको हो। लगातार पाँचौं जितपछि नेपालले विश्वकप छनोट सम्भावना बलियो बनाएको छ। २९ खेलमा १३ जित १४ हारसहित २८ अंक जोडेको नेपाल छैटौं स्थानमा छ। समान खेलबाट दुई खेल मात्रै जितेको पिएनजी पाँच अंकसहित पुछारमा छ। ५० अंकसहित स्कटल्यान्ड च्याम्पियन बनिसकेको छ। ४४ अंकसहित दोस्रो स्थानको ओमान सीधै विश्वकपको छनोट पुगिसक्यो।

अब नामिबिया, युनाइटेड अरब इमिरेट्स (युएई) र नेपालबीच तेस्रो स्थानको दाबेदारी प्रस्तुत भइरहेको छ। शीर्ष तीन टोलीले जिम्बाबेमा आयोजना हुने विश्वकप छनोटमा स्थान बनाउनेछन्। नेपालले लगातार विश्वकप लिग-२ मा पाँचौं जित निकाल्दा गत साता नामिबिया र स्कटल्यान्डलाई समान दुई खेलमा पराजित गरेको थियो। नेपालले शीर्ष तीनमा रहँदै सोझै विश्वकप छनोट खेल्न अब बाँकी ७ मध्ये ६ खेल जित्नुपर्ने हुन्छ। पिएनजीविरुद्ध युवा अलराउन्डर प्रतिश जिसीले डेब्यु गरेका छन्। बलर सोमपाल कामीले जिसीलाई ३७औं एकदिवसीय डेब्यु क्याप दिएका हुन्।

### रोहितले पूर्वकप्तान मल्लको रेकर्ड तोडे

रोहितले पूर्वकप्तान ज्ञानेन्द्र मल्लको रेकर्डसमेत तोडेका छन्। एकदिवसीय खेलमा ज्ञानेन्द्रको नाममा लगातार चार खेलमा जित निकालेको रेकर्ड थियो। रोहितले आफ्नो कप्तानीमा ज्ञानेन्द्रको नाममा रहेको कीर्तिमान भंग गरेका हुन्। नेपालले गत साता टियू मैदानमा भएको विश्वकप लिग-२ मा स्कटल्यान्ड र नामिबियाविरुद्धको चार खेलमा जित निकालेको थियो। यसअघि ज्ञानेन्द्रको कप्तानीमा नेपालले सन् २०२० र २०२१ मा आयोजना भएको चार एकदिवसीयमा जित निकालेको थियो।

सन् २०२० मा आइसिसी विश्वकप लिग-२ मा फ्रेबुअरीमा घरेलु मैदान टियूमा नेपालले अमेरिकालाई आठ विकेटले हराएको थियो। त्यसपछि सन् २०२१ सेप्टेम्बरमा पपुवा न्युगिनीलाई दुई एकदिवसीय खेलमा क्रमशः दुई विकेट र एक सय ५१ रनले हराएको थियो। विश्वकप लिग-२ मा मल्लको कप्तानीमा नेपालले अमेरिकालाई पहिलो खेलमा पाँच विकेटले हरायो। यसपटक रोहितको कप्तानीमा नेपालले नयाँ इतिहास रचेको हो। नेपालले सबै खेलमा टस जित्दै लक्ष्य पछ्याउँदा खेल जितेको हो।

### भुर्तेलको अर्धशतक

विश्वकप लिग-२ अन्तर्गत एक सय २९औं खेलमा टस हार्दै पिएनजीले पहिलो ब्याटिङ गर्दै ५० ओभरमा नौ विकेट गुमाएर दुई सय तीन रन बनाएको थियो। प्रत्युत्तरमा नेपालले ४५.२ ओभरमा ६ विकेटको क्षतिमा दुई सय सात रन जोड्यो। कुशल मल्लले सेसे बाउको ओभरमा चौका प्रहार गर्दै नेपालका लागि विजयी रन बटुले। कुशलले १४ बलमा १२ रन बनाए। नेपालका ओपनर कुशल भुर्तेल र आसिफ शेखबीच पहिलो विकेटका लागि १४.५ ओभरमा ७६ रनको साझेदारी भएको थियो। दोस्रो ओपनर आसिफले उराबाट रनआउट हुनुअघि ३९ बलमा ४४ रन बनाए। उनले आफ्नो इनिङ्समा पाँच चौका प्रहार गरे। त्यसपछि भुर्तेलले कप्तान रोहितसँग तेस्रो विकेटका लागि २६ रनको साझेदारी गरे। इनिङ्सको २१.३ ओभरमा कुशलले आफ्नो विकेट गुमाए। यसक्रममा उनले ५९ बलको सामना गरी पाँच चौकाको सहयोगमा ५६ रन बनाए।

यसैगरी, नेपालका बलर गुलसन झाले पिएनजीविरुद्ध उत्कृष्ट बलिङ गर्न सफल भए। गुलसनले ९ ओभरमा २८ रन खर्चिएर तीन विकेट लिएका थिए। यसैगरी, कुशलले दुई विकेट हात पारे। सोमपाल कामी, करण केसी र डेब्यु गरेका प्रतिशले एक-एक विकेट लिएका थिए। ब्याटिङमा पिएनजीका कप्तान असाद भाला र चाद सुपरले सर्वाधिक समान ३६ रन बनाएका थिए। चादले ५३ बलमा अविजित ३६ रन बनाएका थिए।



### सन्दीपलाई राख्न आइसिसीसँग अनुमति माग्छौं : अध्यक्ष चन्द

सर्वोच्च अदालतले विदेश जान स्वीकृति दिएसँगै नेपाल क्रिकेट संघ (क्यान)ले आइसिसीसँग सन्दीप लामिछानेलाई टोलीमा समावेश गर्न अनुमति माग्ने भएको छ। क्यानका अध्यक्ष चतुरबहादुर चन्दले सन्दीपलाई टोलीमा राख्न आइसिसीसँग अनुमति माग्ने बताएका हुन्। 'अदालतको आदेशसँगै हामी आइसिसीसँग वार्तालाप गरिरहेका छौं, सन्दीपलाई टोलीमा राख्न अनुमति माग्छौं,' चन्दले नयाँ पत्रिकासँग भने।

यसअघि पाटन उच्च अदालतले सन्दीपलाई २० लाख धरौटीमा विदेश जान रोकसहित विभिन्न सर्तसहित रिहा गर्न आदेश दिएको थियो। यसपछि सन्दीपले घरेलु मैदानमा आयोजना भएको नेपाल, स्कटल्यान्ड र नामिबियाविरुद्धको शृंखला खेलेका थिए। चार खेल खेलेका सन्दीपले १३ विकेट लिएका थिए। शृंखलापछि सन्दीपले विदेश जान पाउने मागसहित अदालतमा रिट हालेका थिए। सोमबार न्यायाधीश सपना मल्ल प्रधान र कुमार चुडालको संयुक्त इजलासले लामिछानेलाई २० लाख रुपैयाँ धरौटीमा छाड्ने २८ पुसको आदेश सदर गरेको हो। 'हामीले आइसिसीको टेक्निकल कमिटीलाई सन्दीपलाई विदेश जान अनुमति आएको बताउँछौं, उताबाट अनुमति आए भिसा लगाउनेछौं,' चन्दले भने। नेपाली टोली युएईमा छ। नेपालले २ मार्चमा आयोजक युएईसँग खेल्नेछ।

### हङकङमाथि नेपाल ९ विकेटले विजयी

नेपाली यू-१९ क्रिकेट टोलीले आइसिसी यू-१९ विश्वकप एसियन छनोटमा लगातार तेस्रो जित निकालेको छ। नेपालले सोमबार हङकङलाई नौ विकेटले हराउँदै छनोट प्रतियोगितामा ह्याट्रिक जित हात पारेको हो। पहिलो ब्याटिङ गरेको हङकङ ४६.३ ओभरमा सबै विकेट गुमाउँदै एक सय २० रन मात्र बनायो। प्रत्युत्तरमा नेपालले २७ ओभरमा एक विकेटको नोक्सानीमा एक सय २६ रन बनायो।

लिग तालिकाको शीर्ष स्थानमा रहेको युएईले ६ अंक जोडेको छ। नेपालले पनि तीन खेलबाटै समान ६ अंक हात पारेको छ। रनरेटमा युएई शीर्ष स्थानमा छ। प्रतियोगिताको च्याम्पियन टोलीले यू-१९ विश्वकप खेल्नेछ। छनोट खेलमा मलेसिया, सिंगापुर र हङकङले समान तीन खेलबाट दुई-दुई अंक जोडेका छन्। कुवेतले तीन खेल नै गुमाएको छ।

#### आकाशको अर्धशतक

सहज लक्ष्य पछ्याएको नेपालका लागि ओपनर आकाश त्रिपाठीले नटआउट अर्धशतकीय इनिङ्स खेलेका थिए। उनले ७२ बलको सामना गरी ६४ रन बनाए। यसक्रममा आकाशले पाँच चौका र चार छक्का प्रहार गरे। नेपालले पहिलो विकेट ५.२ ओभरमा गुमाएको थियो। अर्जुन कुमालले १२ बलमा १६ रन जोडे। उनी विकेटपछाडि अंश रुपेशबाट क्याचआउट भए।

त्यसपछि आकाशले उत्तम थापामगरसँग दोस्रो विकेटका लागि ९३ रनको अविजित साझेदारी गरेका थिए। उत्तमले ५० बलमा चार चौकाको सहयोगमा ३९ रनको योगदान दिए। नेपालले सात अतिरिक्त रन पाएको थियो। बलिङका क्रममा हङकङका डयानिल मार्गोनले १५ रन खर्चेर एक विकेट लिए।

#### हेमन्तको घातक बलिङ

हङकङले नेपाली बलरको सामना गर्न सकेन। ओपनर बलरद्वय हेमन्त धामी र आकाश चन्दले एकआपसमा पाँच विकेट लिँदा हङकङको ब्याटिङ कमजोर भयो। इनिङ्सको २.३ ओभरमै नेपाली बलरले हङकङको विकेट लिएका थिए। हेमन्तले नौ ओभरमा १९ रन खर्चेर तीन विकेट हात पारे। उनले तीन मेडन ओभर पनि फ्याँके। यसैगरी, आकाशले ८.३ ओभरमा ४३ रन खर्चंदै दुई विकेट लिए।

## खेल संक्षेप

### ज्ञानोदय क्वार्टरफाइनलमा

**काठमाडौं**/ ज्ञानोदय र त्रिज्योति ११औं लोयल्टी कप अन्तरविद्यालय जुनियर छात्र फुटबल प्रतियोगितामा सोमबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। समूह एबाट त्रिज्योति विजेता र ज्ञानोदय उपविजेता हुँदै अन्तिम आठमा पुगेका हुन्। त्रिज्योतिले लोयल्टी 'बी'लाई ४-० ले पराजित गर्‍यो। अर्को खेलमा त्रिज्योतिले ज्ञानोदयसँग १-१ को बराबरी खेल्यो। ज्ञानोदयले लोयल्टी 'बी'लाई २-१ ले पन्छायो। समूह 'सी'बाट लिटिल एन्जल्स विजेता तथा काठमाडौं भ्याली उपविजेता बन्दै क्वार्टरफाइनलमा पुगेका छन्। लिटिल एन्जल्सले काठमाडौं भ्यालीलाई ११-० तथा रिलायन्सलाई ७-१ गोलले पाखा लगायो। काठमाडौं भ्यालीले रिलायन्समाथि ४-२ को जित निकाल्यो। प्रतियोगितामा आयोजकको दुईसहित १२ टोली सहभागी छन्। फाइनल १९ फागुनमा हुनेछ।

### सिसिआरसी र जेभियरलाई उपाधि

**काठमाडौं**/ सिसिआरसी र जेभियरले छैटौं हिसान खेलकुद सप्ताहअन्तर्गत बास्केटबलको उपाधि सोमबार जितेका छन्। सिसिआरसी पुरुष तथा जेभियर महिलामा च्याम्पियन बनेका हुन्। सिसिआरसीले हिमालयन ह्वाइट हाउसलाई ६१-४६ ले पराजित गर्‍यो। सिसिआरसीका समीप खत्रीले ३२ स्कोर गरे। महिलातर्फको उपाधि भिडन्तमा जेभियरले साइपाल एकेडेमीलाई २४-१७ ले हरायो। जेभियरकी सृष्टि राईले १० स्कोर गरिन्। पुरुषमा सिसिआरसीका समीप र महिलामा जेभियरकी कृति चौधरी 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए।

### पिस प्वाइन्टले नेपाललाई हरायो

**काठमाडौं**/ आयोजक पिस प्वाइन्ट र सिद्धार्थ वनस्थली पाँचौं पिस प्वाइन्ट कप अन्तरविद्यालय छात्र फुटबल प्रतियोगितामा सोमबार फाइनलमा प्रवेश गरेका छन्। सिद्धार्थ र पिस प्वाइन्ट टाइब्रेकरमा विजयी भएका थिए। पिस प्वाइन्टले नेपाल तारालाई ३-१ ले पराजित गर्‍यो। निर्धारित समय गोलरहित बराबरीमा सकिएको थियो। नेपाल ताराका आर्यन दाहालले गोल गरे। पिस प्वाइन्टका गोलरक्षक सविन सिलवाल 'म्यान अफ दी म्याच' घोषित भए। सिद्धार्थ वनस्थलीले छहारीलाई ३-२ गोलले हरायो। निर्धारित समयको खेल १-१ को बराबरीमा टुंगिएको थियो।

### राष्ट्रपति रनिङ सिल्ड सुरु

**धनगढी**/ कैलालीमा १३औं जिल्लास्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सोमबारदेखि सुरु भएको छ। धनगढी रंगशालामा भइरहेको प्रतियोगितामा विभिन्न विद्यालयका एक हजारभन्दा बढी विद्यार्थीको सहभागिता रहेको जिल्ला खेलकुद विकास समितिले जनाएको छ। प्रतियोगितामा भलिबल, कबड्डी, एथलेटिक्स, कराँते, उसु र तेक्वान्दो गरी ६ खेल समावेश भएको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष ललित खत्रीले जानकारी दिएका छन्।

प्रतियोगिताबाट छनोट भएर आएका खेलाडी जिल्लास्तरीयमा सहभागी रहेका उनले बताए। प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी सुदूरपश्चिम प्रदेशस्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा छनोट हुने खत्रीले जनाए।

# ७२ घन्टामा चार खेल खेल्दै मच्छिन्द्र

## दुई सेमिफाइनल खेलिसकेको मच्छिन्द्रले दुई फाइनलसहित चार खेल पूरा गर्नेछ

**रमेश सुवेदी/नयाँ पत्रिका**
**काठमाडौं, १५ फागुन**

सहिद स्मारक ए डिभिजन लिगको पूर्वसन्ध्यामा साबिक विजेता मच्छिन्द्र फुटबल क्लबले ७२ घन्टाभित्र चार खेल खेल्ने भएको छ। लिगको तयारीस्वरूप चलिरहेको नकआउट फुटबल प्रतियोगितामा मच्छिन्द्रले दुईवटाको फाइनल खेल पक्का गरेको छ। मच्छिन्द्रले फिफाको नियमविपरीत चार दिनमा लगातार चार खेल खेल्ने तयारी गरेको छ। विश्व फुटबलको सर्वोच्च निकाय फिफालाई आधार मान्दा एक खेलपछि खेलाडीले कम्तीमा २४ घन्टा आराम गर्न पाउनुपर्छ। तर, मोफसलमा चलिरहेको गोल्डकप र सातदोबाटोमा चलिरहेको नकआउट फुटबल प्रतियोगितामा सहभागी भइरहेका क्लबहरूले फिफाको नियम पालना गरिरहेका छैनन्।

ए डिभिजनमा सहभागी सबैजसो क्लबले नकआउट र गोल्डकप फुटबल प्रतियोगिता खेल्न भ्याइरहेका छन्। जसका कारण खेलाडी चोटग्रस्त हुने सम्भावना औधी बढेको छ। मच्छिन्द्र सातदोबाटोमा चलिरहेको केपी ओली कप र भद्रपुर-झापा गोल्डकपको फाइनलमा पुगेको छ। मच्छिन्द्रले दुवै प्रतियोगितामा उपविजेता पक्का गरेको छ।

लगातार दुईपटक सहिद स्मारक ए डिभिजन लिग विजेता मच्छिन्द्रले बुधबारको फाइनलसहित पछिल्लो १४ दिनमा ९ खेल पूरा गर्नेछ। 'लगातार खेल्दा पक्कै समस्या छ, तर खेल्नु पनि पर्नेछ,' मच्छिन्द्रका प्रशिक्षक प्रवेश कटवालले भने, 'पक्कै पनि यस्तो किसिमको खेल तालिका राम्रो होइन, यसले खेलाडीलाई चोटग्रस्त बनाउने सम्भावना छ।' अखिल नेपाल फुटबल संघ (एन्फा)ले १९ फागुनदेखि ए डिभिजन लिग आयोजना गर्दै छ।

### खेलाडीले आराम पाएनन्

'लिगअघि खेलाडीले विश्राम र आराम पाउनुपर्ने हो, तर लगातार खेल्दा खेलाडी थकित छन्,' कटवालले भने, 'खेलाडी कति घाइते भएका छन्, हामीले राम्रोसँग हेर्न पनि पाइरहेका छैनौं।' सोमबार सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा मच्छिन्द्रले आयोजकको केपी एफसीलाई १-० ले पराजित गर्दै अन्तिम दुई स्थान बनायो। मच्छिन्द्रको जितमा राष्ट्रिय फुटबल टोलीका खेलाडी विमल घर्तीमगरले १९औं मिनेटमा विजयी गोल गरे। रजिन धिमालले मिलाएको बललाई बक्सभित्र नियन्त्रणमा लिँदै विमलले उत्कृष्ट गोल गरेका थिए। विमलको निर्णायक गोलमा दुई दिनको अन्तरमा मच्छिन्द्र फाइनलमा प्रवेश गर्‍यो। गत साता मच्छिन्द्रले सर्लाहीमा आयोजना भएको राजर्षि जनक फुटबल प्रतियोगिता उपाधि जितेको थियो। यस सिजन मच्छिन्द्र तेस्रो नकआउट प्रतियोगिता जित्ने लक्ष्यमा छ। आइतबार भद्रपुर-मेची रंगशालामा विभागीय टोली एपिएफ फुटबल क्लबलाई १-० ले नै पराजित गर्दै मच्छिन्द्र उपाधिनजिक पुगेको थियो।



### विमल घाइते

केपी एफसीविरुद्ध निर्णायक गोल गरेका स्ट्राइकर विमल घाइते भएका छन्। दोस्रो हाफको अन्तिम समयमा विमल घाइते हुँदा मंगलबार भद्रपुरमा विमल मैदानमा उत्रनेछैनन्। विमलको खुट्टामा चोट लागेको छ। 'विमल भद्रपुरमा आर्मीविरुद्ध हुनेछैनन्,' प्रशिक्षक कटवालले भने। प्रशिक्षक कटवालले पूर्ण रूपमा तयार नभएपछि कप्तान सुजल र विदेशी खेलाडी आफिज ओलावालेलाई भद्रपुरमै विश्राम दिएका थिए।

दुवै खेलाडी एन्फा कम्प्लेक्सको सेमिफाइनलमा उपलब्ध भएनन्। 'सुजल र आफिज एक दिनको विश्रामपछि फर्कने विश्वास लिएको छु, विमलको स्थान आफिजले लिएपछि हामीलाई सहज हुन्छ,' कटवालले भने। पछिल्लो दुई सिजन मनाङ मर्स्याङ्दी क्लबबाट खेलेका आफिज यसै सिजन मच्छिन्द्रसँग अनुबन्ध भएका छन्। प्रशिक्षक कटवालले आर्मी बलियो टोली रहेको र सजग हुँदै खेल्ने बताए। 'आर्मीको युवा टोलीले संकटाविरुद्ध (सेमिफाइनल खेल) निकै राम्रो खेलेको छ। त्यसैले सजग भएर खेल्नेछौं,' उनले भने।



# पारसलाई मनास्लु खेलकुद सम्मान

**काठमाडौं**/ मनास्लु वर्ल्ड कलेजले राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान पारस खड्कालाई सोमबार मनास्लु खेलकुद सम्मान प्रदान गरेको छ। मनास्लुले आफ्नो २५औं स्थापना दिवसका अवसरमा नेपाली क्रिकेटलाई माथि उठाउन महत्त्वपूर्ण योगदान गरेको जनाउँदै पारसलाई खेलकुद क्षेत्रबाट सम्मान गरेको हो। सम्मानित व्यक्तित्वहरूलाई संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदी र मनास्लुका चेयरम्यान गेन्द्र लामालगायतले दोसल्लाका साथै प्रशंसापत्र प्रदान गरी सम्मान गरेका छन्। मनास्लुका कक्षा १२ अध्ययन गरिसकेका विद्यार्थीलाई बिदाइ गरिएको थियो भने कक्षा ११ भर्ना भएकालाई स्वागत गरिएको थियो।

# पाँचपटकको विजेता पुलिस क्वार्टरफाइनलबाटै बाहिरियो

**नयाँ पत्रिका**
**धरान, १५ फागुन**

पाँचपटकको बुढासुब्बा गोल्डकप फुटबल प्रतियोगिताको विजेता नेपाल पुलिस क्लब क्वार्टरफाइनलबाट बाहिरिएको छ। २३औं संस्करणको सोमबार भएको खेलमा पुलिस काँकडभिट्टा फुटबल ट्रेनिङ सेन्टर (केएफटिसी) सँग पहिलो खेलमा २-० ले पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको हो।

केएफटिसीले पहिलो तथा दोस्रो हाफमा समान एक गोल गरेको थियो। केएफटिसीलाई सेमिफाइनलमा पुर्‍याउने क्रममा निशान लिम्बूले खेलको २०औं तथा ८१औं मिनेटमा गोल गरेका थिए। उनले नै खेलको म्यान अफ दी म्याच हुँदै १० हजार रुपैयाँ हात पारे। पुलिसले दोस्रो, चौथो, पाँचौं, १०औं र १९औं संस्करणको बुढासुब्बा जितेको थियो।

गोल्डकपकै अनुभवी टोली पुलिसले केएफटिसीविरुद्ध राम्रो प्रदर्शन गर्न सकेन। केएफटिसी राष्ट्रिय खेलाडीहरूले भरिएको थियो। केएफटिसीले पुलिसको रणनीति बुझ्दै सुरुमा रक्षात्मक खेल खेल्यो। भद्रपुर-झापा गोल्डकपमा चर्च ब्वाइज क्लबसँग पराजित भएसँगै जुमानु राईको कप्तानीमा पुलिस बुढासुब्बा गोल्डकप खेल्न आएको हो। पुलिसका अनुभवी खेलाडीहरू भोला सिलवाल, सुमन सुवेदी, सन्तोष हेमरन, बुद्ध लामा, हेम तामाङ र मानबहादुर परियारले धरानमा गतिलो खेल्न सकेनन्। पुलिसका प्रशिक्षक सञ्जीव जोशीले खेलाडीहरूले राम्रो खेल खेल्न नसकेको बताए।

नेपालको पहिलो गैरसरकारी बाल अस्पतालमा सबै प्रकारका खोपहरू आइतबार देखि शुक्रबारसम्म बिहान ९:00 बजेदेखि बेलुका ५:00 बजेसम्म लगाइन्छ र INFLUENZA, RABIES, T.T, D.T २४ सै घण्टा लगाइन्छ।
विस्तृत जानकारीको लागि ०१-४९५९५६० मा सर्म्पक गर्नुहोला



ईशान बाल तथा महिला अस्पताल प्रा. लि.
ISHAN CHILDREN AND WOMEN'S HOSPITAL PVT. LTD.
Basundhara, KTM, Tel: 01-4954537, 9869526159
Website: www.ishanhospital.com.np

RBPL
RHODODENDRON BIO-TECH PVT. LTD.
VACANCY ANNOUNCEMENT

RBPL is a pioneer and leading pharmaceutical company in the field of Hemodialysis Fluid. Under its expansion and addition of products portfolio,RBPL is seeking for qualified, competent and dedicated candidates for following positions:

1. **Finance Manager : (1) FM**
   Masters degree preferably CA/MBA with experience of 5 years or more, capable to produce financial reports, manage investment activities, and create strategies and plans for the long-term financial goals with sound knowledge of procurement through banks and other financial institutions, Provide financial insight and analysis to drive the business performance of the organization, Manage and monitor metrics, KPI tracking, and reports.
2. **Environment Health & Safety Officer : (1) EHS**
   Masters / Bachelor degree in relevant field with minimum 1 year experience. Developing, implementing, and improving the health and safety plans, programme and procedures in the workplace. Ensuring compliance with relevant health and safety legislation. Identifying OHS-related training needs in the workplace. Conducting safety inspections and risk assessments.
3. **Account Officer : (1) AO**
   Masters / Bachelor degree in relevant field with minimum 1 year experience.
4. **Account Assistant : (1) AA**
   Bachelor degree in relevant field with minimum 1 year experience OR Fresher.
5. **Procurement Officer : (1) PO**
   Masters / Bachelor degree in relevant field with minimum 1 year experience.
6. **HR/ Admin Officer: (1) HRA**
   Masters / Bachelor degree in relevant field with minimum 1 year experience.
7. **Office Assistant : (1) OA**
   Minimum +2 with valid two wheeler license , preferably Male.

FOR MARKETING DEPARTMENT :

8. **Territory Sales Manger : (1) TSM**
   Head Quarter Kathmandu with frequent visit to allover Nepal, Bachelor Degree with minimum 1 year of experience as RSM in a reputed pharmaceutical organization.
9. **Area Sales Manager : (3) ASM**
   Head Quarter Kathmandu/ East/ West with frequent visit, Bachelor Degree with minimum 1 year of experience as ASM in a reputed pharmaceutical organization.
10. **Sales Officers: (7) SO**
   Head Quarter KTM/PKR/NPJ/BTL/NGT/JNP/BRT Bachelor Degree with minimum 1 year of experience as MR in a reputed pharmaceutical organization.

Interested Nepalese citizens are requested to send their updated resume and cover letter to below mentioned email address within the date of 25th Falgun 2079 (9th March 2023)

**vacancy@rbpl.com.np, rhodovacancy@gmail.com**
(Requested to mention post title in the subject)

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com